योग्यता
निष्पक्षता
स्वच्छता
समावेशीता

# तेश्रो वार्षिक प्रतिवेदन

प्रतिवेदन अवधि

आर्थिक वर्ष २०७८/७९

(२०७८ साउन १ - २०७९ असार मसान्त)

प्रकाशक

**प्रदेश लोक सेवा आयोग**

प्रदेश नं. १, विराटनगर, नेपाल

प्रदेश लोक सेवा आयोग, प्रदेश नं. १, विराटनगर, नेपाल


**सम्पर्क**
प्रदेश लोक सेवा आयोग

**ठेगाना**
विराटनगर म.न.पा.-४, खार्जी, मोरङ, नेपाल

**टेलिफोन**
००-९७७-०२१-४२१०७७ (माननीय अध्यक्षज्यू)
००-९७७-०२१-४२१०७६ (माननीय सदस्यज्यूहरू)
००-९७७-०२१-४२१०७८ (सचिव)
००-९७७-०२१-४२१०७५ (कार्यालय)

**इमेल**
province1psc@gmail.com

**वेवसाईट**
http://psc.p1.gov.np

**मुद्रक**
गजुरमुखी प्रिन्टर्स, विराटनगर-११

नेपालको संविधानको धारा २४४ बमोजिम स्थापित प्रदेश लोकसेवा आयोगद्वारा
प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ बमोजिम माननीय प्रदेश प्रमुखज्यू
समक्ष प्रस्तुत गरिएको तेश्रो वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा प्रदेश लोक सेवा आयोगका २०७८ साउन १ देखि २०७९ असार
मसान्तसम्मका गतिविधिहरू समावेश गरिएका छन्।

# प्रदेश लोक सेवा आयोग

प्रदेश नं. १, विराटनगर, नेपाल

मितिः २०७९/०५/२९

**विषयः आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको।**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय
प्रदेश नं. १, विराटनगर, नेपाल।

नेपालको संविधानको धारा २४४ अन्तर्गत स्थापना भएको प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को परिच्छेद ७, दफा ४९ बमोजिम आर्थिक वर्ष २०७८/७९ (मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्म) मा सम्पादन गरेका काम-कारवाहीहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

भवदीय,

............................
उत्तम कुमार भट्टराई
अध्यक्ष

............................
टीकादत्त राई
सदस्य

............................
सजना दाहाल
सदस्य

............................
वावुराम खतिवडा
सचिव

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू



उत्तम कुमार भट्टराई
अध्यक्ष



टीकादत्त राई
सदस्य



सजना दाहाल
सदस्य



वावुराम खतिवडा
सचिव

# धन्यवाद ज्ञापन

सार्वजनिक प्रशासनमा योग्यता प्रणालीले विश्वव्यापी मान्यता ग्रहण गरिसकेको छ। वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानले तीन तहको सरकार रहने व्यवस्था गरे बमोजिम प्रदेश तथा स्थानीय तहको सार्वजनिक प्रशासनमा जनशक्ति परिपूर्ति गर्ने अभिभारा यस प्रदेश लोक सेवा आयोगमा निहित रहेको छ। प्रदेश लोक सेवा आयोग ऐन २०७६ बमोजिम गठित यस आयोगले सार्वजनिक प्रशासनलाई सक्षम, सबल, सुधारमुखी बनाउन स्वच्छता, निष्पक्षता तथा योग्यता प्रणालीका आधारमा प्रदेश र स्थानीय तहतर्फको योग्य एवं दक्ष जनशक्ति छनौट गर्ने उद्देश्य अनुरुप कार्यरत यस प्रदेश लोक सेवा आयोगले आफ्नो तेश्रो वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको छ।

सुशासनयुक्त सार्वजनिक सेवाद्वारा जनताको घरदैलोसम्म सेवा प्रवाह गर्ने सरकारको उद्देश्यमा उपयुक्त, योग्य र दक्ष जनशक्तिको खोजी गर्दै प्रदेश र स्थानीय तह एवम् अन्य तोकिएका संस्थाहरूमा उपयुक्त उम्मेदवारको छनौट गरी पदपूर्तिका लागि सिफारिस गर्नु प्रदेश लोक सेवा आयोगको मुख्य कर्तव्य हो। आयोगको कार्य सम्पादन एवं कर्तव्यपालनको सिलसिलामा गर्नुपर्ने विविध कार्यहरूमा सरोकारवाला सबैको साथ र सहयोग अपरिहार्य छ।

यस प्रतिवेदन अवधिमा आयोगको कार्यसम्पादनमा आवश्यक साधन श्रोत तथा जनशक्ति लगायतको व्यवस्थापनमा सहयोग पुर्‍याउनु हुने प्रदेश सरकार, माननीय मुख्यमन्त्रीज्यू, प्रमुख सचिवज्यू एवं प्रदेश मन्त्रालय र प्रदेश सचिवज्यूहरू लगायत सम्पूर्णमा आयोग धन्यवाद एवं आभार प्रकट गर्दछ।

यस आयोगको पाठ्यक्रम तथा प्रश्नपत्र निर्माणमा सहयोग पुर्‍याउनु हुने दक्ष एवं विज्ञहरू, परीक्षाका लागि भवन उपलब्ध गराउने विद्यालयहरू, परीक्षामा संलग्न सम्पूर्ण कर्मचारी, सुरक्षाकर्मी लगायत सम्पूर्ण सहयोगी महानुभावहरूप्रति आयोग हार्दिक कृतज्ञता व्यक्त गर्दछ।

यो प्रतिवेदनको भाषा सम्पादन गर्नु हुने नेपाली विषय विज्ञ प्रा.डा. वावुराम तिमल्सेनाको सहयोग अविस्मरणीय रहेको छ। कार्यालयको सुरक्षाको जिम्मा लिनुहुने प्रदेश प्रहरी र प्रदेश नं. १ का नायब प्रहरी महानिरीक्षकप्रति पनि आयोग आभारी छ। त्यस्तै, यस आयोगबाट सञ्चालित परीक्षाको नतिजा प्रकाशनका सन्दर्भमा लोक सेवा आयोग (संघीय)बाट प्राप्त प्राविधिक सहयोगप्रति धन्यवाद व्यक्त गर्नु यो आयोग आफ्नो कर्तव्य ठान्दछ।

अन्त्यमा, तेश्रो वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई आयोग धन्यवाद ज्ञापन गर्दछ।

२०७९ साल भाद्र महिना २९ गते

# ऐतिहासिक घटनाक्रम

२०७२/०६/०३
नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था

२०७६/०५/१७
प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी

२०७६/१०/०९
प्रथम पटक प्रदेश लोक सेवा आयोगको गठन, पदाधिकारीको शपथ र आयोगको स्थापना

२०७६/११/०१
प्रदेश लोक सेवा आयोगको भाडामा लिइएको भवनमा कार्यालय स्थापना

२०७७/३/२९
प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ जारी

२०७७/१२/३०
प्रदेश लोक सेवा आयोगले पहिलो विज्ञापन प्रकाशन गरी पदपूर्तिको प्रक्रियाको शुरुवात

२०७८/०४/२९
प्रदेश लोक सेवा आयोगले प्रथम पटक लिखित परीक्षा सञ्चालन

२०७८/०९/०६
प्रदेश लोक सेवा आयोगबाट प्रथम पटक उम्मेदवार सिफारिस

२०७९/०३/०९
प्रदेश लोक सेवा आयोगको प्रतीक चिन्ह (Logo) पारित गरी प्रयोगमा ल्याइएको

# कार्यकारी सारांश

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को परिच्छेद ७, दफा ४९ मा भएको व्यवस्था अनुरूप माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश गर्ने प्रयोजनार्थ यस आयोगले वितेको आर्थिक वर्ष २०७८/७९ को अवधिभर सम्पादन गरेका मुख्य मुख्य कामकारवाहीको विवरणहरूलाई यथासम्भव तथ्यांकगत प्रस्तुतिसहित पुस्तकाकार रूपी तेश्रो वार्षिक प्रतिवेदन तयार पारिएको छ। आयोगको यो तेश्रो वार्षिक प्रतिवेदनमा समेटिएका विषयहरूको सारांश देहाय बमोजिम रहेको छ।

## १. पाठ्यक्रम निर्माण

यो प्रतिवेदन अवधिभन्दा अगाडि नै विभिन्न सेवा, समूह तथा तहका प्रदेश निजामती सेवातर्फ कूल २९ वटा तथा स्थानीय सरकारी सेवातर्फ ३० वटा पाठ्यक्रम निर्माण भई प्रयोगमा रहेका छन् भने यस प्रतिवेदन अवधिमा प्रशासन सेवा, सा.प्र/लेखा समूह, सहायकस्तर चौथो तहको आन्तरिक प्रतियोगितातर्फको १ वटा पाठ्यक्रम निर्माण भई जम्मा ६० वटा पाठ्यहक्रमहरू प्रयोगमा रहेका छन्। (परिच्छेद-४)

## २. विज्ञापन

यस प्रतिवेदन अवधिमा आयोगको कार्यक्षेत्रभित्र समेटिने सार्वजनिक निकायहरू मध्ये केही स्थानीय तहहरूबाट मात्र नियमानुसार रिक्त पदपूर्तिका लागि आयोगमा माग भए अनुरूप आयोगको वार्षिक कार्यतालिकामा निर्धारित समयावधि अनुसार कूल ७ सय ४५ पदको विज्ञापनका लागि प्रतिशत निर्धारण गरिएको थियो। प्रतिशत निर्धारण भए बमोजिम यस अवधिमा २ वटा आन्तरिक प्रतियोगितात्मक, २७ वटा खुला प्रतियोगितात्मक र १८ वटा विभिन्न समावेशी समूहका विज्ञापन गरी जम्मा ४७ वटा विज्ञापनहरू प्रकाशित गरिएको थियो। उक्त विज्ञापनहरूबाट आ.प्र.तर्फ २३ पद, खुला प्रतियोगितातर्फ ४ सय ५६ पद तथा महिला, आदिवासी/जनजाति, मधेशी र दलित समूहका समावेशी प्रतियोगितातर्फ जम्मा ९८ गरी कूल जम्मा ५ सय ७७ पदका लागि दरखास्त माग गरिएको थियो। (परिच्छेद-५)

## ३. दरखास्त

प्रतिवेदन अवधिमा प्रकाशित विज्ञापनका लागि आयोगमा आ.प्र. तथा खुला विज्ञापनतर्फ आयोगको अनलाइन दरखास्त प्रणालीमार्फत ९६ हजार ९ सय ५२ दरखास्त प्राप्त भएका छन्। आ.प्र. तथा समावेशीतर्फका दरखास्तदाताको तथ्यांक खुला र अन्य समावेशी समूहमा समेत दोहोरिने हुँदा समावेशी समूहसमेतको कूल तथ्यांक १ लाख ३३ हजार ८ सय ५८ हुन आएको देखिन्छ। जसमा आ.प्र.तर्फ ३ सय ५०, खुलातर्फ ९५ हजार ७ सय ८१, समावेशी समूह अन्तरगत महिला २२ हजार ४ सय ९५, आ.ज. ७ हजार ८ सय ५७, मधेशी ६ हजार ५ सय ७१ र दलित ८ सय ४ को संख्यामा दरखास्त प्राप्त भएका छन्। (परिच्छेद-५)

## ४. लिखित परीक्षा

विज्ञापित पदमा उपयुक्त उम्मेदवार छनौट गर्नका लागि प्रतिवेदन अवधिमा आयोगबाट विभिन्न सेवा, समूहका विभिन्न तह र पदहरूका लागि कूल ८७ सेट परिमार्जित प्रश्नपत्र तयार गरी लिखित परीक्षा संचालन गरिएको थियो भने अधिकृत छैटौं तहको पदहरूको परीक्षा संचालन हुने चरणमा रहेको छ। स्थानीय सरकारी सेवातर्फ विज्ञापन गरिएका आ.प्र., खुला र समावेशी प्रतियोगिताका ४७ वटा विज्ञापन मध्ये ३५ वटा विज्ञापनका कूल ५ सय ३३ पदका लागि लिखित परीक्षा संचालन गरिएको थियो। जसमध्ये पाठ्यक्रम अनुसार कतिपय विज्ञापनहरूमा एक चरणको र कतिपयमा दुई चरणको लिखित परीक्षा संचालन भएका थिए। सो अनुसार प्रतिवेदन अवधिमा कूल ५३ हजार ७ सय ७ जना परीक्षार्थीहरू एक चरण र प्रथम चरणको लिखित परीक्षामा सम्मिलित भएका थिए भने जम्मा १ हजार २ सय १ जना परीक्षार्थीहरू द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित भएका थिए। ती परीक्षाहरूमा अनियमितता गर्ने जम्मा ७ जना उम्मेदवारहरू कारवाहीमा परेका थिए। (परिच्छेद-६)

## ५. उत्तरपुस्तिका संकेतीकरण र परीक्षण

यस आयोगबाट प्रतिवेदन अवधिमा लिइएका विभिन्न सेवा, समूहका परीक्षाहरूका ३३ हजार ५ सय १८ वस्तुगत एवं १ हजार २ सय १ विषयगत गरी जम्मा ३४ हजार ७ सय १९ थान उत्तरपुस्तिकाहरूमा प्रथम र दोश्रो संकेत नम्बर राखी संकेतीकरण गरेर सोको उत्तर खण्ड र विवरण खण्ड छुट्याइएको थियो। यस अवधिमा संचालित प्रशासन सेवातर्फको सहायक चौथो र पाँचौ तहका परीक्षाहरूमा प्रयोग भएका २० हजार १ सय ८९ OMR Sheet का उत्तरपुस्तिकाहरूलाईसमेत विवरण खण्ड र उत्तरखण्ड गरी दुई अलग अलग भागमा छुट्याउने कार्य सम्पादन भएको थियो।

यस अवधिमा ३३ हजार ५ सय १८ वस्तुगत, १ हजार २ सय १ विषयगत र २० हजार १ सय ८९ OMR Sheet गरी कूल ५४ हजार ९ सय ८ थान उत्तरपुस्तिकाहरू विज्ञहरूबाट परीक्षण गरिएको थियो। (परिच्छेद-६)

## ६. अन्तर्वार्ता र सिफारिस

प्रतिवेदन अवधिमा विभिन्न २२ वटा विज्ञापनमा संचालित विभिन्न चरणका परीक्षाहरूबाट छनौट भएका कूल ६ सय जना उम्मेदवारहरूको अन्तर्वार्ता संचालन गरी विभिन्न सेवा, समूह र तहहरूमा माग पद संख्या अनुरूप जम्मा २ सय ८० जना उम्मेदवारहरूलाई नियुक्तिका लागि सम्बन्धित स्थानीय तहहरूमा सिफारिस गरी पठाइएको छ। (परिच्छेद-७)

## ७. पदपूर्तिमा समावेशीता

सार्वजनिक सेवामा समावेशीकरणका लागि राज्यले अवलम्वन गरेको सकारात्मक विभेदको नीति

अनुरूप यस आयोगले प्रतिवेदन अवधिमा गरेको प्रतिशत निर्धारण, विज्ञापन, परीक्षा र सिफारिसका सबै चरणहरूमा समावेशीतालाई अनुशरण गरी विभिन्न समावेशी समूहतर्फ जम्मा १८ वटा विज्ञापनमा जम्मा ९८ वटा पदका लागि विज्ञापन प्रकाशन गरी सोही अनूरूप परीक्षा संचालन गरेको र यसरी संचालित परीक्षाका चरणहरूबाट महिला, आ.ज. र मधेशीतर्फ गरी ५२ जना समावेशी समूहका उम्मेदवारहरूलाई नियुक्तिका लागि सम्बन्धित स्थानीय तहहरूमा सिफारिस गरी पठाइएको छ। (परिच्छेद-८)

## ८. परामर्श

प्रतिवेदन अवधिमा कानून बमोजिम आयोगबाट परामर्श प्रदान हुने विषयहरूमा परामर्श प्रदान गर्नुपर्ने अवस्था नआएको हुँदा यस अवधिमा कुनै परामर्श प्रदान गरिएन। यसरी परामर्श प्रदान गर्नु नपर्नाको मुख्य कारण भने प्रदेश सरकार तथा स्थानीय तहहरूले कर्मचारीहरूको सेवा, शर्त सम्बन्धी कानूनको तर्जुमा तथा विद्यमान कानूनको पालनामा देखाएको चरम उदासिनता नै हो भन्ने आयोगको ठम्याई रहेको छ। (परिच्छेद-९)

## ९. कार्यसम्पादनका आधार

नेपालको संविधानको धारा २४४ को व्यवस्था तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र विभिन्न समयमा निर्माण भएका कानूनहरूले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकारहरूका अतिरिक्त सङ्गठनात्मक संरचना र योग्यता, स्वच्छता, निष्पक्षता, समान अवसरको प्रत्याभूति, गोपनियता र समावेशिता लगायतका लोक सेवाका स्थापित सिद्धान्तहरू नै यस आयोगको कार्यसम्पादनका मुख्य आधारहरू रहेका छन्। (परिच्छेद-२)

## १०. प्रशासनिक, भौतिक तथा वित्तीय स्थिति

यस प्रतिवेदन अवधिमा आयोगले ४३ वटा वैठक बसी १ सय २८ वटा विभिन्न निर्णयहरू गरेको छ। आयोगले गरेका निर्णयहरूमध्ये धेरै परीक्षा, अन्तर्वार्ता तथा नतिजासँग सम्बन्धित छन्।

कूल विनियोजित बजेट रु. ८ करोड ४२ लाख ४१ हजार मध्ये प्रदेश सरकारको अनुरोधमा रु ५६ लाख ७३ हजार बजेट समर्पण गरिएको थियो। यसरी समर्पण गरी बाँकी रहेको खुद विनियोजित रकम रु ७ करोड ८५ लाख ६८ हजारमा ८०.५५% वित्तीय प्रगति भएको छ।

आयोगमा कूल अस्थायी स्वीकृत दरवन्दी ३३ मध्ये २४ पद पूर्ति भई ९ वटा पद रिक्त रहेका छन्। यद्यपि आयोगबाट आफ्नो कार्य सम्पादनका लागि विराटनगर कार्यालयका लागि ५२ र ३ वटा शाखा कार्यालयका लगि ९ समेत जम्मा ६१ दरबन्दी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष अनुरोध गरिएको छ। (परिच्छेद-३)

## ११. संस्थागत सुधार

स्थापनाकालमा कार्यालय संचालन भइरहेको भवन साँघुरो भएका कारण विराटनगर म.न.पा. वडा

नं. ४, खार्जीस्थित करिब १० हजार ८ सय वर्ग फिट क्षेत्रफलमा बनेको भाडाको निजि भवनमा मिति २०७९ असार २० गते देखि कार्यालय स्थानान्तरण गरी कार्यसंचालन शुरू गरिएको छ। नयाँ भवनमा आवश्यकता अनुसार सवारी साधन लगायतका कार्यालय सामानहरूको यथासम्भव व्यवस्था गरिएको छ।

आयोगले परीक्षार्थीहरूको सहजतालाई ध्यानमा राखी अनलाइन प्रणाली Province 1 Public Service Recruitment Management System (P1PSRMS) को व्यवस्था गर्नुका साथै सूचना प्रविधिको यथोचित प्रयोगको व्यवस्था मिलाएको छ। (परिच्छेद-१०)

## १२. क्षमता अभिवृद्धि

यस प्रतिवेदन अवधिमा आयोगलाई तोकिएका नियमित कार्यका अतिरिक्तस देहाय बमोजिमका विविध क्रियाकलापमा आयोगका पदाधिकारी तथा कर्मचारीको संलग्नता रहेको थियोः

लोक सेवा आयोगहरूको दोश्रो राष्ट्रिय सम्मेलन, बुटवलमा आयोगका पदाधिकारीहरू तथा सचिवले सहभागिता जनाउनु भएको थियो।

यस आयोगको आयोजनामा दोश्रो अन्तरप्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठी विराटनगरमा सम्पन्न गरिएको थियो।

लोक सेवा आयोगका मा.अध्यक्ष एवं लुम्बिनी प्रदेश लोक सेवा आयोगका मा.अध्यक्षबाट आयोगको भ्रमण र यस आयोगका मा.अध्यक्षबाट मधेश प्रदेश लोक सेवा आयोगको भ्रमण जस्ता कार्यक्रमबाट अनुभव आदानप्रदानको कार्य गरिएको थियो। (परिच्छेद-३)

## १३. ध्यानाकर्षण र सुझाव

आयोगको कामकारवाहीका सिलसिलामा सम्बन्धित निकायहरूप्रति वढुवाद्वारा पदपूर्ति गर्ने सम्बन्धमा, रिक्त पदपूर्तिका लागि माग गर्ने सम्बन्धमा, स्वास्थ्य सेवातर्फको पदपूर्ति सम्बन्धमा, स्थानीय तहहरूको गैरकानूनी पदपूर्ति एवं तह तथा स्तरवृद्धि सम्बन्धमा, आयोगका पदाधिकारीको सेवा शर्त सम्बन्धी कानून निर्माणका सम्बन्धमा र प्रदेश निजामती सेवा ऐन एवं स्थानीय सरकारी सेवा ऐन निर्माण सम्वन्धमा आयोगको ध्यानाकर्षण भएको छ। साथै ध्यानाकर्षण भएका विषयहरू समाधानका लागि आयोगले यथोचित सुझावहरूसमेत प्रस्तुत गरेको छ। (परिच्छेद-१२)

# संक्षेपीकरण

| | |
|---|---|
| अ.स.इ. : | असिस्टेन्ट सब-ईन्जिनियर |
| आ.ज. : | आदिवासी जनजाति |
| आ.प्र. : | आन्तरिक प्रतियोगिता |
| आ.ले.प. : | आन्तरिक लेखा परीक्षण |
| ईन्जि. : | ईन्जिनियरिङ्ग |
| उ.पु.: | उत्तरपुस्तिका |
| क.अ. : | कम्प्युटर अपरेटर |
| का.क्ष.मू.: | कार्यक्षमताको मूल्याङ्कन |
| कृ.प्र. : | कृषि प्रसार |
| जे.र का.स.मू.: | जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कन |
| दो.च.: | दोस्रो चरण |
| ना.प.से.प्राः | नायव पशु सेवा प्राविधिक |
| ना.प.स्वा.प्राः | नायव पशु स्वास्थ्य प्राविधिक |
| ना.प्रा.स. : | नायब प्राविधिक सहायक |
| ना.स्वा.प्रा. : | नायव स्वास्थ्य प्राविधिक |
| प.से.प्राः | पशु सेवा प्राविधिक |
| प.स्वा.प्राः | पशु स्वास्थ्य प्राविधिक |
| पु.: | पुरुष |
| प्र.च.: | प्रथम चरण |
| प्रा.स. : | प्राविधिक सहायक |
| म.: | महिला |
| म.वि.नि. : | महिला विकास निरीक्षक |
| ला.पो.एण्ड डे.डे. : | लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट |
| लि.प. : | लिखित परीक्षा |
| ले.प. : | लेखा परीक्षण |
| वि.नं. : | विज्ञापन नम्बर |
| शि.प्र. : | शिक्षा प्रशासन |
| स.इ. : | सब- इन्जिनियर |
| स.म.वि.नि. : | सहायक महिला विकास निरीक्षक |
| सा.प्र. : | सामान्य प्रशासन |
| OMR | Optical Machine Reading or Recognition |

# विषय सूची


| | |
|---|---|
| धन्यवाद ज्ञापन | i |
| ऐतिहासिक घटनाक्रम | ii |
| कार्यकारी सारांश | iii |
| संक्षेपीकरण | vii |

**परिच्छेद १**

**आयोगको परिचय**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमिः | १ |
| १.२ | आयोगको गठनः | २ |
| १.३ | काम, कर्तव्य र अधिकारः | २ |
| १.४ | प्रतिवेदनः | ३ |

**परिच्छेद २**

**आयोगको कार्यसम्पादनका आधारहरू**

| | | |
|---|---|---|
| २.१ | संस्थागत प्रबन्धः | ४ |
| २.२ | सङ्गठनात्मक संरचना र कार्यक्षेत्रः | ५ |
| २.३ | कार्यसम्पादनका सिद्धान्तहरूः | ६ |
| २.४. | कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाहः | ८ |
| २.५ | कार्यविभाजन र अधिकार प्रत्यायोजनः | १२ |

**परिच्छेद ३**

**प्रशासनिक, भौतिक तथा वित्तीय स्थिति**

| | | |
|---|---|---|
| ३.१ | बैठक तथा निर्णयः | १४ |
| ३.२ | आयोगको लोगो निर्माणः | १४ |
| ३.३ | आयोगको दरबन्दी र पदपूर्तिः | १५ |
| ३.४ | गोष्ठी सम्मेलन तथा क्षमता विकासः | १६ |
| ३.५ | अनुगमन निरीक्षणः | १८ |
| ३.६ | भौतिक पूर्वाधारः | १८ |
| ३.७ | पुस्तकालय सञ्चालनः | १८ |
| ३.८ | बजेट, निकासा र खर्चः | १९ |
| ३.९ | राजस्व र धरौटीः | १९ |
| ३.१० | बेरुजुः | २० |

### परिच्छेद ४
## परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम


| | | |
|---|---|---|
| ४.१ | परीक्षण प्रविधिः | २१ |
| ४.२ | शैक्षिक योग्यताः | २१ |
| ४.३ | पाठ्यक्रमः | २३ |


### परिच्छेद ५
## विज्ञापन र दरखास्त


| | | |
|---|---|---|
| ५.१ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको दरबन्दी र पदपूर्तिको अवस्थाः | ३० |
| ५.२ | पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकाः | ३० |
| ५.३ | प्रतिशत निर्धारणः | ३० |
| ५.४ | विज्ञापनः | ३२ |
| ५.५ | दरखास्तः | ३५ |


### परिच्छेद ६
## परीक्षा, परीक्षण र लिखित नतिजा


| | | |
|---|---|---|
| ६.१ | प्रश्नपत्र निर्माण र परिमार्जन | ४३ |
| ६.२ | लिखित परीक्षा | ४५ |
| ६.३ | उत्तरपुस्तिका संकेतीकरण | ४७ |
| ६.४ | लिखित परीक्षाको नतिजा | ४८ |
| ६.५ | प्रयोगात्मक तथा सीप-परीक्षण परीक्षा | ५१ |


### परिच्छेद ७
## अन्तर्वार्ता तथा सिफारिस


| | | |
|---|---|---|
| ७.१ | अन्तर्वार्ता | ५२ |
| ७.२ | सिफारिस | ५३ |


### परिच्छेद ८
## समावेशी पदपूर्ति


| | | |
|---|---|---|
| ८.१ | समावेशी समूहतर्फ विज्ञापन र दरखास्त | ६२ |
| ८.२ | समावेशी समूहतर्फ सिफारिस | ६२ |
| ८.३ | सिफारिसमा महिलाहरूको संख्यात्मक स्थिति | ६३ |


### परिच्छेद ९
## परामर्श र उजुरी


| | | |
|---|---|---|
| ९.१ | कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा परामर्श | ६४ |

| | | |
|---|---|---|
| ९.२ | कानून विपरित भएको पदपूर्ति तथा स्तरवृद्धि बदर सम्बन्धी निर्णय | ६४ |
| ९.३ | प्रदेश लोक सेवा आयोगलाई विपक्षी बनाई परेका रिट निवेदन | ६५ |


**परिच्छेद १०**

**संस्थागत सुधार र प्रविधिको प्रयोग**


| | | |
|---|---|---|
| १०.१ | संरचनागत सुधार | ६६ |
| १०.२ | प्रविधिको प्रयोग | ६६ |


**परिच्छेद ११**

**निर्णय तथा कार्यान्वयनको अवस्था**


| | | |
|---|---|---|
| ११.१ | आयोगको मुख्य मुख्य निर्णय तथा कार्यान्वयनको अवस्था | ६८ |


**परिच्छेद १२**

**ध्यानाकर्षण र सुझाव**


| | | |
|---|---|---|
| १२.१ | ध्यानाकर्षण भएका विषयहरू | ७४ |
| १२.२ | सुझावहरूः | ७७ |

# तालिकाहरु


| | | |
|---|---|---|
| तालिका नं. १ | पदाधिकारीहरूको कार्यविभाजन | १२ |
| तालिका नं. २ | आयोगको निर्णयहरूको विषयगत वर्गीकरण (आ.व. २०७८/७९) | १४ |
| तालिका नं. ३ | आयोगमा रहेको दरबन्दी तथा पदपूर्तिको विवरण | १५ |
| तालिका नं. ४ | आयोगको कूल बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण | १९ |
| तालिका नं. ५ | राजस्वको विवरण | १९ |
| तालिका नं. ६ | धरौटीको विवरण | २० |
| तालिका नं. ७ | शैक्षिक योग्यता सम्बन्धमा द्विविधा भएका विषयमा आयोगबाट भएको निर्णय | २२ |
| तालिका नं. ८ | प्रदेश निजामती सेवातर्फका पदहरूको निर्माण भएका पाठ्यक्रमको विवरण | २४ |
| तालिका नं. ९ | स्थानीय सरकारी सेवातर्फका विभिन्न पदहरूको निर्माण भएका पाठ्यक्रमको विवरण | २६ |
| तालिका नं. १० | प्रतिशत निर्धारणको विवरण (आ.व. २०७८/७९) | ३१ |
| तालिका नं. ११ | विज्ञापनहरूको संख्या र विज्ञापित पद संख्या | ३३ |
| तालिका नं. १२ | खुला र समावेशी समूहका विज्ञापन र पद संख्या | ३४ |
| तालिका नं. १३ | विज्ञापनको प्रकार अनुसार दरखास्त संकलन अवस्था | ३५ |
| तालिका नं. १४ | विज्ञापित पद अनुसार संकलित दरखास्त संख्या र प्रतिपद औसत दरखास्त | ३६ |
| तालिका नं. १५ | भौगोलिक क्षेत्र अनुसारको तहगत दरखास्त संख्या | ३७ |
| तालिका नं. १६ | प्रदेश अनुसारको तहगत दरखास्त संख्या | ३८ |
| तालिका नं. १७ | प्रदेश/जिल्लागत दरखास्त संख्याको विवरण | ३८ |
| तालिका नं. १८ | उम्मेदवारको रोजगारीका आधारमा दरखास्तको वर्गीकरण | ४० |
| तालिका नं. १९ | धर्मका आधारमा दरखास्तको वर्गीकरण | ४१ |
| तालिका नं. २० | अस्वीकृत दरखास्तको विवरण | ४२ |
| तालिका नं. २१ | प्रश्नपत्र निर्माण र परिमार्जन सम्बन्धी विवरण | ४३ |
| तालिका नं. २२ | प्रथम चरणको परीक्षामा सम्मिलित परीक्षार्थीको संख्या | ४५ |
| तालिका नं. २३ | लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको संख्या | ४६ |
| तालिका नं. २४ | लिखित परीक्षा सञ्चालन हुन नसकेका विज्ञापनहरू | ४७ |
| तालिका नं. २५ | उत्तरपुस्तिका परीक्षण सम्वन्धी विवरण | ४९ |
| तालिका नं. २६ | लिखित परीक्षाको नतिजा प्रकाशन सम्वन्धी विवरण | ५० |
| तालिका नं. २७ | प्रयोगात्मक तथा सीप-परीक्षण परीक्षा सम्बन्धी विवरण | ५१ |
| तालिका नं. २८ | विज्ञापन, परीक्षा, अन्तर्वार्ता र सिफारिसको एकीकृत विवरण | ५२ |

| | | |
|---|---|---|
| तालिका नं. २९ | विज्ञापनको प्रकार, लिङ्ग र तहगत आधारमा सिफारिस संख्या | ५३ |
| तालिका नं. ३० | सेवा/समूह तहगत तथा लिङ्गका आधारमा सिफारिस संख्या | ५४ |
| तालिका नं. ३१ | जिल्ला/स्थानीय तहमा सिफारिस भएका उम्मेदवारको विवरण | ५५ |
| तालिका नं. ३२ | भौगोलिक क्षेत्र तथा लिङ्ग अनुसार सिफारिस उम्मेदवार | ५७ |
| तालिका नं. ३३ | सिफारिस उम्मेदवारको लैङ्गिक तथा प्रदेशगत विवरण | ५८ |
| तालिका नं. ३४ | सिफारिस उम्मेदवारको लैङ्गिक तथा जिल्लागत विवरण | ५९ |
| तालिका नं. ३५ | वैकल्पिक उम्मेदवार सिफारिसको स्थानीय तहगत विवरण | ६० |
| तालिका नं. ३६ | आ.व. ०७८-७९ मा भएका समावेशी विज्ञापन र दरखास्त | ६२ |
| तालिका नं. ३७ | समावेशी समूहतर्फ सिफारिस संख्या | ६३ |
| तालिका नं. ३८ | तहगत आधारमा महिला सिफारिस संख्या | ६३ |
| तालिका नं. ३९ | आ.व. ०७८/७९ मा परेका रिट निवेदनहरूको विवरण | ६५ |
| तालिका नं. ४० | आयोगका निर्णय तथा कार्यान्वयनको अवस्था | ६८ |

## चित्रहरु


| | | |
|---|---|---|
| चित्र नं. १ | पदपूर्ति सम्बन्धी कार्यप्रवाह | ९ |
| चित्र नं. २ | आ.व. २०७८/७९ मा विज्ञापित पदसंख्या | ३३ |
| चित्र नं. ३ | विज्ञापित पदहरुको वर्गीकरण | ३४ |


## अनुसूचीहरु


| | | |
|---|---|---|
| अनुसूची १ | प्रदेश लोक सेवा आयोगको सम्बन्धमा हालसम्म भएका व्यवस्थाहरू | ७९ |
| अनुसूची २ | आयोगको प्रस्तावित स्थायी सङ्गठन संरचना | ८४ |
| अनुसूची २(क) | आयोगको स्वीकृत अस्थायी दरबन्दी तेरिज | ८५ |
| अनुसूची ३ | आ.व. ०७८/०७९ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | ८६ |
| अनुसूची ४ | विज्ञापन प्रकाशन | ८७ |
| अनुसूची ५ | प्रदेश लोक सेवा आयोगको प्रतीक चिन्ह (Logo) | १०५ |
| अनुसूची ६ | दोश्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठीको घोषणा-पत्र | १०६ |
| अनुसूची ७ | लोक सेवा आयोगको दोश्रो राष्ट्रिय सम्मेलनको घोषणा-पत्र र निर्णय | १०९ |
| अनुसूची ८ | आ.व. २०७८/७९ को बजेट निकासा र खर्चको विस्तृत विवरण | १११ |
| अनुसूची ९ | लिखित परीक्षामा अनियमितता गर्नेलाई गरिएको कारवाहीको विवरण | ११७ |
| अनुसूची १० | आयोगका विभिन्न क्रियाकलाप झल्कने फोटोहरू | ११९ |

परिच्छेद १

# आयोगको परिचय

## १.१ पृष्ठभूमिः

नेपालको संविधानले प्रत्याभूत गरेको अधिकार अन्तरगत प्रदेश नं. १ को प्रदेश सभाबाट जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम वि.स. २०७६ माघ ०९ गते प्रदेश लोक सेवा आयोगको विधिवत स्थापना भएको थियो। स्थापना कालदेखि नै यो आयोग आफ्नो अधिकार क्षेत्रभित्रका कार्यसम्पादनमा परिपक्वता र उत्कृष्टता हासिल गर्दै प्रणालीमा आधारित संस्थाको रूपमा विकसित हुँदै गइरहेको छ।

लोक सेवा आयोगको इतिहास हेर्दा राणा प्रधानमन्त्री पद्मसम्शेरको पालामा २००४ सालमा जारी भएको "नेपाल सरकारको वैधानिक कानून, २००४" मा सरकारी सेवामा योग्य, सक्षम र प्रतिस्पर्धी व्यक्तिहरूको भर्ना सुनिश्चित गर्ने उद्देश्यले दरखास्त परिषद्को प्रावधान राखिएको भएतापनि उक्त कानून लागू हुन नसकेको कारण परिषद्को स्थापना भई कार्यसञ्चालन हुन सकेन।

प्रजातन्त्रको स्थापनापछि जारी भएको नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६४ मा पब्लिक सर्भिस कमिशनको व्यवस्था गरिएको थियो। संविधानमा व्यवस्था भए अनुसार वि.स. २००८ साल असार १ मा पब्लिक सर्भिस कमिसनका नामले लोक सेवा आयोगको औपचारिक स्थापना भई कार्य सम्पादन शुरु भएको देखिन्छ। वि.सं. २०१५ सालमा जारी भएको नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५९ मा लोक सेवा आयोगको व्यवस्था गरी धारा ६० मा "सरकारको सबै सेवा वा पदमा भर्नाको निमित्त जाँच गर्ने" जिम्मेवारी तोकी लोक सेवा आयोगकै नामले स्थापना भई कार्य सञ्चागलन गरेको पाइन्छ। उक्त व्यवस्था बमोजिम नेपालमा निजामती सेवाका पदमा भर्ना गर्ने तरिका, नियुक्ति, सरुवा र बढुवा गर्दा उम्मेदवारहरूको उपयुक्तताको विषयमा अपनाउनु पर्ने सिद्धान्तका सम्बन्धमा तथा निजामती सेवामा पालना गर्नुपर्ने अनुशासन लगायतका विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिन्छ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात लोक सेवा आयोगको स्थापना भएको ६८ वर्ष पछि वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोगको स्थापना गर्ने संवैधानिक व्यवस्था भएको छ। संवैधानिक व्यवस्था र प्रदेश कानून बमोजिम प्रदेश नं. १ मा पनि प्रदेश लोक सेवा आयोग गठन २०७६ साल माघ ९ गते भएको हो। यस आयोगको प्रमुख काममा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, प्रदेश प्रहरी, प्रदेश शिक्षा सेवा र स्थानीय सरकारी सेवामा उपयुक्त कर्मचारीको छनौट गर्न परीक्षा सञ्चालन गरी सिफारिस गर्नु रहेको छ। साथै

कानूनले तोके बमोजिमका अन्य विषयहरूमा सम्बन्धित सरोकारवालाहरूलाई प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ मा भएको व्यवस्थालाई आधार मानी आवश्यक परामर्श उपलब्ध गराउनु पनि आयोगको कार्यक्षेत्र रहेको छ।

## १.२ आयोगको गठनः

नेपालको संविधानको धारा २४४ बमोजिम, प्रदेश नं १ को प्रदेश सभाबाट जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा (१) मा प्रदेश लोक सेवा आयोगमा अध्यक्षसहित बढीमा तीन जना सदस्य रहने प्रावधान रहेको छ। मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभाका विपक्षी दलको नेता रहेको समितिको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था रहेको छ। यसरी नियुक्ति गर्दा आयोगका सदस्यहरूमध्ये कम्तिमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेको व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, व्यवस्थापन, जनप्रशासन, समाजशास्त्रा, राजनीतिशास्त्र" वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याती प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्ति हुनुपर्ने व्यवस्था रहेको छ। उपरोक्त उल्लेखित प्रावधानहरू अनुरूप नै यस प्रदेशमा प्रदेश लोक सेवा आयोग गठन भई कार्यसञ्चालन भइरहेको छ।

## १.३ काम, कर्तव्य र अधिकारः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा भएका प्रावधानहरूसमेतका आधारमा आयोगका काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहेका छन।

१.३.१ प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिकको लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

१.३.२ प्रदेश लोक सेवा आयोगले विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरूको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारवाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि तथा मापदण्डका आधारमा कार्य गर्नेछ।

१.३.३ प्रदेश प्रहरी सेवा, शिक्षक सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिको लागि लिइने लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्नेछ।

१.३.४ प्रदेश प्रहरी सेवा, प्रदेश शिक्षक सेवा र प्रदेश अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

१.३.५ कुनै सङ्गठित संस्थाका सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा वा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

१.३.६ प्रदेश सरकारबाट निवृत्तिभरण पाउने पदमा प्रदेश लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

१.३.७ प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

## १.४ प्रतिवेदनः

प्रदेश लोक सेवा आयोग ऐनको दफा ४९ को उपदफा (१) बमोजिम आयोगले वर्षभरी आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था बमोजिम आयोगले स्थापनाकालदेखि नै हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गर्ने गरेको छ। यसै क्रममा यो पटक तेश्रो वार्षिक प्रतिवेदन पेश गर्न आ.व. २०७८/७९ भित्र सम्पन्न गरेका कामहरूको विवरण तयार गरिएको छ।

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा सम्बन्धी कानूनको अभाव, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा भएका केही जटिलता, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई रिक्त हुन आएका पदहरूको पदपूर्ति सम्बन्धमा प्रदेश सरकारमा देखिएको अन्यौलता लगायतका कारणले प्रतिवेदन अवधिमा आवश्यकताभन्दा न्यून संख्यामा मात्र माग प्राप्त हुन आएको छ। सोही बमोजिम स्थानीय सरकारी सेवा अन्तर्गतका विभिन्न सेवाका पदहरूका लागि हालसम्म विभिन्न ५५ वटा विज्ञापनहरू प्रकाशन भइसकेको छ भने यस प्रतिवेदन अवधिमा मात्र ४७ वटा विज्ञापनहरू प्रकाशित भएका थिए। प्रकाशित विज्ञापन अनुसार विभिन्न चरणको परीक्षा सम्पन्न भई २२ वटा विज्ञापनहरूमा उम्मेदवारहरू सिफारिस गरिसकेको अवस्था छ भने अन्य केही विज्ञापनहरू परीक्षाका चरणमा रहेका छन।

यस आयोगको कार्यक्षेत्र मध्ये प्रदेश तहको सरकारी सेवामा पदपूर्तिका लागि सिफारिस गर्ने मुख्य कार्यतर्फ यस प्रतिवेदन अवधिमा कुनै पनि क्रियाकलाप सञ्चालन हुन सकेन। यसो हुनुमा प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी कानूनको तर्जुमा हुन नसक्नु तथा विद्यमान कानूनी व्यवस्थाहरूको पालनाबाटै पनि हुन सक्ने पदपूर्ति सम्बन्धी केही क्रियाकलापहरू सञ्चालनमा प्रदेश सरकारले चासो नदिनु नै मुख्य कारण भएको आयोगको निष्कर्ष रहेको छ।

परिच्छेद २

# आयोगको कार्यसम्पादनका आधारहरू

## २.१ संस्थागत प्रबन्धः

प्रदेश लोक सेवा आयोगका सम्बन्धमा हालसम्म भएका मुख्य व्यवस्थाहरू नेपालको संविधान, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र सो अन्तर्गत बनेका नियमावली र निर्देशिका र लोक सेवा आयोगका सम्बन्धमा नेपालमा स्थापित सिद्धान्त तथा मूल्य मान्यताहरू रहेका छन्। प्रदेश लोक सेवा आयोगका सम्बन्धमा भएका मुख्य व्यवस्थाहरू अनुसूची-१ मा प्रस्तुत गरिएको छ भने सोको सार संक्षेप देहाय बमोजिम उल्लेख गरिएको छः

### २.१.१ संविधानः

नेपालको संविधानको भाग २३, धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था रहेको छ। सोही धाराको उपधारा (२) बमोजिम प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था रहेको छ। साथै उपधारा (३) मा उपधारा (२) को प्रयोजनको लागि सङ्घीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्नेछ भन्ने व्यवस्था रहेको छ।

### २.१.२ कानूनहरूः

नेपालको संविधानको धारा २४४ को उपधारा (२) ले आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार प्रदेश १ को प्रदेश सभाबाट पारित भई मिति २०७६ भाद्र १७ गतेबाट जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई आफ्नो कार्यसम्पादनको मुख्य कानूनी आधारका रूपमा लिँदै आयोगले आफ्ना कामकारवाहीहरू सञ्चालन गरिरहेको छ। आयोगले आफ्नो कार्य- सम्पादनको सिलसिलामा हालसम्म प्रयोग गर्दै आएका मुख्यमुख्य कानून एवम् कार्यविधिहरूको सूची देहाय बमोजिम रहेको छ।

- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६, तथा नियमावली, २०७७
- प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७
- प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७७

- ➢ प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी एवम् दक्ष वा विज्ञ वा विशेषज्ञहरूको आचार संहिता, २०७७
- ➢ निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०
- ➢ कर्मचारी समायोजन ऐन, २०७५
- ➢ प्रदेश प्रहरी ऐन, २०७७
- ➢ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- ➢ विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- ➢ लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्ड
- ➢ सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त निर्देशनहरू
- ➢ प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- ➢ प्रदेश लोक सेवा आयोगबाट भएका समय-समयका निर्णयहरू
- ➢ प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य ऐन, नियम र निर्देशिकाहरू
- ➢ प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य कानूनी प्रावधानहरू।

प्रदेश लोक सेवा आयोगको कार्यसम्पादन सम्बन्धमा माथि उल्लेखित कानूनी आधारहरू रहेको भएतापनि यसको कार्य सञ्चालनसँग प्रत्यक्ष सरोकार राख्ने देहाय बमोजिमका कानूनहरू हालसम्म तर्जुमा हुन नसकेका कारण आयोगको कार्यसम्पादनमा नकारात्मक असर परिरहेको छः

(क) सङ्घीय निजामती सेवा ऐन,
(ख) प्रदेश निजामती सेवा ऐन,
(ग) स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धी ऐन,

## २.२ सङ्गठनात्मक संरचना र कार्यक्षेत्र:

प्रदेश लोक सेवा आयोगको कामकारवाही सञ्चालनका लागि अध्यक्षसहित ३ सदस्यीय आयोगको व्यवस्था रहेको छ। आयोग अन्तर्गत आयोगको सचिवको कार्य गर्ने गरी सङ्घीय निजामती सेवाको नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका सह-सचिव (प्रदेश सचिव) प्रशासनिक कार्यका प्रमुख रहने तथा प्रदेश सचिव मातहत महाशाखाहरू र सो अन्तरगत विभिन्न शाखाहरू रहने गरी कार्य सञ्चालनको व्यवस्था गरिएको छ। आयोगको कार्यक्षेत्र मुख्यतया प्रदेश सरकारका मन्त्रालयहरू तथा प्रदेश सरकारका अन्य निकायहरू एवम् १३७ वटा स्थानीय तहमा रिक्त दरबन्दी पदपूर्तिका लागि उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गर्नु रहेको छ। प्रदेशको भौगोलिक विकटता र यातायात सुविधालाई मध्यनजर गरी पायक पर्ने

स्थानमा ३ वटा शाखा कार्यालयहरू स्थापना गर्ने प्रस्ताव रहे पनि हालसम्म आयोगका सम्पूर्ण कार्यहरू आयोगको विराटनगर कार्यालयबाट भइरहेको छ। आयोगले आफ्नो स्थायी संगठन संरचना प्रस्ताव गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाएको भएता पनि हालसम्म स्थायी संगठन संरचना स्वीकृत हुन सकेको छैन। सालवसाली रूपमा स्वीकृत अस्थायी संगठन संरचना अनुसार नै आयोगको प्रशासनिक कामकारवाही सञ्चालन भइरहेको अवस्था छ। यस आयोगको हालको स्वीकृत अस्थायी सङ्गठन संरचना अनुसार कर्मचारीको दरबन्दी संख्या ३३ रहेको छ। स्थायी संगठन संरचना स्वीकृतिका लागि आयोगको विराटनगर कार्यालयमा जम्मा ५२ जना र तीन वटा शाखा कार्यालयहरूमा जम्मा ९ जनाको दरबन्दी रहने गरी आयोगले प्रस्ताव गरेको कूल ६१ जना जनशक्तिसहितको प्रस्तावित स्थायी सङ्गठन संरचना र हालको स्वीकृत अस्थायी सङ्गठन संरचना अनुसारको अस्थायी दरबन्दी तेरिज क्रमशः अनुसूची-२ र अनुसूची २(क) मा उल्लेख गरिएको छ।

## २.३ कार्यसम्पादनका सिद्धान्तहरू:

प्रदेश लोक सेवा आयोगले स्थापनाकालदेखि नै आफ्नो कार्यसम्पादनका सिलसिलामा हुने आयोगको निर्णय, निर्णयको कार्यान्वयन प्रक्रिया र पालाना गर्नुपर्ने आचरण लगायत अन्य सम्पूर्ण कार्यप्रकृया अवलम्वन गर्दा आयोगको मुलभूत सिद्धान्त "योग्यता, निष्पक्षता, स्वच्छता र समावेशीता" का मूल्य मान्यताहरूलाई आत्मसाथ गर्दै विद्यमान कानूनको परिधिभित्र रही कार्य सम्पादन गर्ने गरेको छ। लोक सेवा आयोगले अवलम्बन गरेका र प्रदेश लोक सेवा आयोगलेसमेत आत्मसात गरेका मुलभूत सिद्धान्तहरू निम्न बमोजिम रहेका छन्।

२.३.१ **योग्यताको सिद्धान्त (Principle of Merit)**: आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा माग बमोजिमको संख्यामा अब्बल ठहर्ने उम्मेदवारलाई मात्र नियुक्तिको लागि सिफारिस गरिन्छ। सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ।

२.३.२ **निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)**: आयोगका निर्णयहरू पूर्वाग्रह रहित र निश्पक्ष हुन्छन्। आयोगका निर्णय र परीक्षा सम्बन्धी कामकारवाहीबाट कोही कसैलाई अन्याय नहोस भनेर पूर्ण सजगता अपनाइन्छ भने कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात गरिदैंन।

२.३.३ **स्वच्छताको सिद्धान्त (Principle of Fairness)**: आयोगका सम्पूर्ण काम कारवाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले

लिने निर्णयहरू र आयोगको कार्यालयबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत संरचना एवम् कार्यविधिगत प्रबन्ध गरिन्छ।

२.३.४ **समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)**ः आयोगबाट प्रकाशित हुने विज्ञापनमा सम्बन्धित सेवा, समूहको पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ। सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ।

२.३.५ **समावेशीताको सिद्धान्त (Principle of Inclusiveness)**ः पदपूर्तिका लागि आयोगमा प्राप्त माग पदहरू राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवारहरू बीचमात्र प्रतिस्पर्धा हुने गरी पदपूर्ति गरिन्छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३७ बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको छ।

२.३.६ **द्विअन्ध सिद्धान्त (Principle of Double Blind)**ः पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइँदैन र जानकारीसमेत दिइँदैन। उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो, थाहा नपाउने विधि अवलम्बन गरिन्छ। प्राप्ताङ्क तालिकीकरण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो ? थाहा नपाउने व्यवस्था गरिएको हुन्छ। प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छ। अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ हुन्छन। त्यस्तै आयोगका हरेक महाशाखाहरूलाई विशिष्टिकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन।

२.३.७ **परिचय शून्यताको सिद्धान्त (Principle of Identity Masking)**ः उत्तरपुस्तिका परीक्षण गर्नुअघि दोहोरो सङ्केतीकरण (Double Coding) प्रक्रियामार्फत उक्त उत्तरपुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ। यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात वैयक्तिक पहिचान विहीन रूपमा कोडिङ्गका आधारमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनौट प्रक्रियाका सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसंकेतीकरण (Decoding) प्रक्रियामार्फत पत्ता लगाइन्छ।

२.३.८ **असंलग्नताको सिद्धान्त (Principle of Non- Involvement):** आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगको पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको शुरूवातदेखि उम्मेदवार सिफारिससम्मको सम्पूर्ण प्रक्रियाबाट अलग राखिन्छ।

२.३.९ **गोपनियताको सिद्धान्त (Principle of Confidentiality):** परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगको गोपनीयता कायम रहन्छ। आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नहरूको परिमार्जन र छनौटको कार्य पूर्ण रूपमा गोप्य रहन्छ। परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ। आयोगको अनलाइन डाटावेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ। यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरूमा पूर्ण गोपनीयताका साथै गुणस्तरीयता सुनिश्चित गरिन्छ।

## २.४. कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाहः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा भएको व्यवस्था अनुसार प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश अन्य सरकारी सेवाको पदमा उपयुक्त उम्मेदवार सिफारिस गर्न तथा प्रदेश प्रहरी र सङ्गठित संस्थाका विभिन्न पदहरूमा उपयुक्त उम्मेदवार छनौट गर्नको लागि लिखित परीक्षा सञ्चालन गर्न आयोगले अवलम्बन गर्ने कार्यप्रक्रिया देहाय बमोजिम उल्लेख गरिएको छ। उक्त कार्यप्रक्रियालाई कार्यप्रवाहको रूपमा चित्र नं. १ मा प्रस्तुत गरिएको छ। कार्यसम्पादन सम्बन्धी अन्य व्यहोरा देहाय बमोजिम उल्लेख गरिएको छः

### २.४.१ वार्षिक कार्यतालिकाः

प्रदेश लोक सेवा आयोगले हरेक आर्थिक वर्षको शुरुमा वार्षिक कार्यतालिका सार्वजनिक गर्दछ। प्रतिवेदन अवधि, आर्थिक वर्ष २०७८/७९ का लागि आर्थिक वर्षको शुरूमै वार्षिक कार्यतालिका प्रकाशित गरिएको थियो भने चालु आ.व. २०७९/८० को वार्षिक कार्यतालिकासमेत प्रकाशित भइसकेको अवस्था छ। आ.व. २०७८/७९ का लागि प्रकाशित वार्षिक कार्यतालिका अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

चित्र नं. १

## पदपूर्ति सम्बन्धी कार्यप्रवाह



### २.४.२ विज्ञापन प्रकाशनः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा सम्बन्धित मन्त्रालय, विभाग र कार्यालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उप-समूह र तहसमेत खुल्ने गरी माग आकृति फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत आयोगमा पठाउनु पर्दछ । प्राप्त मागका आधारमा प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी समूहहरूमा पदसंख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन/सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्दछ। यस्तो विज्ञापन/सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका तथा आयोगको वेवसाइटमासमेत प्रकाशन गरिन्छ।

प्रदेश प्रहरी सेवा र सङ्गठित संस्थाको हकमा कार्यतालिकामा निर्धारित समयमा पदपूर्तिको विज्ञापन गर्नका लागि सम्बन्धित संस्थाको पदपूर्ति समितिको सचिवालयले आयोगमा सहमतिका लागि माग गर्नुपर्दछ। यस्ता मागमा आयोगको सहमति प्राप्त भइसकेपछि सम्बन्धित संस्थाको पदपूर्ति समितिले नै पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्नु पर्दछ।

यस प्रतिवेदन अवधिमा नियमानुसार आयोगमा माग भई आएका स्थानीय सरकारी सेवा अन्तरगतका प्रशासन, न्याय, शिक्षा, इन्जिनियरिङ्ग, कृषि र विविध सेवाका प्राविधिक र अप्राविधिक गरी २७ वटा पदहरूको लागि आ.प्र., खुला र समावेशीसमेत गरी जम्मा ४७ वटा विज्ञापनहरूमा ५ सय ७७ वटा पद संख्याका लागि विज्ञापन गरी दरखास्त आह्वान भएको थियो। जसको विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ।

### २.४.३ दरखास्त सङ्कलनः

नियमानुसार प्रतिशत निर्धारण पश्चात विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवातर्फका खुला तथा आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइनमार्फत दरखास्त सङ्कलन गरिन्छ भने बढुवातर्फका दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको कार्यालयमा बुझाउने र आयोगले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने व्यवस्था रहेको छ। प्रदेश प्रहरी सेवा तथा सङ्गठित संस्थाका विज्ञापनका हकमा भने सम्बन्धित संस्थाको पदपूर्ति समितिले नै आयोगको परामर्शमा विज्ञापन प्रकाशन गरी नियमानुसार दरखास्त सङ्कलन गर्नु पर्दछ।

यस प्रतिवेदन अवधिमा भएका स्थानीय सरकारी सेवा अन्तरगतका प्रशासन, न्याय, शिक्षा, इन्जिनियरिङ्ग, कृषि र विविध सेवाका विभिन्न २७ पदनामका लागि भएको ४७ वटा विज्ञापनमा उल्लेखित व्यहोरा अनुसार आयोगले निर्माण गरेको Province 1 Public Service Recruitment Management System (P1PSRMS) सफ्टवेयरको प्रयोग गरी मिति २०७८/०४/०४ देखि दरखास्त संकलन कार्य शुरू गरिएको थियो र त्यसपछि नियमित रूपमा सोही बमोजिम दरखास्त संकलन कार्य गरिएको छ। सो सम्बन्धी विस्तृत विवरण परिच्छेद ५ मा उल्लेख गरिएको छ।

### २.४.४ लिखित परीक्षाः

विज्ञापन प्रकाशन भएपछि विज्ञापित पदहरूको परीक्षा सञ्चालनको लागि दक्ष वा विज्ञ वा विशेषज्ञहरूको सेवा लिई कच्चा प्रश्नपत्र तयार गरिन्छ। विज्ञबाट प्राप्त पश्नपत्रहरूलाई परिमार्जन गरी कम्तीमा ३ सेट प्रश्नपत्र तयार गरिन्छ। सो मध्ये १ सेट प्रश्नपत्र प्रयोग गरी लिखित परीक्षा सञ्चालन गरिन्छ। प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, अन्य सरकारी सेवा, प्रदेश प्रहरी तथा सङ्गठित संस्थाका विज्ञापित पदका लागि तोकिएको मितिमा आयोगले लिखित परीक्षा सञ्चालन गर्दछ।

### २.४.५ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षणः

लिखित परीक्षा सञ्चालन भएपछि संकलित उत्तरपुस्तिकामा अलग-अलग जनशक्तिले दुई अलग चरणमा प्रथम र द्वितीय सङ्केत नम्बर (Code) राखी सङ्केतीकरण (coding) गरिन्छ र उम्मेदवारको व्यक्तिगत विवरण उत्तरपुस्तिकाबाट अलग गरी शिलबन्दीरूपमा अलग-अलग स्थानमा राखिन्छ। कोडिङ्गको कार्य सम्पन्न भएपछि उत्तरपुस्तिका परीक्षणको कार्य अघि बढाइन्छ। यस प्रतिवेदन अवधिमा भएका सङ्केतीकरण र परीक्षण सम्बन्धी विस्तृत विवरण परिच्छेद-६ मा उल्लेख गरिएको छ।

### २.४.६ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिसः

उपरोक्त बमोजिम तयार भएका उत्तरपुस्तिका विशेषज्ञ विज्ञहरूबाट परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पदसंख्याको आधारमा प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ मा उल्लेखित व्यवस्था बमोजिम माग पदभन्दा निश्चित संख्या थप गरी कायम हुन आउने संख्यामा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको मात्र नाम डिकोड गरिन्छ। यसरी डिकोडिङ्ग गरे पश्चात लिखित परीक्षाको नतिजा उम्मेदवारको नामको वर्णानुक्रमका आधारमा प्रकाशन गरी अन्तर्वार्ता तथा अन्य परीक्षा कार्यक्रम सञ्चालन गर्न आयोगकै सम्बन्धित शाखामा पठाइन्छ।

विज्ञापित पदको तह अनुसार प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको हकमा लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता एवम् सम्बन्धित पदको पाठ्यक्रम योजना बमोजिम कम्प्युटर सीप परीक्षण, प्रयोगात्मक परीक्षा, In Basket Exercise, मामिला अध्ययन (Case Study) एवम् प्रस्तुतीकरणसमेत विभिन्न प्रकारका परीक्षण विधि प्रयोग गरी परीक्षा सञ्चालन गरिन्छ। यसरी अन्तर्वार्ता लगायत उक्त सबै परीक्षामा प्राप्त अङ्क र लिखित परीक्षाको प्राप्ताङ्कको कूल योगका आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई मेरिटका आधारमा स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ। प्रदेश प्रहरी तथा सङ्गठित संस्थाहरूको पदको अन्तर्वार्ता तथा सिफारिसको कार्य सम्बन्धित निकायको पदपूर्ति समितिले नै गर्ने पद्धति रहेको छ। उक्त पदपूर्ति समितिमा आयोगको प्रतिनिधित्व रहने कानूनी व्यवस्थासमेत रहेको छ।

प्रतिवेदन अवधिमा भएका लिखित परीक्षाको नतिजा, अन्तर्वार्ता सञ्चालन र सिफारिस सम्बन्धी कार्यको विवरण परिच्छेद ६ र ७ मा प्रस्तुत गरिएको छ।

## २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजनः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १४ अनुसार आयोगका अध्यक्ष र सदस्यको कार्यविभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ। ऐनको दफा ५८ बमोजिम प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, कुनै सदस्य वा आयोगको कर्मचारीलाई प्रत्यायोजन गर्नुपर्ने अवस्था भएमा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नुपर्ने शर्त निर्धारण गरी अधिकार प्रत्यायोजन गर्नसक्ने व्यवस्थासमेत रहेको छ।

प्रदेश लोक सेवा आयोगको कार्यलाई सरल, छिटोछरितो र व्यवस्थित बनाउन आयोगका पदाधिकारीहरूको कार्य विभाजन देहायको तालिका नं १ अनुसार गरिएको छ।

तालिका नं. १

**पदाधिकारीहरूको कार्यविभाजन**

| क्र.स. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १ | मा. अध्यक्ष उत्तम कुमार भट्टराई | १. प्रशासन तथा व्यवस्थापन<br>२. लिखित परीक्षा तयारी तथा नतिजा प्रकाशन (प्राविधिक)<br>३. अन्तरवार्ता तथा सिफारिस<br>४. मनमोहन प्राविधिक विश्वविद्यालय |

| क्र.स. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| २ | मा. सदस्य टीकादत्त राई | १. पाठ्यक्रम निर्माण, परिमार्जन तथा मूल्याङ्कन<br>२. प्रश्नपत्र परिमार्जन<br>३. नीति नियम तथा परामर्श<br>४. उजुरी तथा विभागीय सजायमा परामर्श |
| ३ | मा. सदस्य सजना दाहाल | १. लिखित परीक्षा तयारी तथा नतिजा प्रकाशन (अप्राविधिक)<br>२. सूचना प्रकाशन<br>३. योजना तथा समन्वय<br>४. परीक्षण प्रविधि र अनुसन्धान |

परिच्छेद ३

# प्रशासनिक, भौतिक तथा वित्तीय स्थिति

## ३.१ बैठक तथा निर्णय:

आर्थिक वर्ष २०७८/७९ को अवधिमा कूल ४३ पटक आयोगको बैठकहरू बसी १२८ वटा निर्णयहरू लिइएका छन्। आयोगको मुख्य मुख्य निर्णयको संख्या तथा तिनको विषयगत वर्गीकरण तालिका नं २ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २

**आयोगको निर्णयहरूको विषयगत वर्गीकरण (आ.व. २०७८/७९)**

| क्र.सं. | निर्णयका विषयहरू | निर्णय संख्या |
|---|---|---|
| १ | नीति तथा कानून सम्वन्धी | २१ |
| २ | परीक्षा, अन्तर्वार्ता तथा नतिजा सम्बन्धी | ४५ |
| ३ | पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी | २ |
| ४ | शैक्षिक योग्यता सम्बन्धी | ९ |
| ५ | संगठित संस्था तथा प्रदेश प्रहरी सम्बन्धी | १ |
| ६ | कर्मचारी सेवा, शर्त सम्बन्धी | २० |
| ७ | विविध | ३० |
| | जम्मा: | १२८ |

तालिका नं. २ को क्र.सं. ७ मा रहेको विविध अन्तर्गत आयोगले गरेको विभिन्न समिति तथा कार्यदल गठन सम्बन्धी, सदस्य तथा कर्मचारीहरूको जिम्मेवारी सम्बन्धी, आयोगको प्रतीक चिन्ह सम्बन्धी, आयोगको दरबन्दी संरचना सम्बन्धी जस्ता निर्णयहरू समावेश भएका छन्।

## ३.२ आयोगको लोगो निर्माण:

प्रदेश लोक सेवा आयोगले स्थापनाकालदेखिनै आफ्नो कामकारवाहीलाई प्रभावकारी एवं आयोगको स्थापित मूल्य मान्यता र सैद्धान्तिक निष्ठा अनुरूपको छवी स्थापित गर्दै अगाडि बढिरहेको छ। यसै सन्दर्भमा आयोगको छुट्टै पहिचानलाई स्थापित गरी विकास गर्दै लैजाने उद्देश्यका साथ प्रतिवेदन अवधिमा आयोगको प्रतीक चिन्ह (Logo) निर्माण सम्पन्न गरी आयोगको मिति २०७९ आषाढ ९ (बैठक सं. ९६) गतेको निर्णयानुसार प्रदेश लोक सेवा आयोगको प्रतीक चिन्ह (Logo) पारित गरी प्रयोगमा ल्याइएको छ। सो प्रतीक चिन्ह र सोको व्याख्या अनुसूची ५ मा उल्लेख भए बमोजिमरहेको छ।

## ३.३ आयोगको दरबन्दी र पदपूर्ति:

प्रदेश सरकारबाट सालवसाली रूपमा स्वीकृत हुने अस्थायी दरबन्दी संरचना (आ.व. २०७८/७९) अनुसार प्रदेश लोक सेवा आयोगमा कूल ३३ जना कर्मचारीहरूको अस्थायी दरबन्दी स्वीकृत रहेको थियो। जसमा रा.प. प्रथम श्रेणीका १, अधिकृतस्तर दशौं/नवौं तहका १, अधिकृतस्तर आठौं/सातौं तहका ६, अधिकृतस्तर छैटौं तहका १०, सहायक पाँचौ/चौथो तहका ४ र श्रेणी विहीन ११ जनाको दरबन्दी रहेको छ। कूल दरबन्दी मध्ये २०७९ असार मसान्तसम्मको तथ्याङ्क अनुसार २४ पदहरू पूर्ति भएका छन् भने ९ पदहरू रिक्त रहेका छन्।

प्रतिवेदन अवधिका लागि आयोगको स्वीकृत अस्थायी संगठन संरचना बमोजिमको दरबन्दी संख्या, पदपूर्ति र रिक्त अवस्था तल दिइएको तालिका नं. ३ मा उल्लेख भएअनुसार रहेको छ।

तालिका नं. ३

**आयोगमा रहेको दरबन्दी तथा पदपूर्तिको विवरण**

| क्र.स. | दरबन्दी विवरण | | | आ.व.२०७८/७९ को स्वीकृत दरबन्दी | | | |
|---|---|---|---|---|---|---|---|
| | पद, नाम | सेवा | श्रेणी/तह | संख्या | रिक्त | पूर्ति | किसिम |
| १ | सचिव | प्रशासन | रा.प.प्रथम | १ | ० | १ | काज |
| २ | अधिकृत | प्रशासन | नवौं/दशौं | १ | ० | १ | काज |
| ३ | शाखा अधिकृत | प्रशासन | सातौं/आठौं | ४ | २ | २ | सरुवा |
| ४ | कानून अधिकृत | न्याय | सातौं/आठौं | १ | १ | ० | |
| ५ | कम्प्युटर अधिकृत/इन्जि | विविध | सातौं/आठौं | १ | १ | ० | |
| ६ | अधिकृत छैटौं | प्रशासन | छैटौं | ८ | २ | ६ | सरुवा |
| ७ | अधिकृत छैटौं | लेखा | छैटौं | १ | ० | १ | सरुवा |
| ८ | अधिकृत छैटौं | कम्प्युटर | छैटौं | १ | ० | १ | सरुवा |
| ९ | सहायक | प्रशासन | चौथो/पाँचौं | ४ | १ | ३ | सरुवा/काज |
| १० | ह.स.चा. | - | तह विहीन | ५ | १ | ४ | करार |
| ११ | कार्यालय सहयोगी | - | तह विहीन | ६ | १ | ५ | करार |
| जम्मा | | | | ३३ | ९ | २४ | |

आयोगको कार्यबोझ, कार्यप्रकृति तथा कार्यसंवेदनशीलतालाई मध्यनजर गर्दा आयोगको हाल स्वीकृत अस्थायी सङ्गठन संरचना र दरबन्दीबाट आयोगले गर्नुपर्ने कार्य सहज र सरल रूपमा सम्पन्न गर्न कठिनाई भएको महशुस गरिएको छ। अतः आयोगको कार्यबोझलाई सहज ढङ्गबाट

सम्पादन गर्नका लागि आयोगबाट मिति २०७६/११/२० को निर्णयानुसार प्रस्तावित गरिएको अनुसूची-२ मा उल्लेख भए अनुसारको आयोगको विराटनगर कार्यालयका लागि प्रस्तावित ५२ जनाको दरबन्दी संख्या रहेको सङ्गठन संरचना स्वीकृत हुनु नितान्त जरुरी देखिएको छ।

## ३.४ गोष्ठी सम्मेलन तथा क्षमता विकास:

प्रदेश लोक सेवा आयोगले आफ्नो मूल कार्यका अतिरिक्त लोक सेवा आयोगको राष्ट्रिय सम्मेलन, अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठीमा सक्रिय सहभागिता जनाउनुका साथै क्षमता विकास तथा अभिमुखीकरण गर्ने उद्देश्यका साथ विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ। यस सन्दर्भमा प्रतिवेदन अवधिमा भएका गतिविधिहरू निम्नानुसार रहेका छन्:

### (क) दोश्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठीः

प्रदेश लोक सेवा आयोगले गर्ने कार्य सम्पादन सम्बन्धी अनुभव आदान प्रदान गर्नुका साथै मुख्यतया आयोगहरूले सञ्चालन गर्ने परीक्षालाई अझ बढी विश्वसनीय, मर्यादित र स्वच्छ बनाउदै लैजान एवं परीक्षा सम्बन्धी कार्यप्रणालीमा एकरूपता कायम गर्ने उद्देश्यका साथ यस प्रदेश लोक सेवा आयोगको आयोजनामा मिति २०७८ पौष १८ र १९ गते विराटनगरमा दोश्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो। सो गोष्ठीबाट जारी भएको १८ बुँदे घोषणा-पत्र यस प्रतिवेदनको अनुसूची-६ मा उल्लेख गरिएको छ।

### (ख) स्मारिका प्रकाशनः

यस प्रदेश लोक सेवा आयोगको स्थापना दिवसको अवसरमा मिति २०७८/१०/०९ गते विराटनगरमा दोश्रो वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो। सो अवसरमा विशेष प्रकाशनको रूपमा प्रदेश लोक सेवा आयोगको स्मारिका, २०७८ वर्ष २ पूर्णाङ्क २ माननीय प्रदेश प्रमुख श्री पर्शुराम खापुङज्यू तथा माननीय मुख्यमन्त्री श्री राजेन्द्र कुमार राईज्यूबाट विमोचन भएको थियो। उक्त स्मारिकामा प्रकाशित लेखहरूमा विज्ञहरूका विचारहरूसहित सामयिक विषयवस्तुहरू रहेका थिए।

### (ग) लोक सेवा आयोगहरूको दोश्रो राष्ट्रिय सम्मेलनः

मिति २०७८ फागुन २३ र २४ गते "योग्यता, निष्पक्षता र स्वच्छताः लोक सेवा आयोगको प्रतिवद्धता" भन्ने मूल नाराका साथ लोक सेवा आयोगको आयोजनामा रूपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा सम्पन्न भएको लोक सेवा आयोगहरूको दोश्रो राष्ट्रिय सम्मेलनमा यस आयोगले सक्रिय सहभागिता जनाएको थियो। उक्त सम्मेलनबाट सहभागिहरूकातर्फबाट लोक सेवा आयोग र सातै वटा प्रदेश लोक सेवा आयोगहरूका

अध्यक्षहरूले हस्ताक्षर गरी ९ बुँदे निर्णयहरू पारित गर्नुका साथै लोक सेवा आयोगको मूल सिद्धान्तहरूप्रतिको प्रतिवद्धतासहितको घोषणा-पत्रसमेत जारी भएको थियो। उक्त सम्मेलनको निर्णय र घोषणा-पत्र यस प्रतिवेदनको अनुसूची-७ मा उल्लेख गरिएको छ ।

**(घ) अभिमुखीकरण गोष्ठीः**

यस आयोगबाट प्रवाह हुने सार्वजनिक सेवासँग सरोकार राख्ने सार्वजनिक संस्थाहरूबीच अन्तरक्रियाका माध्यमबाट अभिमुखीकरण गर्ने मूल उद्देश्यका साथ मिति २०७९ जेठ ३१ गते इलाममा ताप्लेजुङ्, पाँचथर, इलाम र झापा जिल्लाका स्थानीय तहहरूका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरूसँग अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गरिएको थियो ।

**(ङ) अनुभव आदान-प्रदानः**

१. आयोगको स्थापना पश्चात् पहिलो पटक मिति २०७८/११/०४ गते लोक सेवा आयोग(सङ्घीय) का माननीय अध्यक्ष श्री माधवप्रसाद रेग्मीज्यूबाट यस आयोगको कार्यालय भ्रमण गर्नु भएको थियो । सो अवसरमा आयोगले हालसम्म गरेका कार्यहरूको जानकारी गराउनुका साथै नेपालमा लोक सेवा आयोगको आवश्यकता र यसको कार्यसम्पादनका सम्बन्धमा अनुभव आदान प्रदान भएको थियो।

२. मिति २०७८/११/२५ मा यस आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्य (सजना दाहाल)बाट गण्डकी प्रदेश लोक सेवा आयोग, पोखरा भ्रमण गरी अनुभव आदान-प्रदान गरिएको थियो।

३. प्रदेश लोक सेवा आयोगहरू बीच आपसमा अनुभव आदानप्रदानको परिपाटी विकास गर्दै जाने क्रममाः यसै प्रतिवेदन अवधिमा मिति २०७९/०३/०६ गते प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशका माननीय अध्यक्ष प्रा.डिलाराम भट्टराईज्यूले यस आयोगको भ्रमण गर्नु भएको थियो। उक्त अवसरमा दुवै प्रदेश लोक सेवा आयोगको कामकारवाहीका सम्बन्धमा अन्तरक्रियात्मक छलफल भई अनुभव आदान-प्रदान गरिएको थियो।

४. प्रदेश लोक सेवा आयोगहरू बीच अनुभव आदानप्रदान कै सिलसिलामा यस आयोगका माननीय अध्यक्ष श्री उत्तम कुमार भट्टराईज्यूले मिति २०७९/०३/२४ गते मधेश प्रदेशको प्रदेश लोक सेवा आयोग, जनकपुर भ्रमण गर्नु भएको थियो। उक्त अवसरमा कर्मचारी सेवा, शर्त सम्बन्धी कानून (प्रदेश निजामती सेवा ऐन, २०७७) समेत जारी भइसकेको मधेश प्रदेशको प्रदेश लोक सेवा आयोगले हासिल गरेको अनुभवहरू आदान-प्रदान भएको थियो।

## ३.५ अनुगमन निरीक्षणः

प्रदेश लोक सेवा आयोगले आफ्नो कार्यक्षेत्र भित्रका सार्वजनिक निकायहरूमा स्वीकृत संगठन संरचना अनुसार रिक्त दरवन्दीको अवस्था, पदपूर्तिको प्रक्रिया र अवस्था, कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको पालना एवं लोक सेवा आयोगबाट प्रदान गरिएको सुझाव एवं परामर्शको कार्यान्वयन स्थिति लगायतका विषयमा त्यस्ता सार्वजनिक निकायहरूको अनुगमन निरीक्षण गर्नसक्ने कानूनी व्यवस्था रहेको छ। सोही कानूनी व्यवस्था बमोजिम यस प्रतिवेदन अवधिमा आयोगका माननीय सदस्य सजना दाहालको नेतृत्वको अनुगमन टोलीमार्फत २०७८ पौषमा इलाम नगरपालिकाको र २०७९ असार महिनामा धरान उममहानगरपालिकाको स्थलगत अनुगमन निरीक्षण गरिएको थियो। उक्त अनुगमन निरीक्षणका क्रममा प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ को अनुसूची ३७ मा उल्लेखित फाराम बमोजिम दरवन्दी तथा पदपूर्ति एवं बढुवा सम्बन्धी कारवाहीको विवरण संकलन गरिएको थियो। यसरी अनुगमन गरी प्राप्त जानकारीका आधारमा आयोग बैठकमा छलफल गरी आवश्यक सुझावहरू दिने गरिएको छ।

## ३.६ भौतिक पूर्वाधारः

स्थापनाकालदेखि कार्यालय सञ्चालन भइरहेको भवन (४,९०० वर्गफिट क्षेत्रफल) साँघुरो भएका कारण हाल कार्यालय सञ्चालनको लागि विराटनगर म.न.पा. वडा नं. ४, खार्जीस्थित करिव १० हजार ८ सय वर्ग फिट क्षेत्रफलमा बनेको तीन तले निजी भवन भाडामा लिई कार्यालय भवनको व्यवस्था गरिएको छ। कार्यालय भवनमा आवश्यकता अनुसार फर्निचरहरू, कार्यालय सामानहरू र न्यूनतम आवश्यकताका उपकरणहरूको बन्दोबस्त रहेको छ। आयोगका पदाधिकारी तथा कर्मचारीहरूको प्रयोगका लागि ५ थान चारपाङ्ग्रे सवारी साधन, ७ थान दुईपाङ्ग्रे सवारी साधन र ४ थान साइकलको व्यवस्था रहेको छ। आयोगले आफ्नो वेबसाइट (psc.p1.gov.np), इ-मेल (province1psc@gmail.com), दरखास्त संकलनका लागि अनलाइन प्रणाली (P1PSRMS) को व्यवस्था गरेको छ।

## ३.७ पुस्तकालय सञ्चालनः

प्रदेश लोक सेवा आयोगको पुस्तकालय दक्ष/विज्ञहरू एवम् परीक्षार्थीहरूका लागि सन्दर्भ सामाग्रीसमेत हुने गरी स्थापना एवं सञ्चालन गर्ने उद्देश्यका साथ व्यवस्था गर्न शुरू गरिएको छ। सो पुस्तकालयको लागि विगतमा २ सय ४७ वटा पुस्तकहरू सङ्ग्रहित रहेकोमा प्रतिवेदन अवधिमा विभिन्न स्वदेशी तथा विदेशी लेखकहरूद्वारा लेखिएका १ सय २४ वटा पुस्तक थप गरी हालसम्म कूल ३ सय ७१ थान पुस्तकहरू सङ्ग्रहित भएका छन्।

## ३.८ बजेट, निकासा र खर्च:

आ.व. २०७८/७९ को लागि विभिन्न शीर्षकहरूमा विनियोजित बजेट र सो सम्बन्धी खर्चको संक्षिप्त विवरण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ। बजेट निकासा र खर्च सम्बन्धी विस्तृत विवरण अनुसूची-८ मा उल्लेख गरिएको छ।

तालिका नं. ४

**आयोगको कूल बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण**

| क्र.सं. | विवरण | स्वीकृत रकम (रु हजारमा) | समर्पण गरिएको (रु हजारमा) | समपर्णपछि वास्तविक स्वीकृत रकम (रु हजारमा) | खर्च भएको रकम (रु हजारमा) |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | ५८३६८ | २६९७ | ५५६७१ | ४२६५४ |
| २ | पूँजीगत खर्च | २१६२३ | २१७६ | १९४४७ | १७५२६ |
| ३ | पदाधिकारीतर्फ चालु खर्च | ४२५० | ८०० | ३४५० | ३१०६ |
| जम्मा | | ८४२४१ | ५६७३ | ७८५६८ | ६३२८६ |
| प्रतिशत (%) | | - | ६.७३ | १०० | ८०.५५ |

विगत प्रतिवेदन अवधिमा भएको वित्तीय प्रगति (६५.०२ प्रतिशत) भन्दा यस प्रतिवेदन अवधि २०७८/७९ को वित्तीय प्रगतिमा सुधार भई ८०.५५ प्रतिशत पुगेको छ।

## ३.९ राजस्व र धरौटी:

आ.व. २०७८/७९ मा आयोगको कार्यालयबाट जम्मा रु. ५,३६,३८,७५२.८० (अक्षरेपी पाँच करोड छत्तीस लाख अठ्तीस हजार सात सय बाउन्न रूपैयाँ र पैसा असी) राजस्व सङ्कलन भएको छ। राजस्व र धरौटीको विवरण क्रमशः तल दिइएका तालिका नं. ५ र ६ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ५

**राजस्वको विवरण**

| क्र.सं. | राजस्व शीर्षक | रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | परीक्षा शुल्क (१४२२४) | ५३५४५.०३ | |
| २ | अन्य प्रशासनिक सेवा शुल्क (१४२२९) | ५२.६६ | |

| क्र.सं. | राजस्व शीर्षक | रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| ३ | प्रशासनिक दण्ड जरिवाना र जफत (१४३१२) | ४.३५ | |
| ४ | बीमा दावी प्राप्ती (१४५११) | २९.५७ | |
| ५ | बेरुजु (१५१११) | ७.१५ | उम्मेदवारहरूले भुलवश यो राजश्व शीर्षकमा जम्मा गरेको रकम |
| जम्मा | | ५३६३८.७५ | |

उपरोक्त तालिका नं. ४ र ५ बाट यो निष्कर्षमा पुग्न सकिन्छ कि प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, अन्य सरकारी सेवा र संगठित संस्थासमेतको कार्यसम्पादन गर्ने अवस्था सिर्जना भएमा आयोगका लागि प्रदेश सरकारको कोषमा कुनै भार नपर्ने देखिन्छ।

तालिका नं. ६

**धरौटीको विवरण**

| क्र.सं. | राजस्व शीर्षक | रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | आम्दानी | ९३४.१७ | |
| २ | फिर्ता | १०८.६० | |
| ३ | बाँकी | ८२५.५७ | |

## ३.१० बेरुजुः

सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको कर्मचारी समायोजन ग्रेड सम्बन्धी बेरूजु रू. ५ लाख ४९ हजार २ सय ४० वाहेक अन्य बेरूजु नरहेको अवस्था छ ।

परिच्छेद ४

# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

## ४.१ परीक्षण प्रविधिः

प्रदेश लोक सेवा आयोगले सिफारिस गर्ने सार्वजनिक सेवाको पदमा उम्मेदवार बन्न सम्बन्धित व्यक्तिले हासिल गरेको शैक्षिक योग्यताको स्तर र विषयक्षेत्रलाई आधारभूत शर्तको रूपमा लिइन्छ। प्रदेश निजामती सेवा लगायत आयोगको कार्य क्षेत्रभित्र रहेका सार्वजनिक सेवामा कर्मचारी छनौट गर्दा विभिन्न सेवा/समूहका लागि आवश्यक योग्यता परीक्षण गर्न विकसित प्रविधिहरूको प्रयोग गर्ने गरिन्छ। तसर्थः पदपूर्ति गर्नुपर्ने सङ्गठनको कार्य प्रकृतिलाई दृष्टीगत गरी व्यक्तिको ज्ञान, सीप, मनोवृत्ति र व्यवहारको परीक्षण गर्ने विभिन्न प्रकारको वैज्ञानिक प्रविधिको विकास गर्दै लानुपर्ने आवश्यकतालाई प्राथमिकता दिनुपर्ने हुन्छ।

तत्कालका लागि प्रदेश लोक सेवा आयोग ऐनमा भएको प्रावधान अनुसार लोक सेवा आयोगले अवलम्बन गर्ने गरेका लिखित परीक्षा, प्रयोगात्मक परीक्षा, सीप परीक्षण, अन्तर्वार्ता र आयोगले समय-समयमा तोकेका अन्य परीक्षण विधिहरूलाई नै प्रयोग गरी उपयुक्त उम्मेदवार छनौटको परीक्षण कार्य गर्ने गरिएको छ । साथै समय-समयमा विकास भएका नवीनतम् प्रविधिहरूको पनि क्रमशः प्रयोग गर्दै छनौट प्रणालीलाई अझ उन्नत बनाउँदै लगिनेछ।

## ४.२ शैक्षिक योग्यताः

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह तथा उप-समूहका पदहरूको शैक्षिक योग्यता प्रदेश लोक सेवा आयोगको परामर्शमा सम्बन्धित निकायबाट निर्माण हुने कानूनले नै निर्धारण गरेबमोजिम हुने हुँदा मन्त्रालय र स्थानीय तहले माग आकृति फाराम भरी पठाउँदा निर्धारण भई आएको शैक्षिक योग्यता र कार्यविवरणलाई उपयुक्तताको आधारमा यस आयोगले अवलम्बन गरिरहेको छ। मुख्यतया माग आकृति फारममा उल्लेख भई आएको र सम्बन्धित सेवा, समूह सञ्चालन गर्ने सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भएको शैक्षिक योग्यतालाई आधार मानी दरखास्त स्वीकृतीका क्रममा उत्पन्न विभिन्न द्विविधाहरूको निवारण गर्ने गरिएको छ। यस प्रतिवेदन अवधिमा लिइएका शैक्षिक योग्यता सम्बन्धी निर्णयहरू तालिका नं. ७ मा उल्लेख गरिएका छन्:

तालिका नं. ७

## शैक्षिक योग्यता सम्बन्धमा द्विविधा भएका विषयमा आयोगबाट भएको निर्णय

| क्र.सं. | विवरण | निर्णय |
|---|---|---|
| १. | कृषि विज्ञान वाहेक अन्य संकायमा कृषि विषय लिई स्नातक तह उत्तीर्ण प्रमाणपत्र सम्बन्धमा | कृषि विज्ञानमा स्नातक तह(बि.एस्सी. एगृ.) वाहेक कृषि विषयसँग सम्बन्धित अन्य विषयमा अध्ययन गरेका आवेदकको हकमा सम्बन्धित विश्व विद्यालयबाट कृषि विज्ञानमा स्नातक तह (बि.एस्सी.एगृ.) सरह अध्ययन गरेको समकक्षता निर्धारण भएको प्रमाणपत्र पेश भएमा कृषि विज्ञानमा स्नातक सरहको शैक्षिक योग्यता मान्ने। |
| २ | इन्जिनियरिङ्ग सेवाको सिभिल समूहको शैक्षिक योग्यता सम्बन्धी | मध्यपश्चिम विश्वविद्यालय, पाठ्यक्रम विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेतबाट प्राप्त जानकारी पत्रमार्फत सो विश्वविद्यालय अन्तरगतको B.E. Hydropower Engineering र B.E. Civil Engineering एक अर्कोसँग समकक्षता निर्धारण गरिएको निर्णय प्राप्त भएकोले आयोगबाट आगामी दिनमा लिइने इन्जिनियरिङ्ग सेवाको सिभिल समूहका पदमा दरखास्त आह्वान गर्दा मध्यपश्चिम विश्वविद्यालय अन्तर्गत B.E. Hydropower Engineering का आवेदकहरूलाई B.E. Civil Engineering सरह मानी दरखास्त स्वीकृत गर्ने। |
| ३ | वागवानी विज्ञान विषयमा स्नातक तह उत्तीर्ण प्रमाणपत्र सम्बन्धमा | त्रिभुवन विश्वविद्यालय, कृषि र पशु विज्ञान अध्ययन संस्थान, डीनको कार्यालयको च.न. ७३५/०७८/०७९ मिति २०७९/०२/०४ गते र त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुर, काठमाडौंको च.न. १७४९९/०७८/०७९, मिति २०७९/०२/०८ गतेको पत्रमार्फत त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा सञ्चालित स्नातक तह वागवानी विज्ञान विषयलाई कृषि सेवाको वागवानी, माटो विज्ञान, कृषि प्रसार, वाली विज्ञान र बाली संरक्षणसमेत गरी पाँच वटा विषयलाई कृषि स्नातक विषयसरह मान्यता रहने भनी जानकारी प्राप्त भएको हुँदा आयोगबाट लिइने कृषि सेवाको कृषि प्रसार, वागवानी, बाली संरक्षण, एग्रोनोमी र माटो विज्ञान समूहका पदमा दरखास्त आह्वान गर्दा त्रिभुवन विश्वविद्यालय अन्तर्गत वागवानी विज्ञान (BSc. Horticulture) अध्ययन गरेका आवेदकहरूलाई कृषि विज्ञान विषयमा स्नातक सरह मानी उल्लेखित समूहहरूमा दरखास्त स्वीकृत गर्ने। |

| क्र.सं. | विवरण | निर्णय |
|---|---|---|
| ४ | इन्जिनियरिङ सेवा, सिभिल समूह, अधिकृतस्तर छैटौं तहको शैक्षिक योग्यता सम्बन्धमा | आयोगको मिति २०७९/०२/१८ गतेको बैठकबाट पोखरा विश्व विद्यालयको Civil and Rural Engineering र Shahjalal University of Science and Technology, Bangladesh बाट Bachelor of Science in Civil and Environmental Engineering विषयको द्विविधा सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रा. देवीप्रसाद भट्टराई (पूर्वाञ्चल विश्वविद्यालय) र इन्जिनियर सुरज श्रेष्ठ(धरान उपमहानगरपालिका) सम्मिलित विज्ञ समूह गठन गरिएकोमा विज्ञ समूहबाट "नेपालको कानूनले मान्यता नदिएको खण्डमा बाहेक माथि उल्लेखित दुवै विषयका शैक्षिक उपाधिले हाल प्रदेश लोक सेवा आयोगबाट माग गरिएको ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, अधिकृतस्तर छैटौं तहको पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको मान्न सकिने देखिन्छ" भनि मिति २०७९/०२/२३ गते प्रतिवेदन पेश भएकोले विज्ञ समूहको प्रतिवेदनलाई आधार मानि पोखरा विश्व विद्यालयबाट Civil and Rural Engineering उत्तीर्ण गरेको प्रमाणपत्र र Shahjalal University of Science and Technology, Bangladesh बाट Bachelor of Science in Civil and Environmental Engineering उत्तीर्ण गरेको प्रमाणपत्रलाई इन्जिनियरिङ सेवा, सिभिल समूह, अधिकृतस्तर छैटौं तह, इन्जिनियर पदको न्यूनतम शैक्षिक योग्यता मानी दरखास्त स्वीकृत गर्ने। |

## ४.३ पाठ्यक्रमः

यस आयोगले स्थापना कालदेखि नै प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तर्गतका विभिन्न सेवा, समूह, उप-समूह गरी कूल ५९ वटा पदहरूको पाठ्यक्रम विगत आ.व.हरू मै निर्माण गरी प्रयोगमा रहेको छ भने यस प्रतिवेदन अवधि आ.व. ०७८/०७९ मा स्थानीय सरकारी सेवा अन्तर्गत प्रसाशन सेवा, सा.प्र./लेखा समूह, सहायकस्तर चौथो तहको आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम थप निर्माण गरी हालसम्म जम्मा ६० वटा पाठ्यक्रम प्रयोगमा रहेका छन्। जसको विस्तृत विवरण तालिका नं. ८ र ९ मा उल्लेख गरिएको छ।

हालसम्म सहायकस्तर चौथो, पाँचौं, अधिकृतस्तर छैटौं र सातौं तहका पाठ्यक्रम निर्माण भएकोमा आगामी आर्थिक वर्षमा अधिकृतस्तर नवौं र एघारौंका प्राविधिक/अप्राविधिक पदहरूका लागिसमेत पाठ्यक्रम निर्माण कार्य अघि बढाइनेछ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा स्वास्थ्य सेवाका कर्मचारीहरूको पदपूर्ति गर्ने जिम्मेवारी आयोगलाई कानूनी रूपमा प्रष्टसँग उल्लेख नभएको हुँदा यस सेवा अन्तर्गतको पाठ्यक्रम निर्माणको कार्य आगाडि बढ्न सकिरहेको छैन। तसर्थ, प्रदेश लोक सेवा आयोग ऐन संशोधनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गरिएको छ र उक्त ऐन संशोधन पश्चाचात पाठ्यक्रम निर्माणको कार्य अगाडि बढाउन आयोग तयारी अवस्थामा रहेको छ।

तालिका नं. ८

## प्रदेश निजामती सेवातर्फका पदहरूको निर्माण भएका पाठ्यक्रमको विवरण

| क्र.सं. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृतमिति |
|---|---|---|---|---|---|
| १ | शिक्षा सेवा | शिक्षा प्रशासन/निरीक्षण | सहायकस्तर पाँचौं | १०० | २०७७/०८/२९ |
| २ | शिक्षा सेवा | शिक्षा प्रशासन/निरीक्षण | अधिकृतस्तर छैटौं | २०० | २०७७/०८/२९ |
| ३ | वन सेवा | जनरल फरेष्ट्री | तह विहीन/ वन रक्षक | ५० | २०७७/१०/१३ |
| ४ | वन सेवा | जनरल फरेष्ट्री | सहायकस्तर चौथो | १०० | २०७७/०९/०२ |
| ५ | वन सेवा | जनरल फरेष्ट्री फरेष्ट रिसर्च, स्वायल एण्ड वाटर कन्जरभेसन तथा वाइल्डलाइफ कन्जरभेसन | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/०२ |
| ६ | वन सेवा | जनरल फरेष्ट्री फरेष्ट रिसर्च, स्वायल एण्ड वाटर कन्जरभेसन तथा वाइल्डलाइफ कन्जरभेसन | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/०७ |
| ७ | वन सेवा | वोटानी | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/०७ |
| ८ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स, एग्री इको एण्ड मार्केटिङ्ग | सहायकस्तर चौथो | १०० | २०७७/०९/१० |
| ९ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स, एग्री इको एण्ड मार्केटिङ्ग | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/१० |

| क्र.सं. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृतमिति |
|---|---|---|---|---|---|
| १० | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स, एग्री इको एण्ड मार्केटिङ्ग | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/१२ |
| ११ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स, एग्री इको एण्ड मार्केटिङ्ग | अधिकृतस्तर सातौं | २०० | २०७७/०९/१२ |
| १२ | कृषि सेवा | फिसरिज भेटेरिनरी र लाईफस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | सहायकस्तर चौथो | १०० | २०७७/०९/१० |
| १३ | कृषि सेवा | फिसरिज भेटेरिनरी र लाईफस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/१० |
| १४ | कृषि सेवा | भेटेरीनरी | अधिकृतस्तर सातौं | २०० | २०७७/०९/१२ |
| १५ | कृषि सेवा | लाइफस्टक पोल्ट्री एण्ड डेरीडेभलपमेन्ट | अधिकृतस्तर सातौं | २०० | २०७७/०९/१२ |
| १६ | कृषि सेवा | फिसरिज | अधिकृतस्तर सातौं | २०० | २०७७/०९/१२ |
| १७ | इन्जिनियरिङ सेवा | सिभिल/स्यानिटरी | सहायकस्तर चौथो | १०० | २०७७/१०/०६ |
| १८ | इन्जिनियरिङ सेवा | सिभिल/बिल्डिङ एण्ड आर्किटेक्ट | सहायकस्तर पाँचौं | १०० | २०७७/१०/०६ |
| १९ | इन्जिनियरिङ सेवा | सिभिल/जनरल हाइवे, हाइड्रोपावर, इरिगेशन, स्यानिटरी र एयरपोर्ट | सहायकस्तर पाँचौं | १०० | २०७७/१०/०६ |
| २० | इन्जिनियरिङ सेवा | सिभिल/जनरल हाइवे, हाइड्रोपावर, इरिगेशन, स्यानिटरी र एयरपोर्ट | अधिकृतस्तर सातौं | २०० | २०७७/१०/०६ |
| २१ | इन्जिनियरिङ सेवा | सिभिल/बिल्डिङ एण्ड आर्किटेक्ट | अधिकृतस्तर सातौं | २०० | २०७७/१०/०६ |

| क्र.सं. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृतमिति |
|---|---|---|---|---|---|
| २२ | प्रशासन सेवा | सामान्य प्रशासन तथा लेखा समूह | सहायकस्तर चौथो | २०० | २०७८/०३/२५ |
| २३ | प्रशासन सेवा | सामान्य प्रशासन, लेखा र राजश्व समूह | सहायकस्तर पाँचौं | २०० | २०७८/०३/२५ |
| २४ | विविध (महिला विकास) | | सहायकस्तर पाँचौं | २०० | २०७७/१२/२६ |
| २५ | विविध (महिला विकास) | | अधिकृतस्तर सातौं | ३०० | २०७७/१२/२६ |
| २६ | विविध (कम्प्युटर) | | सहायकस्तर चौथो | ५० | २०७८/०३/२५ |
| २७ | विविध (कम्प्युटर) | | सहायकस्तर पाँचौं | ५० | २०७८/०३/२५ |
| २८ | विविध (कम्प्युटर) | | अधिकृतस्तर सातौं/ कम्प्युटर अधिकृत | २०० | २०७८/०३/२५ |
| २९ | विविध (कम्प्युटर) | | अधिकृतस्तर सातौं/ कम्प्युटर इन्जिनियर | २०० | २०७८/०३/२५ |

तालिका नं. ९

## स्थानीय सरकारी सेवातर्फका विभिन्न पदहरूको निर्माण भएका पाठ्यक्रमको विवरण

| क्र.स. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृत मिति |
|---|---|---|---|---|---|
| १ | शिक्षा सेवा | शिक्षाप्रशासन/ निरीक्षण | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/०८ |
| २ | शिक्षा सेवा | शिक्षाप्रशासन/ निरीक्षण | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/०८ |
| ३ | कृषि सेवा | फिसरिज, भेटेरिनरी र लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | सहायकस्तर चौथो | १०० | २०७७/०९/१४ |
| ४ | कृषि सेवा | फिसरिज, भेटेरिनरी र लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/१४ |

| क्र.स. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृत मिति |
|---|---|---|---|---|---|
| ५ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी,हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स,एग्री इको एण्ड मार्केटिङ्ग | सहायकस्तर चौथो | १०० | २०७७/०९/१६ |
| ६ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स, एग्री इको एण्ड मार्केटिङ्ग | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/१६ |
| ७ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स, एग्री इको एण्ड मार्केटिङ्ग | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/१६ |
| ८ | कृषि सेवा | भेटेरीनरी | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/१९ |
| ९ | कृषि सेवा | लाइभस्टक पोल्ट्री एण्ड डेरीडेभलपमेन्ट | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/१९ |
| १० | कृषि सेवा | फिसरिज | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/१९ |
| ११ | न्याय सेवा | कानून | सहायकस्तर पाँचौं | २०० | २०७७/१०/१६ |
| १२ | न्याय सेवा | कानून | अधिकृतस्तर छैटौं | २०० | २०७७/१०/०६ |
| १३ | इन्जिनियरिङ सेवा | सिभिल | सहायकस्तर चौथो | १०० | २०७७/१०/११ |
| १४ | इन्जिनियरिङ सेवा | सिभिल | सहायकस्तर पाँचौं | १०० | २०७७/१०/११ |
| १५ | इन्जिनियरिङ सेवा | सिभिल | अधिकृतस्तर छैटौं | २०० | २०७७/१०/११ |

| क्र.स. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृत मिति |
|---|---|---|---|---|---|
| १६ | इन्जिनियरिङ सेवा | सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट | सहायकस्तर पाँचौं | १०० | २०७७/१०/११ |
| १७ | इन्जिनियरिङ सेवा | सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट | अधिकृतस्तर छैटौं | २०० | २०७७/१०/११ |
| १८ | इन्जिनियरिङ सेवा | सर्भे | सहायकस्तर चौथो, अमिन | १०० | २०७७/१२/०३ |
| १९ | इन्जिनियरिङ सेवा | सर्भे | सहायकस्तर पाँचौं, सर्भेक्षक | १०० | २०७७/१२/०३ |
| २० | इन्जिनियरिङ सेवा | सर्भे | अधिकृतस्तर छैटौ, नापी अधिकृत | २०० | २०७७/१२/०३ |
| २१ | प्रशासन सेवा | सामान्य प्रशासन र लेखा | सहायकस्तर चौथो | २०० | २०७७/१०/१५ |
| २२ | प्रशासनसेवा | सामान्य प्रशासन, लेखा र आन्तरिक लेखा परीक्षण | सहायकस्तर पाँचौं | २०० | २०७७/१०/१५ |
| २३ | प्रशासन सेवा | सामान्य प्रशासन, लेखा र आन्तरिक लेखा परीक्षण | अधिकृतस्तर छैटौं | ३०० | २०७७/१०/१८ |
| २४ | विविध सेवा (कम्प्युटर) | - | सहायकस्तर चौथो, सहायक कम्प्युटर अपरेटर | ५० | २०७७/१०/१५ |
| २५ | विविध सेवा (कम्प्युटर) | - | सहायकस्तर पाँचौं, कम्प्युटर अपरेटर | ५० | २०७७/१०/१५ |
| २६ | विविध सेवा (कम्प्युटर) | - | अधिकृतस्तर छैटौं, कम्प्युटर इन्जिनियर | १५० | २०७७/१०/१९ |

| क्र.स. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृत मिति |
|---|---|---|---|---|---|
| २७ | विविध सेवा (कम्प्युटर) | - | अधिकृतस्तर छैटौं, कम्प्युटर अधिकृत | १५० | २०७७/१०/१९ |
| २८ | विविध सेवा (महिला विकास) | - | सहायकस्तर चौथो स.म.वि.नि. | २०० | २०७७/०९/१३ |
| २९ | विविध सेवा (महिला विकास) | - | सहायकस्तर पाँचौं म.वि.नि. | २०० | २०७७/०९/१३ |
| ३० | विविध सेवा (महिला विकास) | - | अधिकृतस्तर छैटौं म.वि.अ. | ३०० | २०७७/०९/१३ |
| यस प्रतिवेदन अवधिमा थप | | | | | |
| ३१ | प्रशासन सेवा (आ.प्र.) | सामान्य प्रशासन र लेखा | सहायकस्तर चौथो | २०० | २०७८/०९/०९ |

परिच्छेद ५

# विज्ञापन र दरखास्त

## ५.१ प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको दरबन्दी र पदपूर्तिको अवस्थाः

प्रदेश योजना आयोगको पहिलो पञ्चवर्षीय योजना सम्बन्धी पुस्तक अनुसार प्रदेश तहमा हाल जम्मा ३८८२ दरबन्दी रहेको छ। कर्मचारी समायोजन, पदस्थापना तथा तत्पश्चातका सरुवा सम्बन्धी विवरण राष्ट्रिय किताबखानामा अद्यावधिक गर्ने कार्य प्रकृयामा नै रहेको कारण प्रदेश तथा स्थानीय तहमा पूर्ति भएको र रिक्त रहेको दरबन्दीको अद्यावधिक विवरण प्राप्त हुन सकेको छैन। साथै प्रदेशमा रहेका आफू अन्तर्गतका कर्मचारीहरूको एकीकृत विवरण राख्ने प्रदेशस्तरीय किताबखानाको व्यवस्था नहुँदा एकीकृत विवरण प्राप्त हुन अप्ठ्यारो परेको छ। यद्यपि समायोजन ऐन अनुसार प्रदेश तहमा समायोजित पदहरू मध्ये पनि उल्लेख्य मात्रामा (करिब ६० प्रतिशत) दरबन्दी रिक्त रहेको बुझिएको छ।

## ५.२ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकाः

प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन निर्देशिका), २०७७ बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न पदहरूमा पदपूर्ति सम्बन्धी क्रियाकलापहरूको आर्थिक वर्षभरी सम्पादन हुने कार्यहरू समेटिएको आ.व. ०७८/७९ को वार्षिक कार्यतालिका प्रदेश लोक सेवा आयोगले आर्थिक वर्षको शुरूमै निर्माण गरी प्रकाशन गरेको थियो (अनुसूची-३)। वार्षिक कार्यतालिकामा माग सङ्कलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, सीप परीक्षण तथा प्रयोगात्मक परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरू समावेश गरिएका छन्।

प्रदेश प्रहरी र सङ्गठित संस्थाको पदपूर्ति सम्बन्धी कार्यतालिकाको हकमा प्रतिशत निर्धारण र विज्ञापनका लागि सहमति प्रदान गर्नेदेखि लिखित परीक्षाको नतिजा प्रकाशन गर्नेसम्मका क्रियाकलापहरू समावेश गरिन्छ । हालसम्म यस्ता संस्थाहरूबाट पदपूर्ति सम्बन्धी कार्य शुरु भएको छैन।

## ५.३ प्रतिशत निर्धारणः

प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवामा रिक्त रहेका पदहरूमा पदपूर्तिका लागि रिक्त भए पश्चात प्रचलित कानून बमोजिमको अवधिमा सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालय/विभाग/कार्यालय र स्थानीय तहहरूले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउनु पर्नेछ। यसरी पदपूर्तिका लागि

माग प्राप्त भएपछि कूल रिक्त पदहरूमध्ये के कति पद कुन विधिबाट पूर्ति गर्ने भन्ने विषयमा सम्बन्धित सेवा सम्बन्धी कानूनका आधारमा प्रदेश लोक सेवा आयोगबाट प्रतिशत निर्धारण गरिन्छ। आ.व. २०७८/७९ मा स्थानीय सरकारी सेवातर्फका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत माग भई आएका विभिन्न पदहरूको प्रतिशत निर्धारण गरी पदपूर्तिका काम कारवाहीहरू अगाडि बढाइएको छ। यस अवधिमा भएका प्रतिशत निर्धारण सम्बन्धी विवरण तालिका नं. १० मा प्रस्तुत गरिएको छ।

त्यस्तै प्रदेश प्रहरी सेवा र सङ्गठित संस्थाहरूको रिक्त पदहरूमा सम्बन्धित निकायका कर्मचारी सेवा शर्त सम्बन्धी कानूनमा उल्लिखित प्रावधान अनुसार प्रतिशत निर्धारण गरिनेछ। हालसम्म यस्ता निकायहरूले यस सम्बन्धी कामहरू अघि बढाइसकेको अवस्था देखिदैन।

तालिका नं. १०

## प्रतिशत निर्धारणको विवरण (आ.व. २०७८/७९)

| सि.नं. | सेवा | तह | जम्मा माग पद संख्या | पदपूर्ति हुने प्रकृया अनुसारको संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | खुला तथा समावेशी प्रतियोगिताद्वारा | का.क्ष. मु.द्वारा | आ.प्र.द्वारा | जे.र का.स.मु. द्वारा |
| १ | इन्जिनियरिङ्ग | चौथों | १३ | १२ | - | १ | ० |
| | | पाँचौ | १ | १ | - | - | - |
| | | छैटौं | १२ | ९ | - | - | ३ |
| | जम्माः | | २६ | २२ | ० | १ | ३ |
| २ | कृषि | चौथों | ९६ | ९६ | - | - | - |
| | | पाँचौ | १०७ | ८४ | - | - | २३ |
| | | छैटौं | २० | २० | - | - | - |
| | जम्माः | | २२३ | २०० | ० | ० | २३ |
| ३ | न्याय | चौथों | - | - | - | - | - |
| | | पाँचौ | ३ | ३ | - | - | - |
| | | छैटौं | - | - | - | - | - |
| | जम्माः | | ३ | ३ | ० | ० | ० |
| ४ | प्रशासन | चौथों | १०८ | ८१ | - | २२ | ५ |
| | | पाँचौ | २६२ | १४५ | ४० | - | ७७ |

| सि.नं. | सेवा | तह | जम्मा माग पद संख्या | पदपूर्ति हुने प्रकृया अनुसारको संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | खुला तथा समावेशी प्रतियोगिताद्वारा | का.क्ष. मु.द्वारा | आ.प्र.द्वारा | जे.र का.स.मु. द्वारा |
| | | छैटौं | ५४ | ३७ | - | - | १७ |
| | जम्माः | | ४२४ | २६३ | ४० | २२ | ९९ |
| ५ | विविध | चौथों | २१ | २१ | - | - | - |
| | | पाँचौ | १६ | १६ | - | - | - |
| | | छैटौं | - | - | - | - | - |
| | जम्माः | | ३७ | ३७ | ० | ० | ० |
| ६ | शिक्षा | चौथों | - | - | - | - | - |
| | | पाँचौ | २३ | २३ | - | - | - |
| | | छैटौं | ९ | ८ | - | - | १ |
| | जम्माः | | ३२ | ३१ | ० | ० | १ |
| | कूल जम्मा | | ७४५ | ५५६ | ४० | २३ | १२६ |

उपरोक्त तालिका नं. १० अनुसार कार्यक्षमता मूल्याङ्कनद्वारा जम्मा ४० र जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा १२६ जनाको गरी जम्मा १६६ जना कर्मचारीको पदोन्नति हुन सकेको छैन। यसको कारणमा सम्बन्धित कर्मचारीहरूको सेवा, शर्त सम्बन्धी कानून निर्माणमा आधिकारिक निकायहरूले देखाएको उदासीनता नै हो भन्ने आयोगको ठम्याई रहेको छ।

## ५.४ विज्ञापनः

यस आयोगबाट प्रतिवेदन अवधि आ.व. २०७८/७९ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत माग भई यस आयोगबाट प्रतिशत निर्धारण हुँदा खुला र आन्तरिक प्रतियोगितातर्फ कायम भएका स्थानीय सरकारी सेवाका कृषि सेवा, इन्जिनियरिङ्ग सेवा, विविध सेवा, शिक्षा सेवा, प्रशासन सेवा र न्याय सेवाका विभिन्न समूहहरूको सहायकस्तर चौथो तह, सहायकस्तर पाँचौं तह र अधिकृतस्तर छैटौं तहको आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी गरी कूल ५७७ पदका लागि जम्मा ४७ वटा विज्ञापनहरू प्रकाशन गरिएको थियो। जसमा आन्तरिक प्रतियोगितातर्फ २३ पद, खुलातर्फ ४५६ पद र समवेशीतर्फ ९८ पद रहेका थिए। यस अवधिमा भएका विज्ञापन र विज्ञापित पद संख्यालाई तालिका नं. ११ मा र विज्ञापित पद संख्यालाई चित्र नं. २ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ११

## विज्ञापनहरूको संख्या र विज्ञापित पद संख्या

| सि.नं. | सेवा | विज्ञापन संख्या | | | | विज्ञापित पद संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.प्र. | खुला | समावेशी | जम्मा | आ.प्र. | खुला | समावेशी | जम्मा |
| १ | इन्जिनियरिङ्ग | १ | ३ | २ | ६ | १ | २० | २ | २३ |
| २ | कृषि | - | १५ | ४ | १९ | - | १९० | १० | २०० |
| ३ | न्याय | - | १ | - | १ | - | ३ | - | ३ |
| ४ | प्रशासन | १ | ३ | ११ | १५ | २२ | १७८ | ८५ | २८५ |
| ५ | विविध | - | ३ | १ | ४ | - | ३४ | १ | ३५* |
| ६ | शिक्षा | - | २ | - | २ | - | ३१ | - | ३१ |
| जम्मा: | | २ | २७ | १८ | ४७ | २३ | ४५६ | ९८ | ५७७ |

* *उल्लेखित तालिकाको सि.नं. ५, विविध सेवाको जम्मा ३७ पदका लागि प्रतिशत निर्धारण भएकोमा सम्बन्धित स्थानीय तहले २ वटा पद पूर्ति भइसकेको भनी दिएको जानकारीका आधारमा आयोगको मिति २०७८/०७/०७ को निर्णयानुसार २ वटा पद कटौती गरी ३५ पदको लागि विज्ञापन भएको थियो।*

माथि उल्लेखित तालिका नं. ११ मा दिइएको तथ्याङ्कलाई चित्र नं. २ मा रहेको स्तम्भ चित्रमासमेत प्रस्तुत गरिएको छ। सो अनुसार आ.प्र.तर्फ प्रशासन सेवामा २२ र इन्जिनियरिङ्ग सेवामा १ पदका लागि विज्ञापन भएको छ भने खुलातर्फ सबैभन्दा बढी कृषि सेवामा १९० र सबैभन्दा कम न्याय सेवामा ३ पदका लागि विज्ञापन भएको छ। त्यसैगरी समावेशीतर्फ सबैभन्दा बढी प्रशासन सेवामा ८५ पदका लागि विज्ञापन भएको तथ्याङ्क रहेको छ भने प्रत्येक स्थानीय तहको माग अनुसार प्रतिशत निर्धारण एवं सोही आधारमा विज्ञापन हुने कारण न्याय सेवा र शिक्षा सेवामा समावेशी कोटा शून्य हुन गएको देखिन्छ।

चित्र नं. २

### आ.व. २०७८/७९ मा विज्ञापित पदसंख्या



### ५.४.१ खुला र समावेशी समूहको विज्ञापनः

यस आयोगबाट प्रतिवेदन अवधिमा आ.प्र. तथा खुला र समावेशीतर्फ भएका कूल ४७ विज्ञापनबाट जम्मा ५७७ पदहरूको लागि विज्ञापन प्रकाशित भएको थियो। जसमा खुलातर्फ २७ वटा विज्ञापनमा ४५६ पद र समावेशी समूहतर्फ १८ वटा विज्ञापनमा ९८ पदका लागि विज्ञापन भएको थियो। त्यसैगरी आ.प्र.तर्फ जम्मा २३ पदका लागि विज्ञापन प्रकाशन भएको थियो तर आ.प्र.तर्फ इन्जिनियरिङ् सेवा, सर्भे समूह, अमिन पद, चौथो तहको माग पद संख्या १ मा दरखास्त परेको थिएन । यसरी खुला र समावेशी समूहको विज्ञापनको विवरण तालिका नं. १२ मा उल्लेख गरिएको छ।

तालिका नं. १२

**खुला र समावेशी समूहका विज्ञापन र पद संख्या**

| सि.नं. | विवरण | विज्ञापन संख्या | पद संख्या |
|---|---|---|---|
| १ | आन्तरिक प्रतियोगितातर्फ | २ | २३ |
| २ | खुलातर्फ | २७ | ४५६ |
| ३ | समावेशीतर्फ जम्मा | १८ | ९८ |
| | क) महिला | ९ | ६७ |
| | ख) आ.ज. | ४ | २१ |
| | ग) मधेशी | ३ | ७ |
| | घ) दलित | २ | ३ |
| | कूल जम्माः | ४७ | ५७७ |

उपरोक्त तालिका नं. १२ मा उल्लेखित तथ्याङ्कलाई पाई (π) चार्टमा चित्र नं. ३ मा प्रस्तुत गरिएको छ।

चित्र नं. ३

**विज्ञापित पदहरुको वर्गीकरण**



## ५.५ दरखास्तः

आ.व. २०७८/७९ मा स्थानीय सरकारी सेवातर्फका विभिन्न सेवा, समूहका सहायक चौथो/पाचौ र अधिकृत छैटौ तहका विभिन्न पदहरूको आन्तरिक प्रतियोगिता र खुला तथा समावेशीतर्फ गरी कूल ५ सय ७७ पदका लागि भएका जम्मा ४७ वटा विज्ञापनहरूमा कूल ९६ हजार ९ सय ५२ दरखास्तहरू अनलाइनमार्फत संकलन भएको थियो। जसमध्ये आ.प्र.तर्फ ३ सय ५०, खुलातर्फ ९५ हजार ७ सय ८१ र समावेशीतर्फ ३७ हजार ७ सय २७ गरी जम्मा १ लाख ३३ हजार ८ सय ५८ दरखास्त संकलन भएको देखिन्छ। यसरी हेर्दा आ.प्र. र समावेशीतर्फका उम्मेदवारहरूको दरखास्त खुलामासमेत दोहोरिने हुँदा समावेशीसहितको कूल तथ्याङ्क फरक परेको देखिन्छ। दरखास्त संकलनको खण्डिकृत विवरण विभिन्न तालिकामा प्रस्तुत गरिएको छ।

### ५.५.१ विज्ञापनको प्रकार अनुसार दरखास्तको वर्गीकरणः

यस अवधिमा भएका विज्ञापनहरू अनुसार संकलित दरखास्तहरूलाई आ.प्र., खुला र समावेशी समूहअनुसार गरिएको वर्गीकृत तथ्याङ्क तालिका नं. १३ मा प्रस्तुत गरिएको छ।

तालिका नं. १३

**विज्ञापनको प्रकार अनुसार दरखास्त संकलन अवस्था**

| सि.नं. | विवरण | संकलित दरखास्त संख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | प्रतिशत |
| १ | आन्तरिक प्रतियोगितातर्फ | ५९ | २९१ | ३५० | ०.२६ |
| २ | खुलातर्फ | ३९१५८ | ५६६२३ | ९५७८१ | ७१.५५ |
| ३ | समावेशीतर्फ जम्मा | २७०५३ | १०६७४ | ३७७२७ | २८.१९ |
| | क) महिला | २२४९५ | - | २२४९५ | १६.८० |
| | ख) आ.ज. | ३२६१ | ४५९६ | ७८५७ | ५.८८ |
| | ग) मधेशी | ११३१ | ५४४० | ६५७१ | ४.९१ |
| | घ) दलित | १६६ | ६३८ | ८०४ | ०.६० |
| | कूल जम्माः | ६६२७० | ६७५८८ | १३३८५८ | १०० |

उपरोक्त तालिका अनुसार खुलातर्फ ७१.५५ प्रतिशत, समावेशीतर्फ २८.१९ प्रतिशत र आन्तरिक प्रतियोगितातर्फ ०.२६ प्रतिशत दरखास्तहरू संकलन भएका थिए।

### ५.५.२ विज्ञापित पद अनुसार संकलित दरखास्त संख्या र प्रतिपद औसत दरखास्त

यस अवधिमा भएका विभिन्न सेवा, समूहका विभन्न तह र पदका लागि प्रकाशित विज्ञापनहरूमा संकलित दरखास्त संख्याको तथ्याङ्क माग पद संख्या र प्रतिपद औसत दरखास्तसहित तालिका नं. १४ मा प्रस्तुत गरिएको छ।

तालिका नं. १४

## विज्ञापित पद अनुसार संकलित दरखास्त संख्या र प्रतिपद औसत दरखास्त

| क्र. सं. | विज्ञापित पद विवरण | | | | संकलित दरखास्तको संख्या | | | प्रतिपद औसत दरखास्त |
|---|---|---|---|---|---|---|---|---|
| | पद | सेवा/समुह | तह | माग पद | महिला | पुरुष | जम्मा | |
| १ | ना.प्रा.स. | कृषि/कृषि प्रसार | ४ | २८ | ३४९७ | ३२९९ | ६७९६ | २४३ |
| २ | ना.स्वा.प्रा. | कृषि/भेटेरीनरी | ४ | ३६ | १३८२ | ३७८६ | ५१६८ | १४४ |
| ३ | ना.प.से.प्रा. | कृषि/ला.पो.डे.डे. | ४ | २८ | ११०२ | ३२१५ | ४३१७ | १५४ |
| ४ | ना.प्रा.स. | कृषि/बाली संरक्षण | ४ | १ | १६४६ | १५५७ | ३२०३ | ३२०३ |
| ५ | ना.प्रा.स. | कृषि/एग्रोनोमी | ४ | २ | १७१७ | १५२९ | ३२४६ | १६२३ |
| ६ | ना.प्रा.स. | कृषि/मत्स्य | ४ | १ | ५६६ | १२२९ | १७९५ | १७९५ |
| ७ | अमिन | इन्जि/सर्भे | ४ | १२* | २४२ | १३५३ | १५९५ | १३३ |
| ८ | प्रा.स. | कृषि/कृषि प्रसार | ५ | २८ | ८३१ | १६३३ | २४६४ | ८८ |
| ९ | पशु स्वा.प्रा. | कृषि/भेटेरीनरी | ५ | २९ | २११ | ५९९ | ८१० | २८ |
| १० | पशु से.प्रा. | कृषि/ला.पो.डे.डे. | ५ | १८ | १८५ | ५४२ | ७२७ | ४० |
| ११ | प्रा.स. | कृषि/बाली संरक्षण | ५ | २ | ४२४ | ७८७ | १२११ | ६०६ |
| १२ | प्रा.स. | कृषि/एग्रोनोमी | ५ | ३ | ४६१ | ८५९ | १३२० | ४४० |
| १३ | प्रा.स. | कृषि/मत्स्य | ५ | ३ | १३६ | ३६८ | ५०४ | १६८ |
| १४ | प्रा.स. | कृषि/बागवानी | ५ | १ | २९६ | ५३१ | ८२७ | ८२७ |
| १५ | सर्वेक्षक | इन्जि/सर्भे | ५ | १ | १२ | ५४ | ६६ | ६६ |
| १६ | क.अ. | विविध | ५ | १३ | ५१५ | २२४७ | २७६२ | २१२ |
| १७ | प्रा.स. | शिक्षा/शि.प्र. | ५ | २३ | ६१५० | ५४५० | ११६०१ | ५०४ |
| १८ | सहायक | प्रशासन/सा.प्र./लेखा/आलेप | ५ | १४५ | ६५६४ | १०९४० | १७५०४ | १२१ |
| १९ | सहायक | न्याय/कानून | ५ | ३ | ११२ | २८० | ३९२ | १३१ |
| २० | म.वि.नि. | विविध | ५ | ३ | ९९६ | | ९९६ | ३३२ |
| २१ | सहायक | प्रशासन/सा.प्र./लेखा | ४ | १०३ | ६११७ | १०३५६ | १६४७३ | १६० |
| २२ | स.म.वि.नि. | विविध | ४ | १९ | ५४८६ | | ५४८६ | २८९ |
| २३ | अधिकृत | प्रशासन/सा.प्र. | ६ | ३७ | १०५३ | २४११ | ३४६४ | ९४ |
| २४ | इन्जिनियर | इन्जि./सिभिल | ६ | ९ | ८९ | १३६६ | १४५५ | १६२ |
| २५ | स.कृ.प्र.अ. | कृषि/कृषि प्रसार | ६ | १५ | २५३ | ५२० | ७७३ | ५२ |
| २६ | स.प.चि. | कृषि/भेटेरीनरी | ६ | ५ | १९ | ७३ | ९२ | १८ |
| २७ | अधिकृत | शिक्षा/शि.प्र. | ६ | ८ | ८०६ | १०९९ | १९०५ | २३८ |
| | | जम्मा: | | ५७६ | ४०८६८ | ५६०८३ | ९६९५२ | |

* *इन्जि. सेवा, सर्भे समूह, चौथो तह, अमिन पदका लागि आ.प्र. तर्फ १ पदका लागि भएको विज्ञापनमा कुनैपनि दरखास्त नपरेको।*

उपरोक्त तालिका अनुसार आयोगबाट प्रतिवेदन अवधिमा प्रकाशित प्रत्येक विज्ञापनका लागि संकलन भएका दरखास्त संख्या र सम्बन्धित पदका लागि माग भएका पद संख्याका आधारमा प्रतिपद औसत गणना गर्दा सबैभन्दा बढी कृषि सेवा, बाली संरक्षण समूह, चौथो तहको नायव प्राविधिक सहायक पदमा प्रत्येक पदका लागि ३२०३ वटा र सबैभन्दा कम कृषि सेवा, भेटेरीनरी समूह, छैटौं तहको सहायक पशु चिकित्सक पदमा प्रत्येक पदका लागि १८ वटा दरखास्त पर्न आएको देखिन्छ।

### ५.५.३ दरखास्तको भौगोलिक वर्गीकरण

यस अवधिमा भएका विज्ञापनहरूमा संकलित दरखास्तहरूलाई दरखास्तदाताको स्थायी ठेगानाका आधारमा भौगोलिक क्षेत्रगत, प्रदेशगत र जिल्लागत रूपमा वर्गीकरण गरी क्रमशः तालिकामा प्रस्तुत गरिएको छ।

#### ५.५.३.१ भौगोलिक क्षेत्रगत वर्गीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ मा गरिएको जिल्लाको वर्गीकरण अनुसार नेपालका विभिन्न भौगोलिक क्षेत्रबाट पर्न आएका दरखास्तहरूको विवरण तहगत रूपमा तालिका नं १५ मा प्रस्तुत गरिएको छ। जसमा भित्री मधेश र काठमाडौं उपत्यका क्षेत्रको तथ्याङ्क यस आयोगको दरखास्त संकलन सम्बन्धी अनलाइन प्रणालीमा उपलब्ध नभएको हुँदा प्रस्तुत हुन सकेको छैन।

तालिका नं. १५

**भौगोलिक क्षेत्र अनुसारको तहगत दरखास्त संख्या**

| भौगोलिक क्षेत्र | उम्मेदवार संख्या | | | | |
|---|---|---|---|---|---|
| | चौथो तह | पाँचौ तह | छैटौं तह | जम्मा | प्रतिशत |
| हिमाल | ७७०९ | ५७०२ | ८२७ | १४२३८ | १४.६९ |
| पहाड | २१७२९ | १७५७९ | ३०८० | ४२३८८ | ४३.७२ |
| तराई | १८६४१ | १७९०३ | ३७८२ | ४०३२६ | ४१.५९ |
| जम्माः | ४८०७९ | ४११८४ | ७६८९ | ९६९५२ | १००.०० |

#### ५.५.३.२ प्रदेशगत वर्गीकरण

यस आयोगको अनलाइन प्रणालीमार्फत संकलित दरखास्त संख्यालाई दरखास्तदाताको स्थायी बसोबास रहेको प्रदेश अनुसार वर्गीकृत गरी तालिका नं १६ मा प्रस्तुत गरिएको छ। जसमा सबैभन्दा बढी प्रदेश नं. १ बाट ४५.९८ प्रतिशत र सबैभन्दा कम संख्यामा गण्डकी प्रदेशबाट २.३८ प्रतिशत दरखास्त परेको देखिन्छ।

तालिका नं. १६

### प्रदेश अनुसारको तहगत दरखास्त संख्या

| प्रदेश | उम्मेद्वार संख्या | | | | |
|---|---|---|---|---|---|
| | चौथो तह | पाँचौ तह | छैटौं तह | जम्मा | प्रतिशत |
| १ नं. | २०१४१ | २०९१२ | ३५२१ | ४४५७४ | ४५.९८ |
| मधेश | ९११८ | ७४८६ | १५६४ | १८१६८ | १८.७३ |
| वागमती | २५५६ | १९७१ | ५४९ | ५०७६ | ५.२४ |
| गण्डकी | १०५८ | ८६७ | ३८५ | २३१० | २.३८ |
| लुम्विनी | ३३८८ | २९७३ | ७१६ | ७०७७ | ७.३० |
| कर्णाली | ८१८१ | ४५९१ | ४४२ | १३२१४ | १३.६३ |
| सु.प. | ३६३७ | २३८४ | ५१२ | ६५३३ | ६.७४ |
| जम्माः | ४८०७९ | ४११८४ | ७६८९ | ९६९५२ | १००.०० |

### ५.५.३.३ जिल्लागत वर्गीकरण

यस प्रतिवेदन अवधिमा भएका विज्ञापनहरूमा देशभरीका ७७ वटा जिल्ला मध्ये ७६ वटा जिल्लामा स्थायी बसोबास भएका आवेदकहरूले अनलाइन प्रणालीमार्फत दरखास्त पेश गरेका छन। जसमध्ये सबैभन्दा बढी दरखास्त संख्या क्रमशः मोरङ, झापा र सुनसरी जिल्लाबाट परेको छ भने सबैभन्दा कम दरखास्त संख्या क्रमशः मुस्ताङ, रसुवा र भक्तपुरबाट परेको देखिन्छ। यसैगरी १ मात्र जिल्ला मनाङ्बाट भने सबै तहको विज्ञापनमा कुनै पनि दरखास्त नपरेको तथ्याङ्क रहेको छ । दरखास्त संकलनको जिल्लागत स्थितिलाई तालिका नं १७ मा तहगत आधारमा प्रस्तुत गरिएको छ।

तालिका नं. १७

### प्रदेश/जिल्लागत दरखास्त संख्याको विवरण

| प्रदेश/जिल्ला | तहगत दरखास्त संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | चौथो | पाँचौ | छैटौं | |
| **१ नं प्रदेश** | **२०१४१** | **२०९१२** | **३५२१** | **४४५७४** |
| मोरङ | २८२४ | ३३९३ | ५८० | ६७९७ |
| झापा | १८२० | २२२८ | ४९३ | ४५४१ |
| सुनसरी | १८५५ | २०७६ | ३७० | ४३०१ |
| खोटाङ | २१०५ | १६४३ | २२७ | ३९७५ |

| प्रदेश/जिल्ला | तहगत दरखास्त संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | चौथो | पाँचौ | छैटौं | |
| इलाम | १५५३ | १५४५ | २८७ | ३३८५ |
| उदयपुर | १५३६ | १५३४ | २२३ | ३२९३ |
| धनकुटा | १४७५ | १४५६ | २२४ | ३१५५ |
| भोजपुर | १२६८ | १४३१ | २८३ | २९८२ |
| संखुवासभा | १२२४ | १३७१ | २०५ | २८०० |

| प्रदेश/जिल्ला | तहगत दरखास्त संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | चौथो | पाँचौ | छैटौं | |
| ओखलढुङ्गा | १३१६ | ९३० | ११४ | २३६० |
| पाँचथर | १०११ | ११०४ | १८६ | २३०१ |
| तेह्रथुम | ६६० | ९५० | १२० | १७३० |
| ताप्लेजुङ | ७९७ | ७९१ | १४० | १७२८ |
| सोलुखुम्बु | ६९७ | ४६० | ६९ | १२२६ |
| **मधेश प्रदेश** | **९११८** | **७४८६** | **१५६४** | **१८१६८** |
| सप्तरी | १६७४ | १६६१ | ४०७ | ३७४२ |
| सिरहा | १२६९ | ११५१ | २८८ | २७०८ |
| सर्लाही | १३२५ | १०४६ | १५९ | २५३० |
| रौतहट | १४७३ | ७४१ | १०८ | २३२२ |
| धनुषा | ९०२ | ९४० | २४७ | २०८९ |
| महोत्तरी | ९०० | ८०३ | १९५ | १८९८ |
| बारा | ९१९ | ६७७ | ९८ | १६९४ |
| पर्सा | ६५६ | ४६७ | ६२ | ११८५ |
| **वागमती प्रदेश** | **२५५६** | **१९७१** | **५४९** | **५०७६** |
| सिन्धुली | ८२४ | ६७१ | ९४ | १५८९ |
| रामेछाप | ३२७ | २२१ | ४५ | ५९३ |
| मकवानपुर | ३०० | २०२ | ५२ | ५५४ |
| दोलखा | २८६ | २२२ | ४५ | ५५३ |
| चितवन | ९६ | ११८ | ८० | २९४ |
| काभ्रेपलाञ्चोक | १३८ | ११९ | ३० | २८७ |
| सिन्धुपाल्चोक | १३२ | १०५ | ३१ | २६८ |
| धादिङ | १४९ | ८४ | २९ | २६२ |
| नुवाकोट | ११६ | ८१ | ३६ | २३३ |
| ललितपुर | १०३ | ४३ | २६ | १७२ |
| काठमाडौं | ३६ | ७८ | ५४ | १६८ |
| भक्तपुर | २३ | २१ | २२ | ६६ |
| रसुवा | २६ | ६ | ५ | ३७ |

| प्रदेश/जिल्ला | तहगत दरखास्त संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | चौथो | पाँचौ | छैटौं | |
| **गण्डकी प्रदेश** | **१०५८** | **८६७** | **३८५** | **२३१०** |
| स्याङजा | १४७ | १५८ | ८६ | ३९१ |
| गोरखा | १६८ | १३० | ५० | ३४८ |
| पर्वत | १४१ | १५९ | ४७ | ३४७ |
| बागलुङ | १३३ | १०२ | ४१ | २७६ |
| कास्की | ९५ | ८५ | ३९ | २१९ |
| तनहुँ | १०१ | ६९ | ४० | २१० |
| न.प.(पूर्व) | ८६ | ७७ | ४५ | २०८ |
| लमजुङ | ६८ | ६६ | २९ | १६३ |
| म्याग्दी | १०४ | १३ | ७ | १२४ |
| मुस्ताङ | १५ | ८ | १ | २४ |
| **लुम्बिनी प्रदेश** | **३३८८** | **२९७३** | **७१६** | **७०७७** |
| रोल्पा | ५८२ | ३२८ | २२ | ९३२ |
| दाङ | ३७७ | ४५१ | १०१ | ९२९ |
| बर्दिया | ५०० | ३१७ | ७३ | ८९० |
| गुल्मी | ३०३ | ३५८ | ९८ | ७५९ |
| रुपन्देही | २६६ | २६७ | ९५ | ६२८ |
| प्यूठान | २७९ | २८६ | ६१ | ६२६ |
| अर्घाखाँची | २१७ | २८९ | ९१ | ५९७ |
| कपिलवस्तु | २४३ | २५५ | ४४ | ५४२ |
| बाँके | २५१ | १७४ | ४५ | ४७० |
| पाल्पा | १५७ | १३४ | ३९ | ३३० |
| रुकुम(पूर्वी) | १३० | ५४ | ५ | १८९ |
| न.प.(पश्चिम) | ८३ | ६० | ४२ | १८५ |
| **कर्णाली प्रदेश** | **८१८१** | **४५९१** | **४४२** | **१३२१४** |
| रुकुम(पश्चिम) | १९६१ | ८३४ | ७४ | २८६९ |
| सल्यान | ११८१ | ६७२ | ५५ | १९०८ |
| जुम्ला | १००४ | ६७७ | ६८ | १७४९ |

| प्रदेश/जिल्ला | तहगत दरखास्त संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | चौथो | पाँचौ | छैटौं | |
| दैलेख | ९४९ | ७०७ | ७२ | १७२८ |
| जाजरकोट | ७५१ | ४२७ | ३६ | १२१४ |
| कालिकोट | ६८६ | ३३६ | ३६ | १०५८ |
| सुर्खेत | ४८६ | ४३३ | ७२ | ९९१ |
| हुम्ला | ५२० | २३७ | ११ | ७६८ |
| मुगु | ३९८ | १९१ | ११ | ६०० |
| डोल्पा | २४५ | ७७ | ७ | ३२९ |
| **सुदुर-पश्चिम प्रदेश** | **३६३७** | **२३८४** | **५१२** | **६५३३** |
| बझाङ | ६७४ | ४१५ | ६८ | ११५७ |
| बैतडी | ५३७ | ३१९ | ७३ | ९२९ |
| कैलाली | ३९५ | ३१८ | १११ | ८२४ |
| अछाम | ४७४ | ३०१ | ४८ | ८२३ |
| दार्चुला | ४३२ | २७७ | ४७ | ७५६ |
| बाजुरा | ४२० | २४१ | ३० | ६९१ |
| कञ्चनपुर | ३०१ | २२९ | ८० | ६१० |
| डोटी | २११ | १४२ | २५ | ३७८ |
| डँडेलधुरा | १९३ | १४२ | ३० | ३६५ |
| कूल जम्माः | ४८०७९ | ४११८४ | ७६८९ | ९६९५२ |

### ५.५.४ दरखास्त दिनेको रोजगारीको अवस्था

आयोगबाट प्रकाशित विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूको व्यक्तिगत विवरणमा उल्लेख भए बमोजिम तत्कालिन अवस्थाको रोजगारीको स्थितिलाई तहगत रूपमा देहायको तालिका नं. १८ मा दिइएको छ। रोजगारीको स्थितिका आधारमा तथ्याङ्क विश्लेषण गर्दा ८५.६१ प्रतिशत वेरोजगार र ७.३२ प्रतिशत दरखास्तदाताहरू सरकारी सेवामा कार्यरत रहेको देखिन्छ। त्यसैगरी करिब ३ प्रतिशत गैह्रसरकारी सेवामा र करिब ३ प्रतिशत स्वरोजगार रहेको देखिन्छ।

तालिका नं. १८

**उम्मेदवारको रोजगारीका आधारमा दरखास्तको वर्गीकरण**

| रोजगारीको स्थिति | तहगत दरखास्त संख्या | | | | |
|---|---|---|---|---|---|
| | चौथो तह | पाँचौ तह | छैटौं तह | जम्मा | प्रतिशत |
| बेरोजगार | ४२८४८ | ३५०४२ | ५११९ | ८३००९ | ८५.६१ |
| सरकारी सेवा* | २३८५ | २९६५ | १७४३ | ७०९३ | ७.३२ |
| गैर सरकारी सेवा | १०८५ | १३७५ | ४१६ | २८७६ | २.९७ |
| स्वरोजगार | ११९१ | ११५७ | २८२ | २६३० | २.७१ |
| अन्य | ५५९ | ६४७ | १३८ | १३४४ | १.३९ |
| जम्माः | ४८०६८ | ४११८६ | ७६९८ | ९६९५२ | १००.०० |

** माथिल्लो पदका विज्ञापनमा दरखास्त दिने सरकारी सेवामा कार्यरत कर्मचारी*

### ५.५.५ धर्मका आधारमा दरखास्तको वर्गीकरण

यस अवधिमा अनलाइन प्रणालीमार्फत परेका दरखास्तहरूमा सम्बन्धित उम्मेदवारहरूले भरेको विवरण अनुसार निजहरूले मान्ने धर्मका आधारमा हेर्दा सबैभन्दा बढी हिन्दु र सबैभन्दा कम जैन धर्मका व्यक्तिहरूले आवेदन पेश गरेको तथ्याङ्कलाई तहगत रूपमा वर्गीकरण गरेर तालिका नं. १९ मा प्रस्तुत गरिएको छ।

तालिका नं. १९

**धर्मका आधारमा दरखास्तको वर्गीकरण**

| धर्म | उम्मेदवार संख्या | | | | |
|---|---|---|---|---|---|
| | चौथो तह | पाँचौ तह | छैटौं तह | जम्मा | प्रतिशत |
| हिन्दु | ४३३९२ | ३६६५४ | ६८८२ | ८६९२८ | ८९.६६ |
| बौद्ध | १५६३ | १३५५ | २३३ | ३१५१ | ३.२५ |
| ईसाई | ३५१ | ३२३ | ४१ | ७१५ | ०.७४ |
| मुस्लिम | २३२ | २०२ | ३० | ४६४ | ०.४८ |
| सिख | | १ | २ | ३ | ०.०० |
| जैन | | | १ | १ | ०.०० |
| अन्य * | २५२७ | २६६६ | ४९७ | ५६९० | ५.८७ |
| जम्माः | ४८०६५ | ४१२०१ | ७६८६ | ९६९५२ | १००.०० |

** आयोगको अनलाइन दरखास्त प्रणालीमा उल्लेख भएका धर्मबाहेक अरू सबै धर्म मान्ने दरखास्तदाताहरूको तथ्याङ्क अन्य समूहमा समूहिकृत भएको छ।*

### ५.५.६ दरखास्त नपरेका विज्ञापनहरू

यस प्रतिवेदन अवधिमा प्रकाशित भएका विज्ञापनहरू मध्ये वि.नं. ११/२०७८-७९ (आ.प्र.), सेवाः इन्जिनियरिङ्, समूहः सर्भे, तहः चौथो, पदः अमिन, माग पद संख्याः १ का लागि भएको विज्ञापनमा कुनैपनि दरखास्त प्राप्त भएन।

### ५.५.७ अस्वीकृत भएका दरखास्तः

प्रतिवेदन अवधिमा भएका विज्ञापनहरूमा पर्न आएका दरखास्तहरू मध्ये केही दरखास्तहरू स्वीकृत गर्न सकिएन। जसको तहगत संख्या तालिका नं. २० मा उल्लेख गरिएको छ।

तालिका नं. २०

## अस्वीकृत दरखास्तको विवरण

| विज्ञापन भएको तह | कूल परेको दरखास्त | | | स्वीकृत भएका दरखास्त | | | अस्वीकृत दरखास्त | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | प्रतिशत |
| चौथो | २२०९४ | २७०३३ | ४९१२७ | २१७५५ | २६३२४ | ४८०७९ | ३३९ | ७०९ | १०४८ | २.१३ |
| पाचौ | १७२९९ | २४९९९ | ४२२९८ | १६८९३ | २४२९० | ४११८४ | ४०६ | ७०९ | १११४ | २.६३ |
| छैटौ | २२२७ | ५५०४ | ७७३१ | २२२० | ५४६९ | ७६८९ | ७ | ३५ | ४२ | ०.५४ |
| कूल जम्मा | ४१६२० | ५७५३६ | ९९१५६ | ४०८६८ | ५६०८३ | ९६९५२ | ७५२ | १४५३ | २२०४ | २.२२ |

उल्लेखित तालिकामा देखाइए अनुसार चौथो, पाँचौ र छैटौं तहमा पर्न आएका कूल ९९ हजार १ सय ५६ दरखास्तहरूमध्ये तोकिएको म्यादभित्र परीक्षा दस्तुर नबुझाएको, आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्र पेश नगरेको एवं उमेर हद नाघेको जस्ता मुख्य कारणले जम्मा २ हजार २ सय ४ वटा दरखास्तहरू यस प्रतिवेदन अवधिमा अस्वीकृत भएका थिए भने जम्मा ९६ हजार ९ सय ५२ दरखास्तहरू स्वीकृत भएका थिए । अस्वीकृत दरखास्तको प्रतिशत २.२२ रहेको छ।

परिच्छेद ६

# परीक्षा, परीक्षण र लिखित नतिजा

## ६.१ प्रश्नपत्र निर्माण र परिमार्जन

प्रदेश लोक सेवा आयोगले स्थापित मान्यतासमेतलाई मध्येनजर गरी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ मा व्यवस्था भए बमोजिम आवश्यकता अनुसार विभिन्न दक्ष/विज्ञहरूलाई विभिन्न चरणमा सहभागी गराई प्रश्नपत्र निर्माण र परिमार्जन गर्ने गरिएको छ । यस प्रतिवेदन अवधिमा स्थानीय सरकारी सेवा अन्तरगतका विभिन्न सेवा, समूह र तहका जम्मा १९६ सेट कच्चा प्रश्नपत्र निर्माण गरी निर्मित कच्चा प्रश्नपत्रबाट जम्मा ८७ सेट परिमार्जित सेट निर्माण गरिएको र सो मध्येबाट २७ सेट छनौट गरी उपयोग गरिएको छ। प्रयोगमा नआएका परिमार्जित प्रश्नपत्रहरू यस आयोगको प्रश्नपत्र बैंकमा जम्मा रहेको छ। जसको संख्यागत विवरण तालिका नं. २१ मा उल्लेख गरिएको छ।

तालिका नं. २१

**प्रश्नपत्र निर्माण र परिमार्जन सम्बन्धी विवरण**

| क्र. सं. | श्रेणी /तह | सेवा | समूह | पद | कच्चा प्रश्न पत्र सेट | परिमार्जित सेट | खर्च सेट | बाँकी सेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | कृषि | कृषि प्रसार | ना.प्रा.स. | ५ | ३ | १ | २ |
| २ | ४ | कृषि | भेटेरीनरी | ना.पशु स्वा. प्रा. | ५ | ३ | १ | २ |
| ३ | ४ | कृषि | ला.पो. एण्ड डे.डे. | ना.पशु से. प्रा. | ५ | ३ | १ | २ |
| ४ | ४ | कृषि | वाली संरक्षण | ना.प्रा.स. | ५ | ३ | १ | २ |
| ५ | ४ | कृषि | एग्रोनोमी | ना.प्रा.स. | ५ | ३ | १ | २ |
| ६ | ४ | कृषि | मत्स्य | ना.प्रा.स. | ५ | ३ | १ | २ |
| ७ | ४ | इन्जि. | सर्वे | अमिन | ५ | ३ | १ | २ |
| ८ | ५ | कृषि | कृषि प्रसार | प्रा.स. | ५ | ३ | - | ३ |
| ९ | ५ | कृषि | भेटेरीनरी | पशु स्वा. प्रा. | ५ | ३ | १ | २ |
| १० | ५ | कृषि | ला.पो. एण्ड डे.डे. | पशु सेवा प्रा. | ५ | ३ | १ | २ |

| क्र. सं. | श्रेणी /तह | सेवा | समूह | पद | कच्चा प्रश्न पत्र सेट | परिमार्जित सेट | खर्च सेट | बाँकी सेट |
|---|---|---|---|---|---|---|---|---|
| ११ | ५ | कृषि | वाली संरक्षण | प्रा.स. | ५ | ३ | - | ३ |
| १२ | ५ | कृषि | एग्रोनोमी | प्रा.स. | - | - | - | - |
| १३ | ५ | कृषि | मत्स्य | प्रा.स. | ५ | ३ | १ | २ |
| १४ | ५ | कृषि | वागवानी | प्रा.स. | ५ | ३ | १ | २ |
| १५ | ५ | इन्जि. | सर्वे | सर्वेक्षक | ५ | ३ | १ | २ |
| १६ | ५ | विविध | | कम्प्युटर अपरेटर | ५ | ३ | १ | २ |
| १७ | ५ | शिक्षा | शिक्षा प्रशासन | प्रा.स. | ५ | ३ | १ | २ |
| १८ | ५ | प्रशासन | सा.प्र./लेखा/आलेप | सहायक | १२ | ३ | १ | २ |
| १९ | ५ | न्याय | कानून | सहायक | १८ | ६ | २ | ४ |
| २० | ५ | विविध | | म.वि.नि. | १८ | ६ | २ | ४ |
| २१ | ४ | प्रशासन | सा.प्र./लेखा | सहायक | १२ | ३ | १ | २ |
| २२ | ४ | विविध | | स.म.वि..नि. | १९ | ६ | २ | ४ |
| २३ | ६ | प्रशासन | सा.प्र./लेखा | अधिकृत छैटौ | १७ | ३ | १ | २ |
| २४ | ६ | इन्जि. | सिभिल | इन्जिनियर छैटौ | १० | ६ | २ | ४ |
| २५ | ६ | कृषि | कृषि प्रसार | स.कृ.प्र.अ. | १० | ६ | २ | ४ |
| | | | जम्मा | | १९६ | ८७ | २७ | ६० |

उल्लेखित तालिकाको क्र.सं. ४ र ५ मा रहेको कृषि सेवा, बाली संरक्षण र एग्रोनोमी समूहका चौथो तहको प्रश्नपत्र छपाइको कार्यसमेत भइसकेको अवस्थामा परीक्षा स्थगित भएको अवस्था रहेको छ। त्यसैगरी क्र.सं. ८ र ११ मा रहेको कृषि सेवा, कृषि प्रसार र बाली संरक्षण समूहका पाँचौं तहको परीक्षा स्थगित भएको हुँदा तयार गरिएको परिमार्जित प्रश्नपत्र प्रयोग नभएको अवस्था छ भने क्र.सं. १२ को कृषि सेवा, एग्रोनोमी समूहको पाँचौं तहको परीक्षा प्रश्नपत्र निर्माण कार्य शुरू हुनअघि नै स्थगित भएका कारण प्रश्नपत्र निर्माण सम्बन्धी कार्य नै नभएको अवस्था छ। परीक्षा स्थगनको विवरण तालिका नं. २४ मा उल्लेख गरिएको छ ।

## ६.२ लिखित परीक्षा

### ६.२.१ प्रथम चरणको परीक्षाः

प्रदेश लोक सेवा आयोगले सम्बन्धित कानून बमोजिम निर्माण गरेको पाठ्यक्रमले निर्धारण गरेको आधारमा एकीकृत र संयुक्त परीक्षा प्रणाली अवलम्वन गर्नुपर्ने प्रकृतिका प्रतियोगिताहरूमा पाठ्यक्रम अनुसार प्रथम चरणको परीक्षा पद्धति अपनाउने गर्दछ भने प्रथम चरणको परीक्षामा उत्तीर्णाङ्क प्राप्त गर्ने परीक्षार्थीहरूले मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउँछन्। यस प्रतिवेदन अवधिमा प्रकाशित विज्ञापनहरू अन्तरगत प्रशासन सेवाको चौथो, पाँचौं र छैटौं तह, विविध सेवाका चौथो र पाँचौं तहका तथा न्याय सेवाका पाँचौं तहका विज्ञापनहरूमा प्रथम चरणको लिखित परीक्षा सञ्चालन गरिएको थियो। सो परीक्षाहरूमा परेका जम्मा दरखास्त, परीक्षामा भएको उपस्थिति र अनुपस्थितिको तहगत विवरण तालिका नं. २२ मा उल्लेख गरिएको छ।

तालिका नं. २२

**प्रथम चरणको परीक्षामा सम्मिलित परीक्षार्थीको संख्या**

| सेवा | समूह | तह | दरखास्त संख्या | परीक्षार्थी संख्या | अनुपस्थित संख्या | अनुपस्थित % |
|---|---|---|---|---|---|---|
| न्याय | कानून | पाँचौ | ३९४ | २१३ | १८१ | ४५.९४ |
| प्रशासन | सा.प्र./लेखा/ले.प. | पाँचौ | १७५१५ | ११६५३ | ५८६२ | ३३.४७ |
| | सा.प्र./लेखा | चौथो | १६१८५ | ८५३६ | ७६४९ | ४७.२६ |
| | | छैटौं | ३४७० | २३४२ | ११२८ | ३२.५१ |
| विविध | | चौथो | ५५०० | ३४२० | २०८० | ३७.८२ |
| | | पाँचौ | ९९८ | ६१३ | ३८५ | ३८.५८ |
| | | कूल जम्माः | ४४०६२ | २६७७७ | १७२८५ | ३९.२३ |

उपरोक्त तालिका बमोजिम दरखास्त दिने परीक्षार्थीहरू मध्ये सबैभन्दा बढी ४७.२६ प्रतिशत प्रशासन सेवाको चौथो तहमा र सबैभन्दा कम ३२.५१ प्रतिशत प्रशासन सेवाको छैटौं तहमा अनुपस्थित भएका थिए। यसरी जम्मा करिब ३९ प्रतिशत परीक्षार्थी अनुपस्थित रहेका थिए।

### ६.२.२ लिखित परीक्षा संचालनः

स्वीकृत पठ्यक्रमले निर्धारण गरे बमोजिम आयोगबाट प्रकाशित हुने विज्ञापन अन्तर्गत एकै चरणको लिखित परीक्षा हुने विज्ञापन र दुई चरणको लिखित परीक्षा हुने विज्ञापनहरूमा

प्रथम चरणको लिखित परीक्षा उत्तीर्ण भएका उम्मेदवारहरू सम्मिलित हुनेगरी सञ्चालन भएको द्वितीय चरणको परीक्षामा सामेल हुने परीक्षार्थीहरूको तथ्याङ्कलाई यस उपशीर्षकमा समेटिएको छ। यस प्रतिवेदन अवधिमा सञ्चालन भएका विभिन्न सेवाका विभिन्न तहका लिखित परीक्षाहरूका दरखास्त संख्या, परीक्षामा सामेल संख्या र अनुपस्थितिको संख्यालाई तालिका नं. २३ मा उल्लेख गरिएको छ।

तालिका नं. २३

**लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको संख्या**

| सेवा/तह | माग पद संख्या | दरखास्त संख्या | परीक्षार्थी संख्या | अनुपस्थित संख्या | अनुपस्थित % |
|---|---|---|---|---|---|
| **इन्जिनियरिङ्** | १३० | ११८१० | ९७१२ | २०९८ | १७.७६ |
| चौथो तह | ८१ | ७२४५ | ५८९२ | १३५३ | १८.६७ |
| पाँचौ तह | ४९ | ४५६५ | ३८२० | ७४५ | १६.३२ |
| **कृषि** | १४४ | २०९५९ | १५६९९ | ५२६० | २५.१ |
| चौथो तह | ९३ | १८०८९ | १४०९० | ३९९९ | २२.११ |
| पाँचौ तह | ५१ | २८७० | १६०९ | १२६१ | ४३.९४ |
| **न्याय** | ३ | १४८ | ८७ | ६१ | ४१.२२ |
| पाँचौ तह | ३ | १४८ | ८७ | ६१ | ४१.२२ |
| **विविध** | ३५ | ४०७५ | २९८५ | १०९० | २६.७५ |
| चौथो तह | १९ | ११५८ | ९८७ | १७१ | १४.७७ |
| पाँचौ तह | १६ | २९१७ | १९९८ | ९१९ | ३१.५ |
| **शिक्षा** | २३ | ११६०१ | ७४०३ | ४१९८ | ३६.१९ |
| पाँचौ तह | २३ | ११६०१ | ७४०३ | ४१९८ | ३६.१९ |
| **कूल जम्माः** | ३३५ | ४८५९३ | ३५८८६ | १२७०७ | २६.१५ |

उल्लेखित तालिका अनुसार प्रतिवेदन अवधिमा सञ्चालन भएको लिखित परीक्षा (एक चरण मात्र लि.प. हुने र दुई चरण हुनेमा द्वितीय चरण) मा कूल ३ सय ३५ पदका लागि जम्मा ४८ हजार ५ सय ९३ दरखास्त संकलन भएकोमा जम्मा ३५ हजार ८ सय ८६ जना सामेल भएका थिए। जसमा सबैभन्दा बढी ४१.२२ प्रतिशत न्याय सेवा, पाँचौ तहमा र सबैभन्दा कम १४.७७ प्रतिशत विविध सेवा, चौथो तहमा अनुपस्थित रहेको छ।

## ६.२.३ लिखित परीक्षा सञ्चालन हुन नसकेका विज्ञापनहरूः

यस आयोगबाट प्रकाशित भएका विज्ञापनहरू मध्ये यो प्रतिवेदन अवधिमा परीक्षा सञ्चालन हुनुपर्ने निम्न तालिका नं. २४ मा उल्लेखित विज्ञापन अनुसारका पदहरूमा शैक्षिक

योग्यता सम्बन्धी विवादमा अदालतबाट आदेश भएका कारण परीक्षा स्थगन गर्नु परेको थियो। यसरी दरखास्त संकलन भई परीक्षा सञ्चालन हुन नसकेका विज्ञापनहरूको विवाद अदालतबाट नटुंगिएका कारण हालसम्म यथास्थितिमा रहेको अवस्था छ।

तालिका नं. २४

**लिखित परीक्षा सञ्चालन हुन नसकेका विज्ञापनहरू**

| सि.नं. | वि.नं. | पद | सेवा, समूह, उप-समूह | तह | मागपद संख्या | दरखास्त संख्या | स्थगनको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | ०७/०७८-७९(खुला) | ना.प्रा.स. | कृषि, वा.सं. | ४ | १ | ३२०३ | अदालतको आदेश |
| २ | ०८-०९/०७८-७९(खु./म.) | ना.प्रा.स. | कृषि, एग्रोनोमी | ४ | २ | ३२४६ | अदालतको आदेश |
| ३ | १५/०७८-७९(खुला) | प्रा.स. | कृषि, कृ.प्र. | ५ | २८ | २४६४ | अदालतको आदेश |
| ४ | १८/०७८-७९(खुला) | प्रा.स. | कृषि, वा.सं. | ५ | २ | १२११ | अदालतको आदेश |
| ५ | १९/०७८-७९(खुला) | प्रा.स. | कृषि, एग्रोनोमी | ५ | ३ | १३२० | अदालतको आदेश |
| जम्मा | | | | | ३६ | ११४४४ | |

उपरोक्त बमोजिम ३६ पद संख्याको लागि विज्ञापन अनुसार हुनुपर्ने लिखित परीक्षा सम्मानित अदालतको आदेशले रोकिएका छन्।

### ६.२.४ लिखित परीक्षामा अनियमितता गर्नेलाई कारवाही

यस आयोगबाट प्रतिवेदन अवधिमा सञ्चालित विभिन्न परीक्षाहरूमा अनियमितता गर्ने ७ जना परीक्षार्थीहरूलाई नियमानुसार कारवाही गरिएको थियो। जसमा आफ्नो उत्तरपुस्तिकामा अर्को परीक्षार्थीको विवरण भरी बुझाउने, मोवाइल प्रयोग गरी उत्तर सारेको, प्रवेशपत्र तथा आफ्नो पहिचान खुल्ने कुनै कागजात नल्याई हाजिर गरेको, आफ्नो उत्तरपुस्तिकाको फोटो खिंचेको, प्रवेशपत्रमा उत्तर लेखेर ल्याएको, आफ्नो उत्तरपुस्तिका नबुझाई आफैं लगेको जस्ता अनियमितता गरेको पाइएको थियो। यस्ता अनियमित कार्य गर्ने परीक्षार्थीहरूलाई आयोगबाट निर्णय गरी नियमानुसार उक्त दिनको परीक्षा रद्द गरी अनियमितताको गाम्भीर्यताका आधारमा १ वर्ष वा २ वर्षसम्म आयोगबाट लिइने कुनै पनि परीक्षामा सामेल हुन नपाउने गरी कारवाही गरिएको थियो। जसको विवरण अनुसूची ९ मा उल्लेख गरिएको छ ।

## ६.३ उत्तरपुस्तिका संकेतीकरण

यस आयोगबाट प्रतिवेदन अवधिमा सञ्चालित विभिन्न परीक्षाहरूमा सम्मिलित परीक्षार्थीहरूको उत्तरपुस्तिका परीक्षण गर्नुभन्दा अगाडि प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा

आयोग नियमावली, २०७७ तथा कार्य सञ्चालन निर्देशिका, २०७७ ले निर्दिष्ट गरे अनुसार प्रथम र दोश्रो संकेत नं. राखी संकेतीकरण गर्नुपर्ने व्यवस्था अनुरूप यस प्रतिवेदन अवधिमा विभिन्न सेवा, समूहका परीक्षाहरूका ३३ हजार ५ सय १८ वस्तुगत एवं १ हजार २ सय १ विषयगत गरी जम्मा ३४ हजार ७ सय १९ थान उत्तरपुस्तिकाहरूमा प्रथम र दोश्रो संकेत नम्बर राखी संकेतीकरण गरिएको थियो। उत्तरपुस्तिकामा गरिएको संकेतीकरणको तथ्याङ्कलाई तहगत रूपमा विभाजन गर्दा सहायकस्तर चौथो तहका १८ हजार ९ सय ६९ र पाँचौं तहका १५ हजार ७ सय ५० गरी जम्मा ३४ हजार ७ सय १९ हुन आएको देखिन्छ । यस अवधिमा संचालित प्रशासन सेवातर्फको सहायक चौथो र पाँचौ तहका परीक्षाहरूमा प्रयोग भएका २० हजार १ सय ८९ उत्तरपुस्तिकाहरू भने OMR Sheet मा रहेको हुँदा संकेतीकरण गर्नु नपरेको तर सो उत्तरपुस्तिकाहरूलाई विवरण खण्ड र उत्तरखण्ड गरी दुई अलग अलग भागमा छुट्याइएको थियो।

## ६.४ लिखित परीक्षाको नतिजा

यस आयोगबाट प्रकाशित विज्ञापन अनुसारको लिखित परीक्षा सम्पन्न भई उत्तरपुस्तिकामा संकेतीकरणसमेत भइसकेपश्चात लिखित परीक्षा नतिजाको कार्य प्रारम्भ हुन्छ। लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने कार्य प्रकृया आयोगको कार्य सञ्चालन निर्देशिकामा व्यवस्था भएअनुसार अवलम्वन गरिन्छ। जस अनुसार दोश्रो संकेतयुक्त उत्तरपुस्तिका परीक्षण, प्राप्ताङ्क तालिकीकरण, आवश्यकताअनुसार उत्तीर्ण वा छनौट भएका दोश्रो संकेतहरूको सूची निर्माण जस्ता कार्यहरू लिखित नतिजा तयारी अन्तरगत पर्दछन् भने लिखित नतिजा तयारीबाट प्राप्त उत्तीर्ण वा छनौट भएका दोश्रो संकेतहरूको आधारमा विसंकेतीकरण गर्ने, सम्बन्धित उम्मेदवारको विवरण प्राप्त गर्ने र लिखित परीक्षाबाट उत्तीर्ण वा छनौट भएका उम्मेदवारहरूको सूची तयार गरी सूचना प्रकाशन गर्ने लगायतका कार्य लिखित परीक्षा नतिजा प्रकाशन अन्तरगत पर्दछन। लिखित परीक्षाको नतिजासँग सम्बन्धित कार्यहरू आयोगले संवेदनशीलताका साथ एउटा प्रकृयामा संलग्न व्यक्तिलाई प्राप्त हुने जानकारी अर्को प्रकृयामा संलग्न व्यक्तिलाई नहुने तवरले गोप्य रूपमा सम्पादन गर्ने गर्दछ। यस प्रतिवेदन अवधिमा भएका लिखित नतिजा तयारी तथा प्रकाशन सम्बन्धी प्रकाशन योग्य गतिविधिहरू क्रमशः प्रस्तुत गरिएको छ।

### ६.४.१ उत्तरपुस्तिका परीक्षण

यस आयोगबाट सञ्चालन हुने परीक्षाहरूका उत्तरपुस्तिकाहरू संकेतीकरण पश्चात वस्तुगत उत्तरपुस्तिकाहरू फरक फरक व्यक्तिबाट प्रथम परीक्षण, पुनःपरीक्षण र अन्तिम परीक्षण गरिन्छ। विषयगततर्फ फरक खण्डका फरक उत्तरपुस्तिका हुने हुँदा एकै परीक्षार्थीका एकभन्दा बढी उत्तरपुस्तिका हुने हुनाले फरक खण्डको फरक विषय विज्ञबाट परीक्षण गराइन्छ। यसैगरी OMR Sheet मा रहेको उत्तरपुस्तिका विवरण खण्ड र उत्तरखण्ड

फरक फरक कर्मचारीहरुको समूहबाट परीक्षण गराई नतिजा प्रकाशनका लागि सम्बन्धित शाखामा पठाइन्छ। यस प्रतिवेदन अवधिमा भएका उत्तरपुस्तिका परीक्षण सम्बन्धी तथ्याङ्क तालिका २५ मा उल्लेख गरिएको छ।

तालिका नं. २५

**उत्तरपुस्तिका परीक्षण सम्वन्धी विवरण**

| पद(सेवा) | तह | उ.पुस्तिका किसिम | चौथो तह | | पाँचौ तह | | जम्मा उ.पु. संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | प्राविधिक | अ.प्रा. | प्राविधिक | अ.प्रा. | |
| अ.स.इ.(इन्जि.) | ४ | वस्तुगत | ४७०० | | | | ४७०० |
| स.इ.(इन्जि.) | ५ | वस्तुगत | | | ३७८६ | | ३७८६ |
| सर्भेक्षक(इन्जि.) | ५ | वस्तुगत | | | ४२ | | ४२ |
| अमिन(इन्जि.) | ४ | वस्तुगत | ११८६ | | | | ११८६ |
| प.स्वा.प्रा.(कृषि) | ५ | वस्तुगत | | | ६१५ | | ६१५ |
| प.से.प्रा.(कृषि) | ५ | वस्तुगत | | | ५७२ | | ५७२ |
| ना.प.स्वा.प्रा.(कृषि) | ४ | वस्तुगत | ४२७६ | | | | ४२७६ |
| प्रा.स.(कृ/मत्स्य) | ५ | वस्तुगत | | | १९१ | | १९१ |
| प्रा.स.(कृ/वागवानी) | ५ | वस्तुगत | | | २३१ | | २३१ |
| ना.प्रा.स.(कृषि) | ४ | वस्तुगत | ८९१ | | | | ८९१ |
| ना.प.से.प्रा.(कृषि) | ४ | वस्तुगत | ३५१० | | | | ३५१० |
| प्रा.स.(शिक्षा) | ५ | वस्तुगत | | | ७४०२ | | ७४०२ |
| क.अ.(विविध) | ५ | वस्तुगत | | | १८७१ | | १८७१ |
| स.म.वि.नि.(विविध) | ४ | वस्तुगत | ३४१९ | | | | ३४१९ |
| म.वि.नि.(विविध) | ५ | वस्तुगत | | | ६१३ | | ६१३ |
| सहायक(न्याय) | ५ | वस्तुगत | | | | २१३ | २१३ |
| सहायक(न्याय) | ५ | विषयगत | | | | ८७ | ८७ |
| म.वि.नि.(विविध) | ५ | विषयगत | | | १२७ | | १२७ |
| स.म.वि.नि.(विविध) | ४ | विषयगत | ९८७ | | | | ९८७ |
| सहायक(प्रशासन) | ४/५ | OMR Sheet | | ८५३६ | | ११६५३ | २०१८९ |
| जम्मा | | | १८९६९ | ८५३६ | १५४५० | ११९५३ | ५४९०८ |

## ६.४.२ लिखित परीक्षाको नतिजा प्रकाशन

यस आयोगबाट प्रतिवेदन अवधिमा सञ्चालित विभिन्न परीक्षाहरूमा सम्मिलित परीक्षार्थीहरूको लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण पश्चात आवश्यक प्रकृया पूरा गरी प्रकाशित गरिएको लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी विवरण तालिका नं. २६ मा उल्लेख गरिएको छ।

तालिका नं. २६

**लिखित परीक्षाको नतिजा प्रकाशन सम्वन्धी विवरण**

| वि.नं. | पद | सेवा, समूह | तह | माग पद संख्या | लि.प. मा सम्मिलित संख्या | छनौट/ उत्तीर्ण संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०२-०५/०७७-७८(खु./स.) | अ.स.इ. | इन्जि./सिभिल | ४ | ६९ | ४७०० | १७८ | |
| ०६-०८/०७७-७८(खु./स.) | स.इ. | इन्जि./सिभिल | ५ | ४८ | ३७८६ | ११२ | |
| ०३-०४/०७८-७९(खु./स.) | ना.पशु स्वा.प्रा. | कृषि/भेटेरीनरी | ४ | ३६ | ४२७६ | ६६ | |
| ०५-०६/०७८-७९(खु./स.) | ना.पशु से.प्रा. | कृषि/ला.पो.डे.डे. | ४ | २८ | ३५१० | ५४ | |
| १०/०७८-७९(खुला) | ना.प्रा.स. | कृषिक/मत्स्य | ४ | १ | ८९१ | ३ | |
| १२-१४/०७८-७९(खु./स.) | अमिन | इन्जि./सर्वे | ४ | १२ | ११८६ | २८ | |
| १६/०७८-७९(खुला) | पशु. स्वा.प्रा. | कृषि/भेटेरीनरी | ५ | २९ | ६१५ | ३८ | |
| १७/०७८-७९(खुला) | पशु सेवा प्रा. | कृषि/ला.पो.डे.डे. | ५ | १८ | ५७२ | ४७ | |
| २०/०७८-७९(खुला) | प्रा.स. | कृषि/मत्स्य | ५ | ३ | १९१ | १० | |
| २१/०७८-७९(खुला) | प्रा.स. | कृषि/वागवानी | ५ | १ | २३१ | ४ | |
| २२/०७८-७९(खुला) | सर्वेक्षक | इन्जि./सर्वे | ५ | १ | ४२ | ४ | |
| २३/०७८-७९(खुला) | क.अ. | विविध | ५ | १३ | १८७१ | २६ | |
| २४/०७८-७९(खुला) | प्रा.स. | शिक्षा/शिक्.प्र. | ५ | २३ | ७४०२ | ३० | |
| २५-२९/०७८-७९ (खु./स.) | सहायक | प्रशासन/ सा.प्र.,लेखा,ले.प. | ५ | १४५ | ११६५३ | ५५३४ | प्रथम चरण |
| ३०/०७८-७९(खुला) | सहायक | न्याय, कानून | ५ | ३ | २१३ | ८७ | प्रथम चरण |
| ३१/०७८-७९(खुला) | म.वि.नि. | विविध | ५ | ३ | ६१३ | १२७ | प्रथम चरण |
| ३३-३६/०७८-७९(खु./स.) | सहायक | प्रशासन/सा.प्र.,ले. | ४ | ८१ | ८५३६ | ३२०६ | प्रथम चरण |
| ३७-३८/०७८-७९(खु./स.) | स.म.वि.नि. | विविध | ४ | १९ | ३४१९ | ९८७ | प्रथम चरण |
| | | जम्माः | | ५३३ | ५३७०७ | १०५४१ | |

उपरोक्त तालिका नं. २६ अनुसार यस प्रतिवेदन अवधिमा प्रकाशित भएका लिखित परीक्षाको नतिजाहरूमा कैफियत महलमा केही उल्लेख नभएका विज्ञापनहरू एकै चरणको लिखित परीक्षा हुने प्रकृतिका हुन भने "प्रथम चरण" भनी उल्लेख भएका विज्ञापनहरू दुई चरणको लिखित परीक्षा हुने प्रकृतिका रहेकाले ती विज्ञापनहरूको प्रथम चरणको लिखित परीक्षाको मात्र नतिजा प्रकाशन भएका हुन्। प्रतिवेदन अवधिमा परीक्षण भएका उत्तरपुस्तिका मध्ये केही पदहरुको परीक्षण गरिएका उत्तरपुस्तिकाहरुको नतिजा प्रकाशन गर्न अर्को आ.व. मा प्रयोग हुने गरी राखिएको अवस्था छ।

### ६.४.३ लिखित परीक्षाको नतिजा रोकिएका विज्ञापनहरू

यस आयोगबाट प्रकाशित भएका विज्ञापनहरू मध्ये यो प्रतिवेदन अवधिमा परीक्षा सञ्चालन भई नतिजा तयारी तथा प्रकाशनको चरणमा प्रवेश गर्नुपूर्व शैक्षिक योग्यता सम्बन्धी विवादमा अदालतबाट आदेश भएका कारण वि.नं. ०१-०२/०७८-७९(खुला/समावेशी), कृषि सेवा, कृषि प्रसार समूह, चौथो तह ना.प्रा.स. पदको माग पद संख्या २८ का लागि लिखित परीक्षामा सम्मिलित ५४१३ जना परीक्षार्थीहरूको लिखित परीक्षा नतिजा कार्य स्थगन गर्नु परेको थियो। उक्त विवाद अदालतबाट निरूपण नभएका कारण हालसम्म यथास्थितिमा रहेको अवस्था छ।

## ६.५ प्रयोगात्मक तथा सीप-परीक्षण परीक्षा

आयोगले लिने प्राविधिक तथा अप्राविधिक सेवातर्फका विभिन्न पदका पाठ्यक्रममा निर्धारण भए वमोजिम कम्प्युटर सीप परीक्षण तथा प्रयोगात्मक परीक्षाहरू सञ्चालन गर्ने गर्दछ। प्रतिवेदन अवधिमा आयोगले स्थानीय सरकारी सेवातर्फका कम्प्युटर अपरेटर, पाँचौ तह र प्राविधिक सहायक, पाँचौ तह (शिक्षा) का विभिन्न पदका उम्मेदवारहरूका लागि प्रयोगात्मक परीक्षा र कम्प्युटर सीप परीक्षण सञ्चालन गरेको थियो । जसको विवरण तालिका नं. २७ मा दिइएको छ।

तालिका नं. २७

**प्रयोगात्मक तथा सीप-परीक्षण परीक्षा सम्बन्धी विवरण**

| वि.नं. | पद(सेवा) | तह | माग पद संख्या | सहभागी संख्या | परीक्षाको किसिम |
|---|---|---|---|---|---|
| २३/०७८-७९ | क.अ.(विविध) | ५ | १३ | २६ | प्रयोगात्मक |
| २४/०७८-७९ | प्रा.स.(शिक्षा) | ५ | २३ | ३० | कम्प्युटर सीप-परीक्षण |
| | जम्मा | | ३६ | ५६ | |

परिच्छेद ७

# अन्तर्वार्ता तथा सिफारिस

## ७.१ अन्तर्वार्ता

आयोगले प्रकाशन गरेको विज्ञापन अनुसार विभिन्न सेवा, समूह, तह र पदका लागि लिइएको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको लागि सम्बन्धित पाठ्यक्रममा उल्लेख भए अनरूप सीप परीक्षण, प्रयोगात्मक परीक्षा तथा अन्य आवश्यक प्रकृया पश्चात उम्मेदवार सिफारिस गर्नु अघि अन्तर्वार्ता लिइन्छ। प्रतिवेदन अवधिमा विभिन्न २२ वटा विज्ञापन अन्तर्गतका विभिन्न परीक्षाका चरणहरू पार गरी अन्तर्वाताका लागि छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन गरिएको थियो। यस अवधिमा भएको सिफारिसको तथ्याङ्कलाई वि.नं., सेवा, समूह, तह, लि.प.मा सम्मिलित संख्या, अन्तर्वार्ताका लागि छनौट भएको संख्या र सिफारिस भएको संख्यासहितको एकीकृत विवरण तालिका नं. २८ मा उल्लेख गरिएको छ।

तालिका नं. २८

**विज्ञापन, परीक्षा, अन्तर्वार्ता र सिफारिसको एकीकृत विवरण**

| वि.नं. | खुला र समावेशी | सेवा/ समूह | तह | माग पद | लि.प.मा सम्मिलित सं. | अ.वा.का लागि छनौट संख्या | सिफारिस संख्या |
|---|---|---|---|---|---|---|---|
| २-५/०७७-७८ | खुला र समावेशी | इन्जि/सिभिल | ४ | ६९ | ४७०० | १७८ | ६९ |
| ६-८/०७७-७८ | खुला र समावेशी | इन्जि/सिभिल | ५ | ४८ | ३७८६ | ११२ | ४८ |
| ३-४/०७८-७९ | खुला र समावेशी | कृषि/भेटेरीनरी | ४ | ३६ | ४२७६ | ६६ | ३४ |
| ५-६/०७८-७९ | खुला र समावेशी | कृषि/ला.पो.एण्ड डे.डे. | ४ | २८ | ३५१० | ५४ | २८ |
| १०/०७८-७९ | खुला | कृषि/मत्स्य | ४ | १ | ८९१ | ३ | १ |
| १२-१४/०७८७९ | खुला र समावेशी | इन्जि/सर्भे | ४ | १२ | ११८६ | २८ | १२ |
| १६/०७८-७९ | खुला | कृषि/भेटेरीनरी | ५ | २९ | ६१५ | ३८ | २९ |
| १७/०७८-७९ | खुला | कृषि/ला.पो.एण्ड डे.डे. | ५ | १८ | ५७२ | ४७ | १८ |
| २०/०७८-७९ | खुला | कृषि/मत्स्य | ५ | ३ | १९१ | १० | ३ |
| २१/०७८-७९ | खुला | कृषि/वागवानी | ५ | १ | २३१ | ४ | १ |
| २२/०७८-७९ | खुला | इन्जि/सर्भे | ५ | १ | ४२ | ४ | १ |
| २३/०७८-७९ | खुला | विविध | ५ | १३ | १८७१ | २६ | १३ |
| २४/०७८-७९ | खुला | शिक्षा/शिक्षा प्रशासन | ५ | २३ | ७४०२ | ३० | २३ |
| कूल जम्माः | | | | २८२ | २९२७३ | ६०० | २८० |

उपरोक्त तालिका अनुसार २ सय ८२ पदको लागि माग गरिएकोमा जम्मा २ सय ८० जना मात्र उम्मेदवारहरू सिफारिस गरिएको र २ पदमा महिला कोटाबाट सिफारिस हुनुपर्ने उम्मेदवार खुलातर्फ सिफारिस भएका कारण मागभन्दा २ जना कम सिफारिस भएको।

## ७.२ सिफारिस

प्रतिवेदन अवधिमा स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह र पदका उम्मेदवारहरूलाई सम्बन्धित स्थानीय तहहरूबाट माग भए अनुसार रिक्त पदमा नियुक्तिका लागि सम्बन्धित स्थानीय तहहरूमा जम्मा ६२ जना महिला र २१८ जना पुरूष गरी कूल २८० जना सिफारिस गरी पठाइएका छन्। यसरी भएको सिफारिसको तथ्याङ्कलाई विभिन्न प्रकारले वर्गीकरणसहित क्रमशः प्रस्तुत गरिएको छ।

### ७.२.१ विज्ञापनको प्रकार र सिफारिस संख्या

प्रतिवेदन अवधिमा भएका कूल सिफारिसलाई विज्ञापनको प्रकारका आधारमा तहगत रूपमा तालिका नं. २९ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २९

**विज्ञापनको प्रकार, लिङ्ग र तहगत आधारमा सिफारिस संख्या**

| विज्ञापनको प्रकार | महिला | | | पुरूष | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | चौथो तह | पाँचौ तह | जम्मा | चौथो तह | पाँचौ तह | जम्मा | |
| आन्तरिक प्रतियोगिता | दरखास्त नपरेको | | | | | | |
| खुला | ८ | १२ | २० | १०० | १०८ | २०८ | २२८ |
| महिला | २७ | १५ | ४२ | - | - | - | ४२ |
| आ.ज. | - | - | - | ७ | १ | ८ | ८ |
| मधेशी | - | - | - | २ | - | २ | २ |
| जम्मा | ३५ | २७ | ६२ | १०९ | १०९ | २१८ | २८० |

यसरी २८० पदमा सिफारिस गर्दा खुलातर्फ २२८, महिलातर्फ ४२, आ.ज.तर्फ ८ र मधेशीतर्फ २ जनाको सिफारिस भएको थियो।

### ७.२.२ सेवा/समूहगत आधारमा सिफारिस संख्या

यस प्रतिवेदन अवधिमा स्थानीय सरकारी सेवा अन्तर्गतका विभिन्न सेवा, समूहमा स्थायी नियुक्तिका लागि उम्मेदवारहरू सिफारिस भएका छन्। सेवा, समूह र तहगत आधारमा उम्मेदवारको लिङ्गसमेत उल्लेखित भएको तथ्याङ्कलाई तालिका नं. ३० मा प्रस्तुत गरिएको छ।

तालिका नं. ३०

## सेवा/समूह तहगत तथा लिङ्गका आधारमा सिफारिस संख्या

| सेवा/समूह | महिला | | | पुरूष | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | चौथो तह | पाँचौ तह | जम्मा | चौथो तह | पाँचौ तह | जम्मा | |
| इन्जिनियरिङ्ग | २२ | १५ | ३७ | ५९ | ३४ | ९३ | १३० |
| सर्भे | १ | - | १ | ११ | १ | १२ | १३ |
| सिभिल | २१ | १५ | ३६ | ४८ | ३३ | ८१ | ११७ |
| कृषि | १३ | ६ | १९ | ५० | ४५ | ९५ | ११४ |
| भेटेरीनरी | ८ | ४ | १२ | २६ | २५ | ५१ | ६३ |
| मत्स्य | - | - | ० | १ | ३ | ४ | ४ |
| ला.पो.एण्ड डे.डे. | ५ | २ | ७ | २३ | १६ | ३९ | ४६ |
| वागवानी | - | - | ० | - | १ | १ | १ |
| विविध | - | १ | १ | - | १२ | १२ | १३ |
| कम्प्युटर | - | १ | १ | - | १२ | १२ | १३ |
| शिक्षा | - | ५ | ५ | - | १८ | १८ | २३ |
| शिक्षा प्रशासन | - | ५ | ५ | - | १८ | १८ | २३ |
| **कूल जम्माः** | **३५** | **२७** | **६२** | **१०९** | **१०९** | **२१८** | **२८०** |

उपरोक्त बमोजिम जम्मा २८० जना सिफारिस गरिएकोमा महिला ६२ जना र पुरूष २१८ जना सिफारिस भएका थिए।

### ७.२.३ उम्मेदवार सिफारिस भएका स्थानीय तहहरूको विवरण

यस प्रतिवेदन अवधिमा विभिन्न स्थानीय तहहरूको माग बमोजिम आयोगबाट भएको विज्ञापन अनुसार विभिन्न चरणको परीक्षाहरूमा सम्मिलित उम्मेदवारहरू मध्ये सिफारिसका लागि छनौट भएका उम्मेदवारहरूलाई सम्बन्धित स्थानीय तहहरूमा नियुक्तिका लागि सिफारिस गरी पठाइएको थियो। जसको विस्तृत विवरण तालिका नं. ३१ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ३१

## जिल्ला/स्थानीय तहमा सिफारिस भएका उम्मेदवारको विवरण

| जिल्ला/स्थानीय तह | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| **इलाम** | **१** | **५** | **६** |
| श्री रोङ गाउँपालिका | १ | ५ | ६ |
| **उदयपुर** | **४** | **१६** | **२०** |
| श्री उदयपुरगढी गाउँपालिका | | ४ | ४ |
| श्री कटारी नगरपालिका | ३ | ८ | ११ |
| श्री चौदण्डीगढी नगरपालिका | १ | ४ | ५ |
| **ओखलढुङ्गा** | **३** | **४** | **७** |
| श्री चिसंखुगढी गाउँपालिका | | २ | २ |
| श्री मोलुङ गाउँपालिका | ३ | २ | ५ |
| **खोटाङ** | **५** | **२८** | **३३** |
| श्री जन्तेढुङ्गा गाउँपालिका | १ | ४ | ५ |
| श्री दिक्तेल रुपाकोट मझुवागढी न.पा. | | ८ | ८ |
| श्री दिप्रुङ चुइचुम्मा गाउँपालिका | २ | ६ | ८ |
| श्री रावा बेसी गाउँपालिका | १ | ६ | ७ |
| श्री साकेला गाउँपालिका | १ | ४ | ५ |
| **झापा** | **२** | **१०** | **१२** |
| श्री भद्रपुर नगरपालिका | | ३ | ३ |
| श्री हल्दिवारी गाउँपालिका | २ | ७ | ९ |
| **ताप्लेजुङ्** | **४** | **१८** | **२२** |
| श्री पाथीभरा याङवरक गाउँपालिका | १ | ३ | ४ |
| श्री फक्ताङलुङ गाउँपालिका | १ | ४ | ५ |
| श्री मेरिङदेन गाउँपालिका | १ | ५ | ६ |
| श्री सिदिङ्वा गाउँपालिका | १ | ५ | ६ |
| श्री सिरीजघा गाउँपालिका | | १ | १ |
| **तेह्रथुम** | **२** | **८** | **१०** |
| श्री मेन्छ्यायेम गाउँपालिका | २ | ८ | १० |

| जिल्ला/स्थानीय तह | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| **धनकुटा** | **७** | **१५** | **२२** |
| श्री चौबीसे गाउँपालिका | | ३ | ३ |
| श्री छथरजोरपाटी गाउँपालिका | ४ | ६ | १० |
| श्री महालक्ष्मी नगरपालिका | २ | ३ | ५ |
| श्री सहिदभूमि गाउँपालिका | १ | ३ | ४ |
| **पाँचथर** | **९** | **३१** | **४०** |
| श्री कुम्मायक गाउँपालिका | १ | २ | ३ |
| श्री तुम्बेवा गाउँपालिका | १ | ४ | ५ |
| श्री फाल्गुनन्द गाउँपालिका | १ | | १ |
| श्री फिदिम नगरपालिका | २ | ६ | ८ |
| श्री मिक्लाजुङ गाउँपालिका | १ | ६ | ७ |
| श्री याङवरक गाउँपालिका | १ | ६ | ७ |
| श्री हिलिहाङ गाउँपालिका | २ | ७ | ९ |
| **भोजपुर** | **५** | **२७** | **३२** |
| श्री अरुण गाउँपालिका | १ | ६ | ७ |
| श्री आम्चोक गाउँपालिका | | ६ | ६ |
| श्री पौवादुम्बा गाउँपालिका | | २ | २ |
| श्री रामप्रसादराई गाउँपालिका | ३ | ३ | ६ |
| श्री साल्पासिलिछो गाउँपालिका | १ | ६ | ७ |
| श्री हतुवागढी गाउँपालिका | | ४ | ४ |
| **मोरङ** | **२** | **५** | **७** |
| श्री कटहरी गाउँपालिका | | २ | २ |
| श्री कानेपोखरी गाउँपालिका | १ | | १ |
| श्री बिराटनगर महानगरपालिका | १ | ३ | ४ |
| **संखुवासभा** | **१०** | **३२** | **४२** |
| श्री खाँदवारी नगरपालिका | ४ | ८ | १२ |
| श्री चिचिला गाउँपालिका | | २ | २ |
| श्री चैनपुर नगरपालिका | २ | ४ | ६ |

| जिल्ला/स्थानीय तह | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| श्री पाँचखपन नगरपालिका | | ५ | ५ |
| श्री मादी नगरपालिका | २ | ६ | ८ |
| श्री सिलीचोङ गाउँपालिका | २ | ७ | ९ |
| **सुनसरी** | **१** | **७** | **८** |
| श्री दुहवी नगरपालिका | १ | ७ | ८ |
| **सोलुखुम्बु** | **७** | **१२** | **१९** |
| श्री थुलुङ दुधकोशी गाउँपालिका | ४ | ७ | ११ |
| श्री लिखु पिके गाउँपालिका | | १ | १ |
| श्री सोलुदुधकुण्ड नगरपालिका | ३ | ४ | ७ |
| **कूल जम्मा** | ६२ | २१८ | २८० |

## ७.२.४ भौगोलिक आधारमा सिफारिस संख्या

यस प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेद्वारहरूले दरखास्तमा उल्लेख गरेको स्थायी ठेगानाका आधारमा कूल संख्यालाई भौगोलिक क्षेत्र, प्रदेश र जिल्लाका आधारमा वर्गीकरण गरी क्रमशः प्रस्तुत गरिएको छ।

### ७.२.४.१ भौगोलिक क्षेत्र

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूले दरखास्तमा उल्लेख गरेको स्थायी ठेगानालाई आधार मानी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची-१ मा भएको जिल्लाको वर्गीकरण अनुसारको विभिन्न भौगोलिक क्षेत्रहरूमा बसोबास गर्ने उम्मेदवारहरूको वर्गीकृत संख्या तालिका नं. ३२ मा प्रस्तुत गरिएको छ। जस अनुसार सिफारिस उम्मेदवारको संख्या घट्दो क्रममा तराई, पहाड, हिमाल र भित्री मधेश भौगोलिक क्षेत्रका रहेका छन्।

तालिका नं. ३२

**भौगोलिक क्षेत्र तथा लिङ्ग अनुसार सिफारिस उम्मेदवार**

| भौगोलिक क्षेत्र | उम्मेदवार संख्या | | | |
|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | प्रतिशत |
| हिमाली | १२ | ४१ | ५३ | १८.९३ |
| पहाडी | २१ | ७० | ९१ | ३२.५० |

| भौगोलिक क्षेत्र | उम्मेदवार संख्या | | | |
|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | प्रतिशत |
| भित्री मधेश | ७ | १३ | २० | ७.१४ |
| तराई | २२ | ९४ | ११६ | ४१.४३ |
| कूल जम्मा | ६२ | २१८ | २८० | १०० |

### ७.२.४.२ प्रादेशिक क्षेत्र

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूको प्रदेशगत संख्या तालिका नं. ३३ मा प्रस्तुत गरिएको छ। जसअनुसार सबैभन्दा धेरै उम्मेदवार मधेश प्रदेशबाट ३१.७८ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशबाट १.७९ प्रतिशत उम्मेदवार सिफारिस भएका छन भने प्रदेश नं. १ बाट १८.५७ प्रतिशत उम्मेदवार मात्र सिफारिस भएको तथ्याङ्क रहेको छ।

तालिका नं. ३३

**सिफारिस उम्मेदवारको लैङ्गिक तथा प्रदेशगत विवरण**

| प्रदेश | उम्मेदवार संख्या | | | |
|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | प्रतिशत |
| मधेश | ११ | ७८ | ८९ | ३१.७८ |
| १ नं. | १८ | ३४ | ५२ | १८.५७ |
| कर्णाली | ८ | ३९ | ४७ | १६.७९ |
| लुम्बिनी | ७ | २४ | ३१ | ११.०७ |
| बागमती | १२ | १८ | ३० | १०.७१ |
| सु.प. | ५ | २१ | २६ | ९.२९ |
| गण्डकी | १ | ४ | ५ | १.७९ |
| कूल जम्मा | ६२ | २१८ | २८० | १०० |

### ७.२.४.३ जिल्लागत विवरण

प्रतिवेदन अवधिमा आयोगबाट भएको उम्मेदवारको सिफारिस संख्यालाई उम्मेदवार बसोबासको जिल्लाका आधारमा वर्गीकरण गर्दा तालिका नं. ३४ मा प्रस्तुत गरिए अनुसारको आँकडा प्राप्त हुन आएको छ।

तालिका नं. ३४

## सिफारिस उम्मेदवारको लैङ्गिक तथा जिल्लागत विवरण

| क्र.सं. | जिल्ला | महिला | पुरूष | जम्मा | क्र.सं. | जिल्ला | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अछाम | | १ | १ | २५ | दोलखा | ३ | २ | ५ |
| २ | अर्घाखाँची | | ३ | ३ | २६ | धनकुटा | ४ | २ | ६ |
| ३ | इलाम | | ७ | ७ | २७ | धनुषा | २ | २० | २२ |
| ४ | उदयपुर | | १ | १ | २८ | धादिङ | १ | ४ | ५ |
| ५ | ओखलढुंगा | २ | | २ | २९ | न.प.(पश्चिम) | | १ | १ |
| ६ | कञ्चनपुर | १ | | १ | ३० | नुवाकोट | १ | | १ |
| ७ | काभ्रेपलाञ्चोक | | ३ | ३ | ३१ | पर्सा | १ | २ | ३ |
| ८ | कालिकोट | | ४ | ४ | ३२ | पाँचथर | | १ | १ |
| ९ | कास्की | | १ | १ | ३३ | पाल्पा | १ | | १ |
| १० | कैलाली | | १ | १ | ३४ | प्यूठान | | ४ | ४ |
| ११ | खोटाङ | २ | ४ | ६ | ३५ | बझाङ | | १ | १ |
| १२ | गुल्मी | | ४ | ४ | ३६ | बाँके | | १ | १ |
| १३ | गोरखा | १ | २ | ३ | ३७ | बाजुरा | १ | ७ | ८ |
| १४ | चितवन | १ | | १ | ३८ | बारा | १ | ४ | ५ |
| १५ | जाजरकोट | | ३ | ३ | ३९ | भोजपुर | २ | १ | ३ |
| १६ | जुम्ला | २ | १ | ३ | ४० | मकवानपुर | २ | १ | ३ |
| १७ | झापा | २ | ६ | ८ | ४१ | महोत्तरी | २ | १८ | २० |
| १८ | डडेलधुरा | | १ | १ | ४२ | मुगु | | २ | २ |
| १९ | डोटी | | २ | २ | ४३ | मोरङ | ३ | ४ | ७ |
| २० | ताप्लेजुङ | १ | २ | ३ | ४४ | रामेछाप | २ | ३ | ५ |
| २१ | तेह्रथुम | | १ | १ | ४५ | रूकुम पश्चिम | २ | १५ | १७ |
| २२ | दाङ | २ | ३ | ५ | ४६ | रूकुम पूर्व | | १ | १ |
| २३ | दार्चुला | २ | ५ | ७ | ४७ | रूपन्देही | २ | १ | ३ |
| २४ | दैलेख | २ | ३ | ५ | ४८ | रोल्पा | १ | ५ | ६ |

| क्र.सं. | जिल्ला | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| ४९ | रौतहट | १ | १० | ११ |
| ५० | ललितपुर | | १ | १ |
| ५१ | वर्दिया | १ | १ | २ |
| ५२ | वागलुङ | | १ | १ |
| ५३ | वैतडी | १ | ३ | ४ |
| ५४ | संखुवासभा | | ३ | ३ |
| ५५ | सप्तरी | १ | १० | ११ |
| ५६ | सर्लाही | | ७ | ७ |
| ५७ | सल्यान | २ | ४ | ६ |
| ५८ | सिन्धुली | २ | ४ | ६ |
| ५९ | सिराहा | ३ | ८ | ११ |
| ६० | सुनसरी | २ | १ | ३ |
| ६१ | सुर्खेत | | ३ | ३ |
| ६२ | हुम्ला | | ४ | ४ |
| | कूल जम्मा | ६२ | २१८ | २८० |

उपरोक्त तालिका अनुसार सबैभन्दा बढी धनुषा जिल्लाबाट (२२) र घट्दो क्रममा महोत्तरी (२०), रूकुम पश्चिम (१७), रौतहट, सप्तरी र सिराहा (११/११) तथा धेरै जिल्लाबाट १/२ जनाले सफलता हासिल गरेका छन्। १५ जिल्लाबाट कोही पनि सफल हुन सकेनन्।

### ७.२.५ वैकल्पिक उम्मेदवार सिफारिसको स्थिति

प्रतिवेदन अवधिमा आयोगबाट सिफारिस भएका विभिन्न उम्मेदवारहरूले सिफारिस भएको मितिले १ वर्ष नपुगी अन्यत्र सिफारिस भएको तथा अन्य कारणले सेवाबाट हटेको अवस्थामा सम्बन्धित विज्ञापनको वैकल्पिक सूचीमा रहेका अन्य उम्मेदवारलाई सिफारिस गरी पठाउने कानूनी व्यवस्थाअनुसार यस अवधिमा आयोगबाट भएको वैकल्पिक उम्मेदवार सिफारिस सम्बन्धी विवरण तालिका नं. ३५ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ३५

**वैकल्पिक उम्मेदवार सिफारिसको स्थानीय तहगत विवरण**

| वि.नं. | तह | पद | सिफारिस संख्या | सिफारिस गरिएको स्था.तह |
|---|---|---|---|---|
| २/०७८-७९ | ४ | अ.स.ई. | १ | सोलुदुधकुण्ड न.पा. सोलुखुम्वु |
| | | | १ | फाक्ताङलुङ गा.पा. ताप्लेजुङ |
| | | | १ | आमचोक गा.पा. भोजपुर |
| | | | १ | आमचोक गा.पा. भोजपुर |
| ३/०७८-७९ | ४ | अ.स.ई. | १ | साल्पासिलिछो गा.पा. भोजपुर |

| वि.नं. | तह | पद | सिफारिस संख्या | सिफारिस गरिएको स्था.तह |
|---|---|---|---|---|
| ४/०७८-७९ | ४ | अ.स.ई. | १ | दिप्रुङ चुइचुम्मा गा.पा. खोटाङ |
| ६/०७८-७९ | ५ | स.ई. | १ | दुहवी न.पा. सुनसरी |
| | | | १ | पाँचखपन न.पा. संखुवासभा |
| | | | १ | हिलिहाङ गा.पा. पाँचथर |
| | | | १ | मेन्छेयायेम गा.पा. तेह्रथुम |
| | | | १ | साल्पासिलिछो गा.पा. भोजपुर |
| | | | १ | भद्रपुर न.पा. झापा |
| जम्माः | | | १२ | |

### ७.२.६ विज्ञापित पद संख्याभन्दा कम संख्यामा सिफारिस

प्रतिवेदन अवधिमा भएका विज्ञापनहरू मध्ये वि.नं. ४/२०७८-७९(महिला), कृषि सेवा, भेटेरिनरी समूह, नायव पशु स्वास्थ्य प्राविधिक पदका लागि माग पद संख्या ५ भएकोमा समावेशीतर्फका कतिपय महिला उम्मेदवार माथिल्लो पदमा तथा अन्यत्र सिफारिस भई गएका कारण यो विज्ञापनमा ३ जना मात्र सिफारिस गर्नु परेको थियो ।

परिच्छेद ८

# समावेशी पदपूर्ति

सार्वजनिक सेवामा समावेशीकरणका लागि प्रचलित कानूनमा भएको व्यवस्था अनुरूप आयोगले गरेको शुरूवाती विज्ञापनदेखि नै तोकिएको समावेशी समूहका उम्मेदवार बीच प्रतिस्पर्धा हुने गरी प्रतिशत निर्धारण, विज्ञापन, परीक्षा सञ्चालन, अन्तर्वार्ता लगायतका छनौट प्रकृयाहरू अवलम्वन गर्दै आएको छ। यसका लागि हालसम्म प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा सम्बन्धी कानूनको तर्जुमा नभइसकेको अवस्थामा समायोजन ऐन, २०७५ ले निर्दिष्ट गरेअनुसार प्रचलित निजामती सेवा ऐन, २०४९ ले प्रत्याभूत गरे बमोजिमको प्रतिशत नै अवलम्वन गरी कूल माग पद संख्यालाई खुला तथा समावेशीतर्फको पद संख्या छुट्याई प्रतिशत निर्धारणदेखि सिफारिससम्मका प्रकृयाहरू अवलम्वन गर्ने गरिएको छ।

## ८.१ समावेशी समूहतर्फ विज्ञापन र दरखास्त

प्रतिवेदन अवधिमा भएका समावेशी विज्ञापन र सो विज्ञापनअनुसार पर्न आएका दरखास्तको समावेशी आँकडा तालिका नं. ३६ मा उल्लेख गरिएको छ ।

तालिका नं. ३६

**आ.व. ०७८-७९ मा भएका समावेशी विज्ञापन र दरखास्त**

| समावेशी समूह | महिला | आ.ज. | मधेशी | दलित | जम्मा |
|---|---|---|---|---|---|
| विज्ञापन संख्या | ९ | ४ | ३ | २ | १८ |
| पद संख्या | ६७ | २१ | ७ | ३ | ९८ |
| दरखास्त संख्या | २२४९५ | ७८५७ | ६५७० | ८०४ | ३७७२६ |

उक्त तालिकाअनुसार समावेशी विज्ञापनको जम्मा संख्या १८ मार्फत ९८ पदको लागि भएको विज्ञापनमा जम्मा २७ हजार ७ सय २६ दरखास्त परेको थियो।

## ८.२ समावेशी समूहतर्फ सिफारिस

प्रतिवेदन अवधिमा भएका समावेशी विज्ञापन र सो विज्ञापनअनुसार पर्न आएका दरखास्तअनुसार आयोगबाट सञ्चालन भएको विभिन्न चरणका परीक्षाबाट छनौट भई सिफारिस भएका समावेशीतर्फका उम्मेदवारहरूको तहगत आँकडा तालिका नं. ३७ मा उल्लेख गरिएको छ ।

तालिका नं. ३७

**समावेशी समूहतर्फ सिफारिस संख्या**

| विज्ञापनको प्रकार | महिला | | | पुरूष | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | चौथो तह | पाँचौ तह | जम्मा | चौथो तह | पाँचौ तह | जम्मा | |
| महिला | २७ | १५ | ४२ | | | | ४२ |
| आ.ज. | | | | ७ | १ | ८ | ८ |
| मधेशी | | | | २ | | २ | २ |
| कूल जम्मा | २७ | १५ | ४२ | ९ | १ | १० | ५२ |

उपरोक्त तालिका अनुसार ५२ जना समावेशी सिफारिस मध्ये ४२ जना महिला, ८ जना आदिवासी/जनजाती तथा २ जना मधेशी कोटाबाट सिफारिस भएका थिए।

## ८.३ सिफारिसमा महिलाहरूको संख्यात्मक स्थिति

आयोगबाट यस अवधिमा भएका विज्ञापनहरूमा समावेशी समूहमा मात्र नभएर खुलातर्फसमेत सिफारिस भएका महिलाहरूको तथ्याङ्क तालिका नं. ३८ मा उल्लेख गरिएको छ ।

तालिका नं. ३८

**तहगत आधारमा महिला सिफारिस संख्या**

| विज्ञापनको प्रकार | चौथो तह | पाँचौ तह | जम्मा |
|---|---|---|---|
| आ.ज. | - | - | - |
| खुला | ८ | १२ | २० |
| मधेशी | - | - | - |
| महिला | २७ | १५ | ४२ |
| जम्मा | ३५ | २७ | ६२ |

उपरोक्त तालिकामा उल्लेखित तथ्याङ्क अनुसार जम्मा ६२ जना महिला उम्मेदवार सिफारिस भएकोमा खुलातर्फ २० जना तथा समावेशीतर्फ ४२ जना भएको देखिन्छ। यसरी करिब एक तिहाई संख्या आरक्षण बाहेक पनि सिफारिस हुनुलाई राम्रो संकेतको रूपमा लिन सकिन्छ।

परिच्छेद ९

# परामर्श र उजुरी

## ९.१ कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा परामर्श

प्रतिवेदन अवधिमा कर्मचारी सेवाका शर्त सम्बन्धी विषयमा आयोगबाट परामर्श प्रदान गर्नुपर्ने अवस्था नआएको हुँदा यस अवधिमा कुनै परामर्श प्रदान गरिएन। यसरी परामर्श प्रदान गर्न नपर्ने अवस्था सिर्जना हुनुमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी ऐन, नियम निर्माण गरी सम्वन्धित ऐन, नियमअनुसार कर्मचारी प्रशासन सञ्चालन गर्ने कार्य कानूनी रुपमा व्यवस्थित बनाउनेतर्फ सम्वन्धित निकायमा इच्छाशक्ति नहुनु तथा विद्यमान कानूनको पालनामा देखाइएको उदासीनता नै हो भन्ने आयोगको वुझाई रहेको छ।

## ९.२ कानून विपरित भएको पदपूर्ति तथा स्तरवृद्धि बदर सम्बन्धी निर्णय

(आयोगको बैठक संख्या ६७, २०७८/०६/१०)

धनकुटा नगरपालिकाले कानूनी आधार र प्रकृया नपुर्‍याई जारी गरेको धनकुटा नगरपालिका कर्मचारी सेवा ऐन, २०७७ को कार्यान्वयन गर्ने नाममा निश्चित व्यक्ति लक्षित विज्ञापन जारी गरी प्रतिस्पर्धीहरूको कानूनी अधिकारसमेतलाई बञ्चित गर्ने मनसाय झल्किने किसिमबाट नं. ५/२०७७/७८ मिति २०७८/०१/२० को विज्ञापन अनुसार गरेको स्थायी नियुक्ति र कानून निर्माणको आधिकारिकता नै पुष्टि नहुने प्रकृतिको स्वनिर्मित दस्तावेज अनुसार मिति २०७७/१२/२६ मा प्रकाशित सूचना बमोजिम भएको तह वृद्धि सम्बन्धी सम्पूर्ण कार्य लोक सेवा आयोगको स्थापित मान्यता र अन्य कानूनले निर्धारण गरेको प्रकृयाहरूसमेत पूरा गरी प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ४५ को उपदफा (१) बमोजिम बदर गर्ने निर्णय गरी सोको जानकारी आवश्यक कार्यार्थ श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौ, श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १ विराटनगर, श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगर, श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, विराटनगर, श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १ विराटनगर एवं श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, धनकुटासमेतलाई पठाइएको थियो।

## ९.३ प्रदेश लोक सेवा आयोगलाई विपक्षी बनाई परेका रिट निवेदन

प्रतिवेदन अवधिमा तह तथा स्तरवृद्धि, शैक्षिक योग्यता, प्रतिशत निर्धारण लगायतका विषयमा यस आयोगलाईसमेत विपक्षी बनाई विभिन्न अदालतमा गरी जम्मा ४ वटा रिट निवेदन परेका थिए । यसरी परेका रिट निवेदनको विवरण तालिका नं. ३९ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ३९

**आ.व. ०७८/७९ मा परेका रिट निवेदनहरूको विवरण**

| क्र.सं. | विषय | संख्या |
|---|---|---|
| १ | तह तथा स्तरबृद्धि | १ |
| २ | शैक्षिक योग्यता | २ |
| ३ | कोटा नछुट्याएको | १ |
| | जम्माः | ४ |

परिच्छेद १०

# संस्थागत सुधार र प्रविधिको प्रयोग

## १०.१ संरचनागत सुधार

स्थापनाकालदेखि नै विराटनगर, पुष्पलालचोक नजिक करिव ४,९०० वर्ग फिट क्षेत्रफल ओगटेको भाडाको भवनबाट कार्यालय सञ्चालन भइरहेकोमा उक्त भवन साँघुरो भएका कारण आयोगका पदाधिकारीहरूका कार्यकक्ष, विभिन्न महाशाखा/शाखा, बैठक कक्षलगायत कार्यकक्षहरू सञ्चालनमा कठिनाई महशुस गरिएकोले विराटनगर म.न.पा. वडा नं. ४, खार्जीस्थित करिव १०,८०० वर्ग फिट क्षेत्रफलमा बनेको तीन तले निजी भवन भाडामा लिई सो भवनमा २०७९ असार २० गतेदेखि कार्यालय स्थानान्तरण गरी कार्यसञ्चालन गर्न थालिएको छ । नयाँ भवनमा आवश्यकताअनुसार फर्निचरहरू, कार्यालय सामानहरू, फर्निसिङ आदि बन्दोबस्त गरिएको छ। आयोगका पदाधिकारी तथा कर्मचारीहरूको आवतजावतको लागि ५ थान चारपाङ्ग्रे सवारी साधन, ७ थान दुईपाङ्ग्रे सवारी साधन र ४ थान साइकलको व्यवस्थापन गरिएको छ। आयोगको कार्यालयको काम कारवाहीलाई सरल र सहज बनाउनका लागि आवश्यकताअनुसार कार्यालय पार्टिसन गरी व्यवस्थित बनाइएको छ।

## १०.२ प्रविधिको प्रयोग

आजको विश्वमा सूचना प्रविधिको उपयोग अपरिहार्य बन्दै गइरहेको परिप्रेक्षलाई आत्मसात गर्दै आयोगबाट सम्पादन हुने कामकारवाहीलाई छिटो, छरितो एवम् विश्वसनीय बनाउन प्रदेश लोक सेवा आयोगले आफ्नो वेबसाइट www.psc.p1.gov.np तथा इ-मेल province1psc@gmail.com सञ्चालनमा ल्याएको छ। दैनिक कार्य सञ्चालनमा आवश्यक कम्प्युटर प्रविधिको प्रयोगका लागि टेवलवर्क गर्ने सबै पदाधिकारी एवं कर्मचारीहरूलाई डेस्कटप कम्प्युटर तथा आवश्यकता अनुसार ल्यापटप तथा प्रिन्टरहरूको व्यवस्था गरिएको छ भने ३ वटा फोटोकपी मेशिन, २ वटा मास्टरकपी सुरक्षण गर्ने मेमोरी क्यापासिटीसहितको फाष्ट प्रोसेसिङ्ग छपाइ मेशिन, १ वटा उत्तरपुस्तिका Read गर्ने OMR Scaner मेशिन लगायतको व्यवस्था गरिएको छ। भाडाको घरमा सञ्चालनमा रहेको प्रदेश लोक सेवा आयोगले आफ्नो कार्यलाई सवल एवम् गोपनीयता कायम गर्ने हेतुले कार्यकक्षहरूलाई पार्टिसन गरी अलग अलग कक्षको निर्माण गर्ने कार्य यस प्रतिवेदन अवधिमा भएको छ।

### १०.२.१ अनलाइन प्रणाली

परीक्षार्थीहरूको सहजतालाई ध्यानमा राखी यस आयोगले मिति २०७८ साउन

४ गतेबाट अनलाइन प्रणालीमार्फत दरखास्त सङ्कलनको कार्य गर्न Province1 Public Service Recruitment Management System (P1PSRMS) सञ्चालनमा ल्याएको छ। यसबाट आयोगका सबै विज्ञापनहरू प्रकाशन गर्ने, दरखास्त सङ्कलन गर्ने, दरखास्त स्वीकृत गर्ने, रोल नम्बर कायम गर्ने, स्वीकृत नामावली तयार गर्ने लगायतका कार्यहरूमा सहजता आएको छ।

### १०.२.२ सूचना प्रवाह

आयोगका गतिविधिहरूलाई सूचना प्रविधिको प्रयोग गरी गरिने सूचना प्रवाहका सम्बन्धमा निम्न लिखित मुख्य व्यवस्थाहरू गरिएको छः

(१) प्रत्येक हप्ताको सोमबार प्रकाशन गरिने आयोगका विज्ञापन तथा अन्य सूचनाहरू राष्ट्रिय एवम् प्रदेशस्तरका पत्रिकामा प्रकाशन गर्ने गरिएको छ।

(२) आयोगका गतिविधि सम्बन्धी सूचनाहरू आफ्नो वेवसाईटमा अद्यावधिक रूपमा राख्ने गरिएको छ। साथै सबैको जानकारी तथा पहुँचको लागि प्रदेश सरकारको पोर्टलमासमेत यस्ता सूचनाहरू राख्ने व्यवस्था मिलाइएको छ।

(३) आयोगका गतिविधिहरूलाई सरोकारवालासम्म नियमित र व्यवस्थित तवरबाट पुर्‍याउन आयोगको प्रवक्तामा उप-सचिव श्री तीर्थप्रसाद धिताल तथा सूचना अधिकारीमा अधिकृत (सातौं) श्री केदारनाथ रिजाललाई तोकिएको छ।

(४) आयोगले आफ्नो स्थापना दिवसको अवसर पारेर विभिन्न प्रतिष्ठित व्यक्तिहरूका लेख रचना तथा आयोगका गतिविधिहरू सङ्ग्रहित गरी "प्रदेश लोक सेवा आयोग स्मारिका" सार्वजनिक गर्ने गरेको छ।

परिच्छेद ११

# निर्णय तथा कार्यान्वयनको अवस्था

## ११.१ आयोगको मुख्य मुख्य निर्णय तथा कार्यान्वयनको अवस्था

प्रदेश लोक सेवा आयोगले यस प्रतिवेदन अवधिमा विभिन्न बैठकहरूवाट गरेका मुख्य-मुख्य निर्णयहरू र तिनको कार्यान्वयनको अवस्था देहायको तालिका नं. ४० मा प्रस्तुत गरिएको छ।

तालिका नं. ४०

**आयोगका निर्णय तथा कार्यान्वयनको अवस्था**

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १ | विज्ञापन प्रकाशन | स्थानीय सरकारी सेवा अन्तर्गत सहायकस्तर चौथो र पाँचौ तहका कृषि सेवा (कृषिप्रसार, भेटेरीनरी, ला.पो. एण्ड डे.डे. बालीसंरक्षण, एग्रोनोमी, वागवानी र मत्स्य समूह), इन्जिनियरिङ्ग सेवा (सर्वे समूह), शिक्षा सेवा (शिक्षा प्रशासन/निरीक्षण समूह) र विविध सेवा (कम्प्युटर अपरेटर) पदको विज्ञापन प्रकाशन गर्ने। | कार्यान्वयन भएको। |
| २ | अस्थायी दरबन्दी | आयोगको अस्थायी दरबन्दी तयार गरी स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको। | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट केही दरवन्दी कटौती गरी स्वीकृति प्रदान गरेको। |
| ३ | वार्षिक प्रतिवेदन तयारी | आयोगको दोस्रो वार्षिक प्रतिवेदन तयारगरी आयोग समक्ष मस्यौदा पेश गर्न वार्षिक प्रतिवेदन तयारी कार्यदल गठन गर्ने। | कार्यान्वयन भएको। |
| ४ | खर्च (व्यवस्थापन कार्यविधि), २०७७ संशोधन | उक्त विषयका बारे आवश्यक सहमतिको लागि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा पठाउने। | कार्यान्वयन भएको। |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| ५ | संक्रमणको अवस्थामा परीक्षा सञ्चालन | संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गर्ने। | कार्यान्वयन भएको। |
| ६ | मोडरेसन | मोडरेशन गराउने जिम्मेवारी माननीय सदस्य टीकादत्त राईज्यूलाई प्रदान गर्ने वा निज संलग्न हुन नहुने अवस्थामा माननीय सदस्य सजना दाहाललाई जिम्मेवारी प्रदान गर्ने। | कार्यान्वयन भएको। |
| ७ | दरखास्त स्वीकृत गर्ने सम्बन्धमा | सहायकस्तर चौथो र पाँचौ तहका पदहरूको दरखास्त स्वीकृत गर्ने कार्य अधिकृतस्तर छैटौं तहका कर्मचारीसमेतले गर्ने। | कार्यान्वयन भएको। |
| ८ | उमेरहद सम्बन्धमा | साविक जिल्ला कृषि कार्यालयबाट करारमा नियुक्त भई हाल स्थानीय तहमा करारमा कार्यरत एक गाउँ एक प्राविधिकहरू साविक स्थानीय निकायबाट नियुक्त भई अविछिन्न रुपमा हालको स्थानीय तहहरूमा कार्यरत रहेको मान्न नसकिएको हूँदा उल्लेखित उम्मेदवारहरूका सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८७ आकृष्ट हुने नदेखिएकोले निजहरूलाई आयोगको विज्ञापनमा उमेरहद लाग्ने। | कार्यान्वयन भएको। |
| ९ | दरखास्त स्वीकृत गर्ने | - नागरिकता र शैक्षिक प्रमाणपत्रमा जन्ममिति फरक परेको भए दुवै प्रमाणपत्रको जन्म मितिमा उमेरहद नकटेको भए त्यस्तो दरखास्त स्वीकृत गर्ने।<br>- लब्धाङ्कपत्र (Mark sheet) र विश्वविद्यालय वा CTEVT ले प्रदान गरेको जन्म मितिसहितको प्रमाणपत्र मध्ये कुनै एक प्रमाणपत्र मात्र पेश गरेको भए आवेदन स्वीकृत गर्ने। | कार्यान्वयन भएको। |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १० | अनियमितता | सहायकस्तर पाँचौ सब इन्जिनियर पदको परीक्षामा सम्मिलित शुभ नारायण चौधरी र मोहित नारायण चौधरीले परीक्षामा अनियमितता गरेको देखिएकोले निजहरूको परीक्षा रद्द गरी आगामी २ बर्षसम्म आयोगको कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने। | कार्यान्वयन भएको। |
| ११ | परीक्षामा समेल गराउने | सम्मानित अदालतले आदेश गरे बमोजिम लिखित विज्ञापन नम्बर १,७,१५,१९,२० र २१/०७८/७९ को खुला प्रतियोगिताको विभिन्न पदको परीक्षामा मनिष बडलाई समावेश गराउने। | कार्यान्वयन भएको। |
| १२ | अनियमितता गर्ने उपर कारवाही गर्ने | सहायकस्तर चौथो नायव प्राविधिक सहायक पदको परीक्षामा सम्मिलित गौतम वि.एम.ले परीक्षामा अनियमितता गरेको देखिएकोले निजको परीक्षा रद्द गरी आगामी १ बर्षसम्म आयोगको कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने। | कार्यान्वयन भएको। |
| १३ | अनियमितता गर्ने उपर कारवाही गर्ने | सहायकस्तर चौथो नायव प्राविधिक सहायक पदको परीक्षामा सम्मिलित नरेश श्रेष्ठले परीक्षामा अनियमितता गरेको देखिएकोले निजको परीक्षा रद्द गर्ने। | कार्यान्वयन भएको। |
| १४ | परीक्षा स्थगित गर्ने | विज्ञापन नं. ७, ८, ९, १५, १८, १९/०७८-०७९ सहायकस्तर पाँचौ तहका पदहरूको लिखित परीक्षा अर्को सूचना नभएसम्म पछि अदालतबाट आदेश भए बमोजिम हुने गरी हाललाई स्थगित गर्ने । | कार्यान्वयन भएको। |
| १५ | पदपूर्ति तथा तहवृद्धि बदर | धनकुटा नगरपालिकाको विज्ञापन नं. ५/२०७७/७८ मिति २०७८/०१/२० को विज्ञापन बमोजिमको पदपूर्ति तथा मिति २०७७/१२/२६ मा प्रकाशित सूचना बमोजिम भएको तह वृद्धि सम्बन्धी सम्पूर्ण कार्य बदर गर्ने। | कार्यान्वयन भएको। |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १६ | अनियमितता गर्ने उपर कारवाही गर्ने | सहायकस्तर चौथो अमिन पदको परीक्षामा सम्मिलित लाप्टुक भोटे र सहायकस्तर पाचौं पदको देवेन्द्र गोलेले परीक्षामा अनियमितता गरेको देखिएकोले निजहरूको परीक्षा रद्द गर्ने। | कार्यान्वयन भएको। |
| १७ | उमेरहद बारे | निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीलाई आयोगको परीक्षामा सहभागीहुन उमेरहद नलाग्ने। | कार्यान्वयन भएको। |
| १८ | कार्यशाला गोष्ठी आयोजना गर्ने | दोस्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठी प्रदेश नं. १ को आयोजनामा विराटनगरमा गर्ने। | कार्यान्वयन भएको। |
| १९ | पाठ्यक्रम स्वीकृत गर्ने | स्थानीय सरकारी सेवाअन्तर्गत प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर चौथो तह सहायक पदको आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने। | कार्यान्वयन भएको। |
| २० | कार्य विभाजन परिमार्जन | आयोगका पदाधिकारीहरूको कार्यबोझ तथा समयलाई मध्यनजर गरी कार्य विभाजनमा परिमार्जन गर्ने। | कार्यान्वयन भएको। |
| २१ | अनियमितता गर्ने उपर कारवाही | सहायकस्तर चौथो सहायक महिला विकास निरीक्षक पदको परीक्षामा सम्मिलित विनम चापागाईले परीक्षामा अनियमितता गरेको देखिएकोले निजको परीक्षा रद्द गरी आगामी १ बर्षसम्म आयोगको कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने। | कार्यान्वयन भएको। |
| २२ | राय माग गर्ने | दमक नगरपालिका, कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको ऐन, २०७८ बमोजिम तहवृद्धि तथा स्तर वृद्धि गरेको सम्बन्धमा प्रदेश नं. १ सरकारका मूख्य न्यायाधिवक्ताको राय माग गर्ने। | प्राप्त भएको । |

| क्र.स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| २३ | राय माग गर्ने | मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७८ बमोजिम तहवृद्धि तथा स्तर वृद्धि गरेको सम्बन्धमा प्रदेश नं. १ सरकारका मूख्य न्यायाधिवक्ताको राय माग गर्ने। | प्राप्त भएको। |
| २४ | शैक्षिक योग्यता बारे | मध्यपश्चिम विश्वविद्यालय अन्तर्गत B.E. Hydropower Engineering का आवेदकहरूलाई B.E. Civil Engineering सरह मानी दरखास्त स्वीकृत गर्ने। | कार्यान्वयन भएको। |
| २५ | शैक्षिक योग्यता बारे | कृषि विज्ञानमा स्नातक तह (बि.एस्सी. एगृ.) वाहेक कृषि विषयसँग सम्बन्धित अन्य विषयमा अध्ययन गरेका आवेदकको हकमा सम्बन्धित विश्व विद्यालयबाट कृषि विज्ञानमा स्नातक तह (बि.एस्सी. एगृ.) सरह अध्ययन गरेको समकक्षता निर्धारणको प्रमाणपत्र पेश गर्नु पर्ने। | पेश भएको। |
| २६ | राय माग गर्ने | शिवसताक्षी नगरपालिका, स्थानीय तह कर्मचारी व्यवस्थापन ऐन, २०७८ बमोजिम तहवृद्धि तथा स्तर वृद्धि गरेको सम्बन्धमा प्रदेश नं. १ सरकारका मुख्य न्यायाधिवक्ताको राय माग गर्ने। | प्राप्त भएको। |
| २७ | शैक्षिक योग्यता बारे | मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, गणित वा तथ्याङ्क शास्त्र वा जन प्रशासन मध्ये कुनै एक मूल विषय लिई जुन सुकै संकायबाट स्नातक तह उत्तीर्ण गरेको भए पनि त्यसलाई प्रशासन सेवा, लेखा समूहको पदको लागि न्युनतम शैक्षिक योग्यता प्राप्त गरेको मानी दरखास्त स्वीकृत गर्ने। | कार्यान्वयन भएको। |
| २८ | शैक्षिक योग्यता बारे | त्रिभुवन विश्वविद्यालय अन्तर्गत वागवानी विज्ञान (BSc. Horticulture) अध्ययन गरेका आवेदकहरूलाई कृषि विज्ञान विषयमा स्नातक सरह मानीने। | कार्यान्वयन भएको। |
| २९ | शैक्षिक योग्यता बारे | पोखरा विश्व विद्यालयबाट Civil and Rural Engineering उत्तीर्ण र Shahjalal University of Science and Technology, Bangladesh बाट Bachelor of Science in Civil and Environmental Engineering उत्तीर्ण गरेकालाई Civil Engineering विषयमा बी.ई. वा सो सरह मानिने। | कार्यान्वयन भएको। |

| क्र. स. | निर्णयको विषय | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| ३० | शैक्षिक योग्यता बारे | खण्ड ७० संख्या ४५ भाग ३ मिति २०७७ साल फागुन २४ को नेपाल राजपत्रमा प्रकाशित कृषि सेवा, मत्स्य समूह, रा.प. तृतीय श्रेणीको पदका लागि न्यूनतम शैक्षिक योग्यता "मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी फिसरिज वा मत्स्य पालन बिषय लिई स्नातक तह बि.एस्सी.एगृ/बि.भि.एस्सी./बि.एस्सी. (पशुविज्ञान/बि.भि.एस्सी.एण्ड ए.एच.) उत्तीर्ण" भनी उल्लेख भएकोले आयोगबाट आगामी दिनमा माथि उल्लेखित पदको दरखास्त आह्वान गर्दा खण्ड ७० संख्या ४५ भाग ३ मिति २०७७ साल फागुन २४ को नेपाल राजपत्रमा प्रकाशित शैक्षिक योग्यतालाई आधार मान्ने। | कार्यान्वयन भएको। |
| ३१ | कारवाही | लोक सेवा आयोग तथा अन्य प्रदेश लोक सेवा आयोगहरूको परीक्षामा उम्मेदवारले अनियमितिता गरेको पाइएमा निजलाई कारवाही गरी सो को जानकारी आधिकारीक रुपमा प्राप्त भएमा त्यस्ता परीक्षार्थीहरूलाई सम्बन्धित आयोगको जानकारी पत्रमा उल्लेख भए बमोजिमको कार्यवाही गर्ने। | गर्ने गरिएको। |
| ३२ | आयोगको प्रतीक चिन्ह | विज्ञ श्री विक्रम तिम्सिना (श्री विक्रम श्री) मार्फत प्रतीक चिन्ह (Logo) निर्माण गरी सिफारिससहित मिति २०७९/०३/०६ गते पेश गरेको व्याख्यात्मक टिप्पणीसहितको आयोगको प्रतीक चिन्ह (Logo) स्वीकृत गर्ने। | कार्यान्वयन भएको। |
| ३३ | OMR मेशिनबाट परीक्षण | विज्ञापन नं. २५-२९,३२-३६/२०७८-७९परीक्षाको उत्तरपुस्तिका लोक सेवा आयोग, कमलपोखरी काठमाडौमा लगि परीक्षण गराई नतिजा तयार गर्ने कार्यका लागि आयोगका माननीय सदस्य सजना दाहालज्यूको नेतृत्वमा अधिकृत सातौं श्री दीपक दाहाल र अधिकृत छैटौं तीर्थराज पोखरेलसमेतको कर्मचारीको टोली पठाउने। | कार्यान्वयन भएको। |

परिच्छेद -१२

# ध्यानाकर्षण र सुझाव

## १२.१ ध्यानाकर्षण भएका विषयहरू

### (क) वढुवाद्वारा पदपूर्ति गर्ने सम्बन्धमाः

यस प्रतिवेदन अवधिभरमा स्थानीय तहको पदपूर्तिका लागि जम्मा ७४५ पदका लागि प्रतिशत निर्धारण गर्दा खुला, समावेशी तथा आन्तरिक प्रतियोगिताद्वारा जम्मा ५७९ को पदपूर्ति भइसकेको वा हुँदै गरेको भएतापनि वढुवा गरी (कार्यक्षमता मूल्याङ्कन तथा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा) पदपूर्ति गर्न छुट्याएको जम्मा १६६ पदहरूमा वढुवाद्वारा पदपूर्ति गर्ने सम्वन्धमा स्थानीय सरकारी सेवा ऐनको अभावमा यो काम सम्पादन गर्न सकिएको छैन। यो संख्या २०७६ सालमा सङ्घीय लोक सेवा आयोगले विज्ञापन गर्दाको बखतमा छुट्याएको संख्यासमेत हो। यसरी प्रतियोगिताद्वारा तथा बढुवाद्वारा एकैपटक पदपूर्ति गर्नु पर्नेमा सेवा, समूह सञ्चालन सम्बन्धी कानूनको अभावमा वढुवातर्फको कार्य अघि बढ्न सकेको छैन। फलस्वरुप प्रतिस्पर्धाबाट नियुक्ति पाएकाले तीन बर्षसम्मको ग्रेड तथा अन्य सुविधा प्राप्त गरिरहेका छन् भने सोही बखत वढुवा हुनुपर्ने कर्मचारीहरू हालसम्म पनि पुरानै स्थानमा रही काम गर्नु पर्दा चरम निराशामा छन । यस्तो जनशक्तिबाट जन सरोकारको सार्वजनिक सेवा प्रवाह गर्ने अग्रपङ्क्तिमा रहेका जिम्मेवार निकायहरू (Frontline Agencies) बाट कसरी जनमुखी सेवा प्रवाह गर्न गराउन सकिरहेको होला ? यो विषय सोचनीय रहेको छ।

उपरोक्त बमोजिमको समस्या समाधान गर्ने दुइवटा उपायमा पहिलो, प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐन जारी गर्नु र दोस्रो, विद्यमान प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा संशोधन गर्नु रहेको छ। प्रथम विकल्पमा कार्य हुन नसक्ने अवस्थामा पनि उल्लेखित समस्या समाधान गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ संशोधनका लागि आयोगबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्ताव पठाइसकेको अवस्था छ। उपरोक्त दुइवटै उपायतर्फ प्रदेश सरकारबाट यस प्रतिवेदन अवधिसम्ममा ठोस कार्य भएको पाइएन। यस बिषयका सम्बन्धमा आयोगको ध्यानाकर्षण भएको छ।

### (ख) रिक्त पदपूर्तिका लागि माग गर्ने सम्बन्धमाः

आयोगबाट मिति २०७७/०५/२५ को बैठकको निर्णय तथा त्यसपछिका पटक पटकका अनुरोधअनुसार प्रदेश लोक सेवा आयोग ऐन २०७६ तथा प्रदेश लोक सेवा आयोग

नियमावली २०७७ बमोजिम प्रदेश निजामती सेवातर्फ रिक्त रहेका दरबन्दीमा पदपूर्तिका लागि माग फारम भरी पठाउन अनुरोध गरिएको छ। यस प्रतिवेदन अवधिको अन्त्यसम्म आइपुग्दा समायोजन भई आएका दरबन्दीमा करिब ६० प्रतिशत रिक्त भइसकेको अवस्था भएतापनि हालसम्म पदपूर्तिका लागि प्रदेश सरकारबाट माग प्राप्त भएको छैन। यसरी जनतालाई सेवा प्रवाह गर्ने स्थानमा कर्मचारीको चरम अभाव हुँदासमेत प्रदेश सरकार अलमलमा रहेको देखिन्छ। सङ्घीयताको मर्मअनुसार जनताको घरदैलोमा सेवा पुर्‍याउनु पर्नेमा सरकारको उपस्थिति जनाउने कर्मचारी नहुँदा कसरी सुशासन कायम हुन्छ? यसतर्फ आयोगको ध्यानाकर्षण भएको छ।

**(ग) स्वास्थ्य सेवातर्फको पदपूर्ति सम्बन्धमाः**

प्रदेश न. १ को प्रदेश लोक सेवा आयोग ऐन २०७६ जारी हुँदा प्रदेश तथा स्थानीय तहका स्वास्थ्य सेवातर्फका कर्मचारीको पदपूर्ति सम्बन्धमा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा आयोगलाई स्पष्ट जिम्मेवारी नतोकिएकोले उक्त सेवा, समूहका कर्मचारीहरू पदपूर्तिको लागि आवश्यक पर्ने पाठ्यक्रम निर्माणदेखिका प्रारम्भिक कार्यहरूसमेत शुरु हुन सकेका छैनन। स्वास्थ्य सेवातर्फ प्रदेश सरकार मातहत पनि उल्लेख्य संख्यामा दरबन्दी रिक्त रहेको छ भने स्थानीय तहबाट जम्मा २८५ पद संख्याको पदपूर्तिका लागि माग भई आएको छ। तर उपरोक्त बमोजिमको कानूनी समस्या समाधान गरिदिन आयोगले मिति २०७७/०६/२९ मा पहिलो पटक र त्यसपछि पनि पटक पटक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गरिएको भएतापनि यस प्रतिवेदन अवधिसम्ममा समस्या समाधान भएको छैन। यसरी स्थानीय तहबाट माग भई आएको स्वास्थ्य जस्तो संवेदनशील रुपमा सेवा पुर्‍याउनु पर्ने रिक्त पदमासमेत प्रदेश सरकारको वेवास्ताका कारण पदपूर्ति हुन नसकेकोप्रति आयोगको ध्यानाकर्षण भएको छ।

**(घ) गैरकानूनी पदपूर्ति एवं तह तथा स्तरवृद्धि बारेः**

प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन जारी नभएका कारण खुला तथा समावेशी एवं आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति हुँदै गरेको भएतापनि बढुवा गर्न भएको कानूनी जटिलताले स्थानीय तहहरूमा वेथिति मौलाउँदै गएको छ। विद्यमान कानूनी प्रावधानहरू विशेषतः सङ्घीय संसदले जारी गरेको कर्मचारी समायोजन ऐन, २०७५ र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम स्थानीय तहहरूले कर्मचारी प्रशासन सम्बन्धी ऐन जारी गर्नु पूर्व अनिवार्य रूपमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। तर स्थानीय सरकारी सेवा ऐन आउन नसकेको विद्यमान परिस्थितिको फाइदा उठाई यस प्रदेशका केही स्थानीय तहहरूले आफुखुसी आयोगको परामर्श विना कर्मचारीको सेवाशर्त सम्बन्धी कानून जारी गरी सोही बमोजिम नियुक्ति, तहवृद्धि तथा

स्तरवृद्धि एवं सेवा सुविधासमेत थप गरिरहेको अवस्था छ। आयोगको मूल मर्म "योग्यता, निष्पक्षता तथा स्वच्छता"लाई आत्मसात नगरी भइरहेको यस्ता कृयाकलापले स्थानीय तहमा असक्षम जनशक्तिको प्रवेश तथा पदोन्नति हुने, जनताबाट उठेको राजश्व जथाभावी सेवा सुविधामा खर्च हुने र कानूनी राज्यको उपहास हुने स्थिति सिर्जना भएको छ। यस्ता कृयाकलाप बेलैमा नियन्त्रण नगरिए आगामी दिनमा आर्थिक दायित्व निर्वाह गर्न तथा कर्मचारी प्रशासनलाई व्यवस्थित गर्न धेरै गाह्रो हुने देखिन्छ।

यसै परिप्रेक्षमा यस आयोगले प्रदेश अन्तरगतका १३७ वटै स्थानीय तहबाट पत्रमार्फत एवं केही स्थानीय तहहरूको अनुगमनसमेत गरी जानकारी लिइँदै गरेको अवस्था छ। यसरी प्राप्त तथ्यलाई आधार मानी आयोगले कानूनी प्रकृया पुर्‍याई गैह्रकानूनी रूपमा भएका नियुक्ति, तहवृद्धि, स्तरवृद्धि तथा सुविधा वृद्धि जस्ता कार्य बदर गर्दै आएको छ । तथापी त्यस्ता निर्णयको कार्यान्वयन प्रभावकारी रूपमा नभइरहेको स्थितिसमेत छ।

प्रदेश तथा स्थानीय तहको कर्मचारी प्रशासन सञ्चालन तथा व्यवस्थापनको मूल जिम्मेवारी प्रदेश सरकारमा हुनेमा विद्यमान कानूनी व्यवस्था प्रष्ट छ । तथापी आयोगले उपरोक्त बमोजिम लिएका निर्णयहरू कार्यान्वयनका लागि निर्णयै पिच्छे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्दा पनि सो बारे प्रदेश सरकारले लिनुपर्ने सकृयता लिएको अनुभूति आयोगलाई हुन सकेको छैन । स्थानीय तहको कर्मचारी संरचना एकपल्ट बिग्रिएपछि त्यसलाई सुधार गर्न २५/३० वर्ष लाग्न सक्छ । यसको अर्थ हाम्रो आजको कार्यले पछिल्लो पुस्ता पनि नकारात्मक रूपले प्रभावित हुने स्थितिप्रति आयोगको ध्यानाकर्षण भएको छ।

**(ङ) आयोगका पदाधिकारीको सेवा शर्त सम्बन्धमाः**

प्रदेश सभाले जारी गरेको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५ को उपदफा (२) मा अध्यक्ष र सदस्यहरूको सेवाको शर्त तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था भएकोमा आयोग गठन भई तेश्रो वार्षिक प्रतिवेदन तयारी हुँदै गरेको अवस्थासम्म आईपुग्दा सेवाका शर्तहरू तोकिएको अवस्था छैन। सङ्घीय सरकारका संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ ले तोकिदिएको अवस्था छ। लोक सेवा आयोग (सङ्घीय)का पदाधिकारीहरू सोही ऐन बमोजिम सेवा, सुविधा उपभोग गरिरहेको अवस्था छ। प्रदेशको हकमा प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूलेसमेत प्रदेश कानून बमोजिम त्यस्तो सेवाको शर्त र सुविधा निर्धारण भई सो बमोजिम हुनु न्यायसंगत देखिन्छ। यस विषयका सम्बन्धमा आयोग स्थापना भएको वि.सं. २०७६ सालदेखि नै पटक पटक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गरिएको भएपनि हालसम्म पारिश्रमिक र केही सुविधा

वाहेक आयोगका पदाधिकारीहरूको सेवाका शर्तहरू सम्बन्धी कानून निर्माण नभएकोप्रति आयोगको ध्यानाकर्षण भएको छ।

**(च) प्रदेश निजामती तथा स्थानीय सरकारी सेवा ऐन निर्माण सम्वन्धमाः**

कर्मचारी समायोजन ऐन,२०७५ वमोजिम यस प्रदेशको लागि निर्धारण गरिएको सवै सेवा समुह र उपसमूहहरूको दरवन्दीहरूमा कर्मचारी समायोजनको कार्यवाही २०७६ सालमा नै सम्पन्न भई यस प्रदेशमा समायोजित सवै सेवा समूह तथा उपसमूहका कर्मचारीहरू समायोजित पदमा रही सरकारबाट प्राप्त प्रशासकीय जिम्मेवारीहरू ईमान्दारिताका साथ सम्पादन गर्न आरम्भ गरेको धेरै भई सकेको छ। नेपालको संविधान वमोजिम तीनै तहका सरकारको अलग अलग प्रशासनिक संरचना तथा सो बमोजिम कर्मचारी रहने व्यवस्थाअनुसार प्रदेश सरकार सञ्चालनका लागि प्रदेश सरकार गठन हुँनासाथ नै प्रदेश निजामती सेवा ऐन जारी हुनु पर्ने थियो। तर सरकार गठन भई कार्य सञ्चालनमा आएको ४ वर्ष व्यतित हुँदासमेत प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐनका अभावमा प्रदेश तथा स्थानीय तहको निजामती प्रशासन अपेक्षा अनुरुप सञ्चालन हुन नसकिरहेको अवस्था छ। जसका कारण नियमित रुपमा हुनु पर्ने वृत्ति विकासका अवसरहरू अवरुद्ध भएकोले कर्मचारीहरूमा नैराश्यता सिर्जना भएको, स्थानीय तहमा वेथिति बढेको लगायतका कारण सुशासनमा गम्भीर प्रश्न खडा भएको छ। यो विषयमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

## १२.२ सुझावहरूः

